# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सन् १९३६ मा विश्वमा परिवार नियोजनको अवधारणाको विकास भएको थियो । सुरुवातको अवस्थामा यसलाई यौन स्वास्थ्य तथा सरसफाइको रूपमा लिने गरिन्थ्यो र भर्खर मात्रै सुरुवात भएको अवस्थाले गर्दा त्यति भरपर्दो भने थिएन । त्यसका निकै कमीकमजोरीहरू भेटिएका थिए । १९४० मा यसलाई परिवार नियोजनका साधन भनेर नाम दिइएको थियो । विसौं शताब्दीको सुरुवातमा क्यानडा, इन्डिया, यु.एस.ए, स्वीडेन तथा धेरै देशहरूले परम्परागत रूपमा चलिआएको अवस्थालाई रोकेर शारीरिक र मानसिक रूपमा सक्षम हुनको लागि नयाँ नीति अथवा कानुन बनाएको थियो । पश्चिमी यूरोपको इतिहास हेर्दा प्रजनन स्वास्थ्य सम्बन्धी देखिएका विभिन्न समस्याहरू खोजि गरिएको भेटिन्छ । पश्चिमी मुलुकहरूमा रहेको अन्धविश्वास बढ्दै गएको कारण त्यहाँको जनसंख्या विसौं शताब्दी सम्म आइपुग्दा निकै वृद्धि भएको पाइन्छ । अन्धविश्वासका कारण बढ्दै गइरहेको जनसंख्या घटाउन विभिन्न आधुनिक साधनहरूको खोजी गरिएता पनि ती साधनहरू वैज्ञानिक रूपमा विश्वसनीयता प्राप्त गर्न नसक्दा र पुनः रूपमा अन्धविश्वास नहटेकोले गर्दा उक्त साधनको प्रयोगमा निर्णय लिन समस्या र ढिलाई भयो र यही ढिलाइको कारण वृद्धि भएको जनसंख्याले अव आउने समयमा समस्याहरू उत्पन्न गर्न सक्दछ । भारतीय मुलुकमा पनि सरकारी स्तरबाटै एक बच्चा अभियानको सुरुवात गरियो । जुन सम्पूर्णमा सर्वमान्य नभएता पनि यस नीतिले सरकारी स्वीकृति प्राप्त गर्‍यो जुन नीति पश्चिमी मुलुकको परिवार नियोजनको नीतिसँग मेल खाने देखिन्छ (पोट्स एण्ड, क्याम्प्वेल, २००९) ।

अहिलेको वैज्ञानिक युगमा आएर विज्ञानले मानव जीवन शैली जटिल बाट सरल बनाउनको लागि विभिन्न साधनको निर्माण गरेको छ । जसमध्ये परिवार नियोजनका साधन पनि एक हो । नेपालमा नेपाल परिवार नियोजन सङ्घको स्थापना वि.सं. २०१६ सालमा भएको हो । करिब १० वर्ष पश्चात अर्थात वि.सं. २०२६ मा आएर यसले अन्तर्राष्ट्रिय परिवार नियोजन सङ्घको पूर्ण सदस्यता प्राप्त गर्‍यो । यस सङ्घको मुख्य उद्देश्य सुखी परिवार बनाउनु हो ।

नेपाल परिवार नियोजन सङ्घका कार्यहरू प्रत्येक दम्पत्तिलाई सन्तानको सङ्ख्या योजना गर्न मद्दत गर्ने, सन्तान नभएका दम्पत्तिलाई सन्तानोत्पादनका लागि आवश्यक परामर्श र सेवा दिने ठाउँ ठाउँमा घुम्ती टोली पठाई परिवार नियोजन कार्यक्रम सफल बनाउन जनसहभागिता जुटाउने, सुरक्षित गर्भपतनको व्यवस्था मिलाउने हो । परिवारमा लोग्ने स्वास्नी बीच के कति बालबच्चा जन्माउने, कहिले बच्चा जन्माउने, बच्चा जन्माउने की नजन्माउने, सहवास मा एक अर्कामा समझदारी कसरी हुने जस्ता अधिकारहरू प्रजनन् अधिकार अन्तर्गत पर्दछन् ।

यसरी हेर्दा प्रजनन् अधिकार र महिलाका बीच सम्बन्ध छ । प्रजनन् प्रक्रियामा महिलाको भूमिका पुरुषको भन्दा बढी हुन्छ । यसैले लैङ्गिक व्यापक दृष्टिकोणबाट व्याख्या गर्दा महिलासँग जोडिएर आएका विभिन्न सवालहरूमा केन्द्रित भएर त्यससँग सम्बन्धित अधिकारलाई सुनिश्चित गर्ने अभ्यास तर्फ केन्द्रित हुनु आवश्यक छ । कुनै बच्चालाई धारण गर्नु, पेटमा राख्नु त्यसका असरहरू बहन गर्नु जस्ता अवस्था महिलासँग मात्र जोडिएकाले यसलाई महिला केन्द्रित बनाएर व्याख्या गर्नुपर्दछ भन्ने मान्यताहरू पनि विकास भएका छन् । यसैगरी असुरक्षित यौन सम्पर्कबाट पर्ने असरले महिलाको जीवनमा गम्भीर असर गर्ने भएका कारण पनि प्रजनन अधिकार महिलाले प्राप्त गर्नुपर्दछ भन्ने मतहरू लैङ्गिक सवालहरूमा उठीरहेका विषयहरू हुन् । यस सम्बन्धी अर्को तर्क पनि छ कि एउटा परिवारमा रहने लोग्ने स्वास्नी बीचको सम्बन्ध र गम्भीरतालाई हेर्दा बालबच्चाको जन्म जन्मान्तर तथा सहबास प्रक्रियामा पुरुषहरूको अधिकार पनि यतिकै महत्वपूर्ण रहन्छ । त्यसैले लैङ्गिक आधारमा हेर्दा प्रजनन अधिकारलाई लोग्ने स्वास्नीका बीच समझदारीमा प्रयोग गर्ने उपयुक्त देखिन्छ (आचार्य बलराम) ।

हाम्रो समाजमा महिला र पुरुषबीचको स्थितिलाई हेर्दा झन्डै ५१ प्रतिशत नेपालको जनसङ्ख्या ओगटेका महिलाहरूको आर्थिक, शैक्षिक सामाजिक स्थिति निकै कहाली लाग्दो छ । महिलाहरूलाई घरायसी कार्यमा सीमित गरिएको छ । सार्वजनिक तहका उचित अवसरहरू महिलाहरूले उचित ढङ्गले उपभोग गर्न पाएका छैनन् । केही समय पहिलासम्म देउकी, झुमा, कुमारी, छाउपडी, वादी जस्ता सामाजिक संस्कार एवम् बाधयताले महिलाहरूको स्थितिलाई कष्टमय बनाएको थियो । महिलाको यौनिकता र गतिशीलतामा पुरुषको नियन्त्रण छ । विदेश अध्ययन गर्न एवम् जागिरको सिलशिलामा जान अभिभावकको

मन्जुरी चाहिन्छ । महिलाको कुनै मूल्याङ्कन गरिएको छैन । परिवारको सामाजिकीकरण प्रक्रिया पनि असमान छ र यो पुरुष केन्द्रित रहेको पाइन्छ । प्रजनन प्रक्रियामा महिलामा पुरुषको नियन्त्रण विद्यमान छ । आफ्नो शरीरको नियन्त्रण गर्ने अधिकार स्वयम् महिलालाई छैन (अर्याल, २०६९) ।

नेपालको जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २६६२०२०९ मध्ये पुरुषको सङ्ख्या १,३६,९३,३७८ रहेको छ । कुल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४८.५३ प्रतिशत र महिलाको सङ्ख्या ५१.४४ प्रतिशत रहेको छ । वि.सं. २०४८ मा नेपालको जनसङ्ख्या वृद्धि २.१ प्रतिशत ले भएको देखिन्छ भने २०५८ सालमा २.२४ प्रतिशत र हाल आएर वि.सं. २०६८ मा आइपुग्दा सो वृद्धिदर घटेर १.९ प्रतिशत रहेको नेपालको कुल प्रजनन् दरलाई मध्यनजर राख्दा वि.सं. २०४८ मा ५.८ प्रतिशत महिला रहेको र २०५८ मा ४.१ महिला रहेको देखिन्छ (नेपाल जनगणना, २०६८) ।

आर्थिक वर्ष २०७१/०७२ सम्म विपन्न महिला समूहको आकार ५२ लाख रहेकोमा हालसम्म सञ्चालित महिला विकास कार्यक्रममा सहभागी उक्त महिलाको सङ्ख्या करिब १० लाखको हाराहारीमा रहेको छ । विपन्न महिलाको जनसङ्ख्याको आधारमा यो सङ्ख्या झण्डै १९ प्रतिशत रहेको छ । व्यवसायिक समूह विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७१/०७२ मा जम्मा २१ हजार ५ सय ९ जना महिलाहरू स्थानीय स्तरमा आफ्नै व्यवसाय थाल्न सक्ने गरी लाभान्वित भएका छन् (आर्थिक सर्वेक्षण- २०७१/०७२) ।

महिलाहरू पितृसत्ताका कारण हरेक क्षेत्रमा शक्ति विहिन हुन्छन् (भासिन, १९९३) । नेपालमा लैङ्गिक समानताको नारा व्यापक रूपमा लगाइने गरे तापनि समाजका विभिन्न पक्षमा महिला सहभागिताको अवस्था न्यून पाईन्छ । घर गृहस्थी देखि सामाजिक, आर्थिक र सन्तानउत्पादन सम्बन्धी हरेक कुराको निर्णयमा निर्णायक भूमिका पुरुषको नै रहेको हुन्छ । त्यसैले पो.ले.म.न.पा. १५ का महिलाहरूको प्रजनन् अधिकार तथा महिलासँग जोडिएर आएका परिवार नियोजनका साधन सम्बन्धी निर्णयात्मक अधिकारको प्रभाव बुझ्न अध्ययन तथा अनुसन्धान गरी महिला विकास र महिला सहभागिताका बारेमा विश्लेषण गर्न यो अध्ययन अगाडी बढाइएको छ ।

## १.२ समस्याको कथन

महिलाको विषयवस्तुका सम्बन्धमा धेरै विदेशी तथा नेपाली समाजशास्त्री, व्याख्याता, सिद्धान्तकार र विचारकहरूले धेरै अध्ययन अनुसन्धान कार्य गरेको पाइएको छ । त्यसका केवल महिलालाई शारीरिकरुपमा कमजोर तथा अशक्त, पुरुष सरह कामगर्न नसक्ने भनेर अवधारणा बनाइएको भएता पनि यो सृष्टिको महत्वपूर्ण पाटो प्रजनन् सम्बन्धी परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको भूमिकामा असर पार्ने तत्वहरू, समस्या र चुनौतीको विषयमा त्यति अध्ययन अनुसन्धान नभएको अवस्था रहेको छ । महिला सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सरकारी र गैर सरकारी स्तरबाटनै ल्याइए तापनि ती कार्यक्रमहरू त्यति प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ । राजनीतिक रुपमा महिलालाई ३३ प्रतिशत सहभागी शिक्षा क्षेत्रमा महिलाको पहुँच बढाउने उद्धेश्यले विशेष किसिमका कार्यक्रमहरू संञ्चालनमा ल्याएको पाइन्छ । तापनि परिवार नियोजनका साधन प्रयोगमा महिलाहरूको भूमिकामा असर पार्ने तत्वहरू के कस्ता रहेकाछन् भन्ने कुराहरू नै अध्ययनको समस्याको कथन रहेको छ । व्यापकतामा महिलाको निर्णय भूमिका कस्तो छ त त्यसको जानकारी प्राप्त गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । उक्त विषयको वास्तविकता पत्ता लगाउने र उनीहरूको जिवनस्तर वृद्धि गर्न टेवा पुऱ्याउने उद्देश्यले समाजका परिवार नियोजनका साधनका प्रयोग, समस्या चुनौतीहरूको अध्ययन गर्दै निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) परिवार नियोजनको साधनको प्रयोगमा महिलाहरूको भूमिकामा असर पार्ने तत्वहरू के के हुन् ?

२) उक्त साधनको प्रयोगमा समस्या र चुनौतीहरू के कस्ता छन् ?

## १.३ अध्ययनको उद्देश्य

देशको कुल जनसङ्ख्याको आधा भन्दा बढी जनसङ्ख्या रहेको महिला जसको प्रजनन प्रक्रियामा पुरुषको भन्दा बढी भूमिका रहेको अवस्थामा र अनुसन्धान कार्यमा उद्देश्य नसमेटिएका निचोडमा पुग्न सकिँदैन । तसर्थ उद्देश्य निर्धारण गर्दा सजिलो किसिमले तथ्य पत्ता लगाउन सकिने हुनुपर्दछ भन्ने मान्यतालाई ध्यानमा राखेर अध्ययनलाई सरल बनाउने

तरिकाले यस अध्ययनमा निम्न उद्देश्यहरू राखिएको छ र यस अध्ययनले निम्न अनुसारका उद्देश्यमा केन्द्रित रही अध्ययन गरेको छ ।

१) परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको भूमिकामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउने ।

२) महिलालाई परिवार नियोजनका साधन प्रयोगका समस्या र चुनौती पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

सन् १९९४ को अन्तर्राष्ट्रिय सम्मेलनले विकसित र विकासोन्मुख देशको वृद्धि र विकासको लागि महिला शसक्तिकरण गर्नुपर्दछ र महिला सशक्तिकरणको लागि महिला स्वास्थ्य, शिक्षा महिला प्रजनन स्वास्थ्य र परिवार नियोजनको सेवा प्रधान गर्नुपर्दछ र महिलाको उक्त कार्यमा निर्णयात्मक भूमिका हुनुपर्दछ भनेको अवस्थामा महिलाहरूको परिवार नियोजनका साधन प्रयोगमा निर्णयात्मक भूमिका कस्तो रहेको छ भनेर पत्ता लगाई त्यसमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउन सकिन्छ ।

कुनै पनि समाजको विकासको लागि त्यस क्षेत्रमा रहेको जनसंख्याले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जनसंख्या उक्त स्थानको प्राकृतिक स्रोतसँग मेल खाने नभएमा उक्त स्थानको विकासा हुन सक्दैन । जसको लागि महिलालाई परिवार नियोजनका साधनको प्रयोगको बारेमा जानकारी आवश्यक पर्दछ । जानकारी हुँदाहुँदै पनि कतिपय महिलाहरूले उक्त साधन प्रयोग गर्न निर्णय लिन सकिरहेका हुँदैनन् । समाजमा रहेका विभिन्न तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् । उक्त निर्णयात्मक भूमिका कस्तो रहेको छ र निर्णय लिन के कस्ता तत्वले प्रभाव पारेका छन् भनेर पत्ता लगाई महिलाहरूको निर्णयात्मक भूमिका विकास गराउन सहयोग पुऱ्याउनु यस अध्ययनको महत्व रहेको छ ।

## १.५ अध्ययनको सीमा

हरेक अध्ययनको आफ्नै सीमाहरू रहेका हुन्छन् । यो अध्ययन शैक्षिक उद्देश्यले गरिएको एक वैयक्ति गहन अन्तरवार्ता हुनाले र सिमित स्रोत र साधनको प्रयोग गरी अध्ययन कार्य सम्पन्न गर्नुपर्ने भएकोले आम महिलाहरूको परिवार नियोजनका साधनको प्रयोगमा भूमिकाको बारेमा धारणालाई समेट्न नसकेको हुँदा पो.ले.म.न.पा. वडा नं. १५ का

विवाहित उमेर १५-४९ वर्ष सम्मका २५ जना महिलाहरूको धारणालाई मात्र समेटिएको छ । स्नोवल छनौट पद्धतिबाट छनौट गरिएका २५ जना महिलाहरू नै यो अध्ययनका उत्तरदाता रहेका छन् । यो अध्ययन परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको भूमिकामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउनु र उक्त साधन प्रयोगको समस्या र चुनौती पत्ता लगाउने सिमित विषयवस्तुमा मात्र केन्द्रित भएर गरिएको छ । यो अध्ययनको क्रममा उत्तरदाताहरूले उत्तर दिँदा असहज महसुस गरेर पूर्णरूपमा आफुले भोगेका र अनुभव गरेका कुरा व्यक्त नगरेका पनि हुन सक्छन् ।

सानो क्षेत्रलाई समेटेर निश्चित समयमा गरिएको यस अध्ययनबाट निकालिएको निष्कर्षले हाम्रो भौगोलिक, सांस्कृतिक, धार्मिक विविधता रहेको देशका अन्य भागमा रहेका महिलाहरूको प्रतिनिधित्व नगर्न पनि सक्छ ।

## १.६ अध्ययनको संगठन

महिलाको परिवार नियोजनको साधनको प्रयोगमा प्रभाव पार्ने तत्वहरूको अध्ययनमा केन्द्रित यो शोधपत्रलाई सात अध्यायमा संगठित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, उद्देश्य, महत्व, र सिमा समावेश गरिएको छ । दोस्रो अध्याय साहित्य समिक्षा अध्ययनमा अवधारणागत पुनरावलोकन, सैद्धान्तिक दृष्टिकोणको समिक्षा, पूर्व अध्ययनको समिक्षा तथा अवधारणात्मक खाकालाई समावेश गरिएको छ । अध्याय तिनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा, समग्रता र नमूना छनोट, तथ्यांकको प्रकृति र स्रोतहरू, तथ्यांक संकलन विधि, तथ्यांकको प्रस्तुतीकरण र विश्लेषणलाई समावेश गरिएको छ ।

अध्याय चार अन्तर्गत अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक, आर्थिक विशेषता र वैयक्तिक अध्ययन सामान्य परिचय तथा वैयक्तिक अध्ययनललाई समावेश गराइएको छ । अध्याय पाँच अन्तर्गत परिवार नियोजनका साधनका प्रयोगमा महिलाको भूमिकामा प्रभाव पार्ने तत्वहरूलाई समावेश गरिएको छ । अध्याय छ अन्तर्गत परिवार नियोजनका साधनको प्रयोगमा समस्या र चुनौतीहरूलाई समावेश गरिएको छ र अध्याय सातमा सारांश, निष्कर्श, प्राप्ति र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको अध्ययन

कुनै पनि विषयमा शोधकार्य गर्दा सम्बन्धित विषयवस्तुसँग मिल्दाजुल्दा विषयवस्तुहरूको अध्ययन गरी उक्त विषयवस्तुको बढी भन्दा बढी जानकारी लिने उद्देश्यले ज्ञान प्राप्त गर्नुपर्ने हुन्छ । पूर्व सन्दर्भ साहित्यको पुनरावलोकन तथा अध्ययन कार्यले सैद्धान्तिम ज्ञान तथा मार्गनिर्देशन प्राप्त हुने हुनाले साहित्य पुनरावलोकन तथा सन्दर्भ साहित्यको अध्ययन जरुरी छ ।

### २.१ अवधारणागत पुनरावलोकन

अहिले विश्वमा भइरहेको आधुनिकीकरणको कारण विकसित देशका महिलाहरूको निर्णयात्मक भूमिकामा धेरै भिन्नता आएको छ । साथै आधुनिकरणको कारणले परम्परागत धारणालाई हटाएर परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको निर्णयात्मक क्षमतालाई मजबुत बनाउन सहयोग पुर्‍याएको छ । जसले गर्दा बच्चा कति र कहिले जन्माउने भन्ने आधुनिक धारणालाई अगाडि ल्याएको छ । परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको निर्णयात्मक भूमिकामा वृद्धि भएपछि परिवार नियोजनका साधन प्रयोग गरेर प्राकृतिक तरिकाबाट हुने सन्तान उत्पादन दर घटेर निकै तल पुगेको छ । जसले गर्दा धेरै जसो जोडीहरूको सल्लाहमा बच्चा थोरै जन्माउनका लागि परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्ने निर्णय गर्ने गर्दछन् । आधुनिक सोचको कारण परम्परागत सोच हराउँदै गएर परिवार नियोजनका साधनको प्रयोग दरमा वृद्धि भई प्रजनन् दर घटिरहेको छ । जसले गर्दा प्राकृतिक स्रोतको प्रयोग आवश्यकताभन्दा बढी भइरहेको अवस्थालाई सन्तुलनमा ल्याउन मद्दत पुगेको छ (वेकम्यान, १९७८) ।

भारतीय जनसंख्यासँग सम्बन्धित गरिएको अध्ययन अनुसार भारतको अहिलेको प्रजनन् दर अत्यधिक रहेको देखिन्छ । बाल विवाह र परिवार नियोजनका साधनको कम मात्रामा प्रयोगले गर्दा जनसंख्या द्रुतगतिमा बढेको पाइन्छ । परिवार नियोजनका साधन प्रयोग गर्ने कि नगर्ने, भन्ने सोचको आधार भनेको महिलामा उक्त साधनको बारेमा ज्ञान र चेतनामा

भरपर्ने कुरा हो । सन् १९७० मा भएको राजनैतिक र आर्थिक परिवर्तनले महिलाहरूको स्वास्थ्य र शिक्षामा ठूलो परिवर्तन आयो र १९९४ मा सरकारले हरेक स्वास्थ्य संस्थाको माध्यमबाट निःशुल्क प.नियोजनका साधन उपलब्ध हुने व्यवस्था गऱ्यो । ९८% महिलाहरूलाई महिलाले प्रयोग गर्ने अथवा कुनै पनि एक परिवार नियोजनका साधनको बारेमा ज्ञान भएको छ भने भर्खर विवाहित नयाँ जोडीलाई भने केही कम मात्रामा मात्र ज्ञान भएको पाइयो । प.नि. साधनको प्रयोगमा महिलाको साक्षरता दर, शैक्षिक स्थिति, आम्दानी, पेशा व्यवसाय उमर, परिवारको प्रकार, जात, सामाजिक, सञ्जाल र रहेका बच्चा तथा छोराको संख्याले निर्धारण गर्दछ । अहिले भने महिलाहरूका रोजगारको अवसर, विद्युति सञ्चार साधन, परिवार नियोजनका साधनको ज्ञान र अभ्यासले गर्दा महिलामा निर्णायात्मक भूमिका वृद्धि भएको छ (हुसेन, २०११) ।

धुतगतिमा भइरहेको जनसंख्या वृद्धि अहिले विश्वले गम्भिर समस्याको रूपमा सामना गर्नु परिरहेको छ । नेपालको सन्दर्भमा, बढ्दो जनसंख्याको कारण नेपाली जनताको आधारभूत उपभोग्य सामानहरूको पूर्ति गर्न पनि नेपाल सरकारलाई एउटा चुनौतिको विषय भएको छ । यसको समाधान भनेको परिवार नियोजनको साधनको प्रयोगको बारेमा ज्ञान र निर्णय गर्ने क्षमतामा वृद्धि गर्नु हो । जसल महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यो साधनको प्रयोगमा महिलाको निर्णयात्मक भूमिकाको आवश्यकता पर्दछ । त्यसैले महिलालाई शिक्षित बनाइ, प्रजनन् स्वास्थ्य शिक्षा, परिवार नियोजन सम्बन्धी कार्यक्रममा महिलाहरू सहभागि हुनु आवश्यक छ । परिवार नियोजनका साधनको ज्ञान र प्रयोग उनीहरू बसेको समाज रहेको संस्कृति, परम्परामा पनि भरपर्दछ । विकसित मुलुकको तथ्यांक हेर्दा ति मुलुकहरूको नीति निर्माण राम्रो भएकोले गर्दा महिलाको भूमिका महत्वपूर्ण रहेको र राम्रो प्रजनन् स्वास्थ्यको बारेमा जानकारी भएकोले मातृशिशु मृत्युदर कम भएकोले गर्दा बच्चा धेरै आवश्यक नभएको महसुस गरेको थोरै बच्चा जन्माउनको लागि परिवार नियोजनका साधनको प्रयोगमा वृद्धि भएको छ (भण्डारी, श्रेष्ठ, ठकुरी, २०१३) ।

(ने.प.नि.स) नेपाल परिवार नियोजन संघ नेपालको सबैभन्दा पहिलो र प्रमुख गैह्र सरकारी संस्था हो । जुन यौन तथा प्रजनन स्वास्थ्यको लागि लागिपरेको छ, ने.प.नि.स सन् १९५९ मा स्थापना भएको हो । यस संस्थाद्धारा परिवार नियोजन र यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रमको नेपालमा सुरुवात भयो । जनसंख्या वृद्धिदरलाई रोक्न विभिन्न कार्यक्रमहरू

सञ्चालन गरिए तापनि विगत केही दशकयता जनसंख्या वृद्धि एउटा समस्या वा चुनौतीको रूपमा देखिएको छ । ने.प.नि.स को उद्देश्य नेपालका मुख्यतया गरिबहरूको दैनिक जीवनको गुणस्तरको वृद्धि विकास गर्नु रहेको छ गरिबीको रेखामुखी रहेका परिवारलाई यौन तथा प्रजनन् स्वास्थ्यको र अन्य सेवाको उपलध गराई तिनीहरूको परिवार नियोजन र स्वास्थ्यको आधारभूत मानव अधिकारका वकालत गर्नु हो । नेपाली समाजमा परिवार नियोजन सम्बन्धी अवधारणालाई अस्विकार्य रहेको अवस्था र समाजको मूल्य मान्यताको विपरित भएको अवस्थामा निकै चुनौतिको सामना गर्दै यो संस्थाको स्थापना गरिएको थियो ( ने.प.नि.स., २०१५) ।

मानव समाजमा प्राचीन उद्‌भवकालदेखि नै महिला र पुरुष मिलेर बनेको छ । लिङ्गको हिसाबले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाउँछ । जैविकीय रूपमा महिला र पुरुष दुई किसिमको लिङ्ग हुनु प्राकृतिक भिन्नता हो । प्राकृतिक लिङ्गले महिला र पुरुषलाई जैविक रूपबाटै फरक छुट्याउँछ । कुनै पनि महिला र पुरुषसँग हुने शारीरिक विशेषताहरूका आधारमा फरक छुट्याएर कुन पुरुष हो र कुन स्त्री हो भनेर छुट्याउनु नै प्राकृतिक लिङ्ग हो । प्राकृतिक लिङ्ग समाजमा समान खालका हुन्छन् जसलाई कुनै व्यक्तिले चाहेर पनि बदल्न सक्दैन ।

कुनै पनि समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोण सामाजिक लिङ्ग हो । समाजले आफ्नो किसिमको सामाजिक नीति-नियम, संस्कृति, मूल्यमान्यता, परम्परा आदिका आधारमा महिला र पुरुषहरूलाई निश्चित भूमिका प्रदान गरेको, अपेक्षा गरेको हुन्छ र निश्चित कर्तव्य र अधिकार प्रधान गरेको हुन्छ, यो नियमलाई नै सामाजिक लिङ्ग भनिन्छ । समाज विकासमा महिला र पुरुष दुवैको समान महत्व हुन्छ । क्रियाकलाप एक पक्षीय रूपमा सञ्चालन गरेमा समाज असन्तुलित हुन पुग्दछ । १९५० को दशकपछि जे-जति विकासका रणनीति एवम् अवधारणा तय भए ती सबैले महिलाको अवस्थालाई उचित ध्यान दिएनन् । विकासका क्रियाकलापमा महिलाको श्रमको अवमुल्यन गरियो, कतै विना ज्याला मजदुर त कतै निम्न ज्याला मजदुरका रूपमा महिलाहरूलाई प्रयोग गरियो जसले गर्दा महिलाको अवस्था जर्जर बन्दै गयो भने अर्कोतिर महिला र पुरुषबीच सम्बन्ध असन्तुलित भयो । त्यसैले १९७० पछि विकासका क्रियाकलापमा महिला विकासका सम्बन्धमा विभिन्न अवधारणा रणनीति एवम् सिद्धान्त र सम्मेलन सम्पन्न भए ती सम्मेलनमा महिला महिला र

पुरुषबीचमा रहेको असमानतालाई पहिचान गरी लैङ्गिक विकास हुनुपर्ने कुरालाई जोड दिइयो ।

सन् १९७० को दशकपछि महिला विकासका निम्ति अवलम्बन गरिएका विभिन्न अवधारणा र सभा सम्मेलनले गरिएका विभिन्न अवधारणा र सभा सम्मेलनले पनि महिलाको स्थितिलाई पुरुषको दाँजोमा पुऱ्याउने कुरामा जोड दिइएको छ । इस्टर बोसेरपको "वमेन रोल्स इन इकोनोमिक डेभलोपमेन्ट" नामक पुस्तक प्रकाशनले महिलाहरूको पहुँच र नियन्त्रण प्राप्त गर्ने अधिकार लैङ्गिक समानताका लागि अन्तर्राष्ट्रिय समुदायको बलियो प्रतिबद्धता रहेको छ । मानव अधिकार सम्बन्धी सन्धी संयन्त्र र दस्तावेजहरूको आर्थिक स्रोत साधनमाथि महिलाहरूको पहुँच र नियन्त्रणको विषयमा सम्बोधन गरेका छन् । यी प्रतिबद्धताहरू पुरा गर्नु सरकारको प्रमुख जिम्मेवारी रहेको छ ।

महिला विरुद्धको विभेद उनहिरूको बाल अवस्था देखि नै सुरु भएको हुन्छ । बाबु आमाको छोरा प्रतिको मोह महिला भ्रुण हत्या, बाल विवाह, बालिका प्रति हुने दुराचार जस्ता घर बाहिर र घर भित्र हुने व्यवहारले महिला हिंसालाई रोक्न महिला हिंसाविरुद्ध कडा कानुनको आवश्यकता पर्दछ । विश्वका धेरै मुलुकका महिलाहरू उत्पादनमुलक स्रोत साधनको पहुँचमा भेदभावको सामान गरिरहेका छन् । प्रविधिमा पनि उनीहरूको सिमित पहुँच भएको नयाँ प्रणाली र महिलाहरूलाई आवश्यक कानुन सहायता प्रदान गर्न निरन्तर प्रयासरत रहन आवश्यक हुन्छ (चौलागाई, पोखरेल, सापकोटा, २०६०) ।

## २.२ सैद्धान्तिक दृष्टिकोणको समिक्षा

महिलाहरूको परिवार नियोजनको साधनको बारेमा जानकारी, निर्णय गर्ने क्षमता, समस्या र चुनौतीको सम्बन्धमा अध्ययन गर्नको लागि यी विषयवस्तुसँग सम्बन्धित महिलावादी सिद्धान्तलाई आधार मानेर अध्ययन अगाडि बढाइएको छ । जुन महिलावादी सिद्धान्त मध्ये मार्क्सवादी सिद्धान्त र पितृसत्तात्मक सिद्धान्तलाई आधार मानेर अनुसन्धान कार्य गरिएको छ ।

### २.२.१ मार्क्सवादी नारीवाद सिद्धान्त

मार्क्सवादले समाजलाई आर्थिक प्रणालीका आधारमा मात्र अध्ययन तथा विश्लेषण गर्दछ । यस्तै समाजमा हुने शोषण, दमनको मूल कारण भनेको समाजमा हुने आर्थिक असमानता

हुन् जुन पूँजीवादको उपज हो भनेर व्याख्या गर्दछ । ऐंगल्सका अनुसार महिलाहरू सहायक हुनुका मुख्य कारण व्यक्तिगत सम्पत्तिको अथवा परिवारमा सम्पत्तिको नीजि स्वामित्व हुनु हो (हर्लम्बस, २००२) ।

यो सिद्धान्तले जैविकीय रूपमा महिला र पुरुष विभेदका कारण सिर्जना भएका होइनन् । जसमा वर्गीय संरचना र पूँजीवादलाई महिलाको समस्याका कारक तत्व मानिएको छ । प्रत्येक वर्गमा महिलाहरू शोषित, कम शक्तिशाली र उत्पीडित अधिकार विहिन छन् । महिलाहरू आर्थिक रूपमा पुरुषमा परनिर्भर छन् (होल्मस्ट्रोम, २००२) ।

नारीवादी सिद्धान्तले लैङ्गिक असमानतालाई मुख्य केन्द्रविन्दु बनाएको छ । हरकहि पुरुषको नजरबाट मात्र संसारलाई परिभाषित गर्नुको सट्टा महिलाको दृष्टिबाट परिभाषित हुनुपर्दछ भन्ने सिद्धान्त नै नारीवादी सिद्धान्त हो । नारीवाद विभिन्न व्यक्तिबाट परिभाषित भएकोले परिभाषा फरक भएपनि यि सबै पितृसत्ताको विरुद्धमा छन् । समस्याहरू विश्वव्यापी रूपमा र स्थानिय रूपमा फरक हुन सक्छन् । जस्तै सति प्रथा, छाउपडी प्रथम विश्वव्यापी रूपमा नभएर स्थानिय स्तरका समस्या हुन् तर पनि कुनै एउटा परिवार, समाज तथा कुनै क्षेत्र जहाँसुकै किन नहोस्, ति लैङ्गिक विभेदको विरुद्धमा लड्नु नै नारीवाद हो । कुनै पनि नारीले घरमा छोरालाई लैङ्गिक विभेद नगरी पढाइरहेकी हुन्छिन् । लैङ्गिक विभेद पुरुषमाथि भएपनि त्यो पनि नारीवादको एउटा पाटो नै हो (भासिन, २००६) ।

महिलावादी सिद्धान्त एउटा यस्तो सिद्धान्त हो । जसले विश्वमा महिलालाई पुरुषले सहायक ठान्दछन् । यो सामाजिक र राजनैतिक सिद्धान्त हो जसले सम्पूर्ण महिलालाई पुरुषको नियन्त्रणबाट स्वतन्त्र राख्दछ (जेरी एण्ड जेरी, २०००) ।

एउटी महिलामा आफ्नो शरीरको निर्णय एवम् नियन्त्रण गर्ने अधिकार छैन । कहिले, कति बच्चा जन्माउने, यौन सम्बन्ध राख्ने/नराख्ने वा परिवार नियोजनका साधन प्रयोग गर्ने/नगर्ने भन्ने कुरामा निर्णय गर्ने अधिकार महिलामा छैन । पुरुषको इच्छा चाहना र रुचिअनुसार आफ्नो शरीरलाई यौन सम्बन्ध राख्ने अनि बच्चा उत्पादन गर्न मेसिनका रूपमा प्रयोग गर्न बाध्य रहन्छन् (अर्याल, २०६८) ।

महिलामा भएको क्षमता र खुबी महिलालाई सहायकको रूपमा हेर्न विभेदपूर्ण दृष्टिले र अरु वर्ग, जात लिंग आदि जस्ता विभेदपूर्ण अभ्यासले पूरा विश्वमा नै लैङ्गिकता असमानता रहेको छ (रिटजर, २००१) ।

महिलावादी सिद्धान्तलाई उजागर गर्ने विभिन्न सिद्धान्त मध्ये एउटा सशक्त सिद्धान्त मार्क्सवाद नारीवाद हो । मार्क्सवादी नारीवाद २० औं शताब्दीको शुरुमा प्रतिपादन भएको हो । यस सिद्धान्तले सामाजिक नारी दमनका पक्षलाई व्याख्या गर्दछ । मार्क्सवाद नारीवादले समाजमा नारी र पुरुषबीचको असमानता र  विभेदहरू छन् ति सबै महिला र पुरुषबीचको शक्ति सम्बन्धलाई समेट्न र व्याख्या गर्न सफल भएको छ । नारी र पुरुष शक्तिको कारण नभई समाजमा रहेको आर्थिक सम्बन्धले भएको हो । मार्क्सवादका अनुसार मानिसर्ा माथि हुने बन्देजहरू निजी सम्पत्ति प्रणालीको स्थापना र त्यससँग निर्माण भएको वर्ग विभाजित समाज व्यवस्थाले गर्दा भएको हो । एङ्गेल्सको परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति (१८४४) नामको पुस्तकको प्रकाशनले मार्क्सवाद नारीवादको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । महिला मुक्तिको लागि मार्क्सवादी महिलावादले पनि आफ्ना तार्किक विचार अघि सारेको छ । जुन कार्लमाक्सको सिद्धान्त व्याख्यामा केन्द्रित रहेको पाइन्छ । हुने खाने र हुँदा खानेहरूबीचको वर्ग संघर्ष बाटनै इतिहास बदलिन्छ भन्ने मान्यता कार्लमाक्सको सिद्धान्तमा रहेको छ । सम्पत्ति तथा अर्थतन्त्रमा जसको स्वामित्व रहेको छ उसले अरु स्वामित्व हित व्यक्तिालई दबाउने र धन सम्पत्ति माथि पहुँच भएका व्यक्तिको नै घर परिवार र समाजमा निर्णायात्मक भूमिका रहने विचार यस सिद्धान्तले अघि सारेको छ । द्वन्दवादीहरू कार्लमार्क्स एङ्गेल्स लगायतका विद्धानहरूका अनुसार निजी सम्पत्तिको कारण पुरुषको प्रभाव र प्रमूत्व महिला वा परिवारका अन्य सदस्य माथि लादिन्छ (रिट्जर, १९९६) ।

मार्क्सवादी नारीवादको पक्षमा वकालत गर्ने नारीवादीहरूका अनुसार महिलाहरूका कार्य समाजमा केटाकेटीको हेरचाह स्याहारसम्भार अनि सामाजिकीकरण सँग सम्बन्धित छ । परिवारालई घरायसी कार्यमा सेवा प्रदान गर्ने नारीको आफ्नो शरीरको निर्णय गर्ने अधिकार आफ्मा हुँदैन । पुरुषको इच्छा, चाहना र रुचिअनुसार आफ्नो शरीरलाई यौन सम्बन्ध राख्ने अनि बच्चा उत्पादन गर्ने मेसिनका रूपमा प्रयोग गर्न बाध्य रहन्छन् । जस्तैः पूर्वी एसियाका मुलुकहरूमा मलेसिया, यूरोपलगायत मुस्लिम राज्यहरूमा महिलालाई धेरै भन्दा धेरै बच्चा

जन्माउन जोड दिन्छन् । धेरै बच्चा जन्माउने आमाको स्थान उच्च हुने कुरा अगाडि सार्दछन् तर दक्षिण एसिया लगायत चीनमा भने थोरै बच्चा जन्माउनुपर्ने कुरालाई जोड दिँदै परिवार नियोजनका साधनह (प्यान्थर, ढाल, कमल, चक्की, संगिनी सुई र कपरटी) प्रयोग गर्न महिला एवम् पुरुषलाई अनुरोध गर्दछन् ।

सामाजिक व्यवस्थापन एवम् सम्बन्धका कारण महिलाहरू दमनको सिकार बन्न पुगेका छन् । महिलाहरू अधिनस्थ हुनुमा जैविकपक्षको कुनै भूमिका छैन । मार्क्सवादी नारीवादका अनुसार नारीहरूबाट पूँजीवादले फाइदा लिएको पाइन्छ । परम्परागत श्रम विभाजनहरू खाना बनाउने बच्चाबच्ची हेर्ने, घरायसी एवम् सरसफाइ गर्ने कार्यहरू महिलाहरूले गरिरहँदा पनि यस्तो कार्यलाई पुरुषप्रधान समाजले कुनै स्थान दिएको पाइँदैन । नारीलाई पारिवारिक वा घरायसी जिम्मेवारी दिएर पुरुषहरू स्वतन्त्र भएको पाइन्छ । महिला तथा केटाकेटीहरू आर्थिक रूपमा पुरुषमाथि निर्भर हुन्छन् । यसरी नारी परनिर्भरताले परिवार, नातेदारी सामाजिक सम्बन्धिहरूमा महिलाको तुलनामा पुरुषको प्रधानता बढ्दै जान्छ । फलस्वरूप समाजमा विभिन्न पक्षहरू विवाह, पितृसत्ता, परिवार सम्पत्ति प्राप्त गर्ने कार्यमा पुरुषहरू शक्तिशाली रूपमा रहेका पाइन्छ । यसरी पुरुष प्रधानताका कारण महिला र पुरुषको बीचको सम्बन्ध केवल Sextual रूपमा कायम हुन पुगेको छ । महिलाहरूलाई यौन स्वतन्त्रता छैन तर पुरुषहरूले भने यस सम्बन्धमा विशेष स्वतन्त्रता पाएको देखिन्छ । महिलाहरू सामग्रीका रूपमा प्रयोग गरिएका छन् । आर्थिक फाइदा लिने क्रममा पनि नारीलाई Sex Object का रूपमा प्रस्तुत गरिएको पाइन्छ । घरायसी तहमा महिलालाई पुरुषको यौनसाथी (Sex Partner) का रूपमा लिइएको पाइन्छ । वास्तवमा नारी शेषण हुनुको प्रमुख तत्व आर्थिक कारण हो । महिलाहरू पुरुषका सम्पत्ति र खेलौना बनेका छन् । भौतिक सामग्रीका माध्यमबाट उनीहरू सन्तुष्टि विनाको खुसीमा रमाउन बाध्य छन् । श्रीमतीहरूले लोग्नेका खुसी र भावनात्मक कार्यहरूमा सहयोग गरेवापत आरामदायी जीवन त बिताउँछन्, श्रीमती सम्पत्तिमा अधिकार जमाउने छोरा छोरी जन्माउन सक्छिन् तर श्रीमानको सम्पत्तिमा अधिकारको दावी गर्न नसक्ने अवस्था र रहेकी हुन्छिन् ।

महिला र पुरुषको बीचमा समान भूमिका उत्तरदायित्व, निर्णय अधिकार हुनुपर्दछ र समाज सन्तुलित अवस्थामा रहेको अवस्थामा असमानता नभई पारस्परिक एकता कायम भई लैङ्गिक समानता भएको समाज निर्माण गरिनुपर्दछ । यस सिद्धान्तले शैक्षिक जागरण पारिवारिक

जिम्मेवारी बोध, समान निर्णायात्मक अधिकार र अवसर राजनीतिक र कानुनी रूपमा सुधार गरी समान सहभागिताको अवसर दिनुपर्दछ (रिट्जर, २००१) ।

मानव जाति जन्मदा समान रूपमा नै जन्म लिएका हुन्छन् । यही महिला पुरुष दुवैलाई समान अधिकार दिन सकेमा महिला पनि पुरुष सरह नै सम्मानित भएर समाजमा रहन सक्दछ (टङ, १९८९) ।

पितृसत्ता एउटा त्यस्तो संगठन हो जसले नारी दमनका लागि पुरुषलाई शक्तिशाली बनाउँदछ । त्यसैले सम्पूर्ण नारीहरू पितृसत्तालाई भातभुङ्ग पारी मातृसत्ताका निमित्त क्रान्ति र संघर्ष गर्नुपर्दछ । आज महिलालाई सहायकको रूपमा हेरिनुको प्रमुख जड नै पितृ सत्ता हो । पितृसत्ता र लोग्ने मानिसहरू आफ्नो फाइदाको लागि महिलालाई अगाडि बढ्न नदिई दमन र शोषण गरेर राख्न खोजिरहेका हुन्छन् । महिलालाई सामग्रीको रूपमा लिने गर्दछन् । महिला प्रतिको सकारात्मक दृष्टिकोण विकास गर्न महिलालाई पुरुष सरह बनाउन महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्न पुरुषहरूसँगको निर्भरता घटाउने घरायसी झन्झटपूर्ण कार्यहरूबाट महिलाहरूलाई छुट्कारा दिलाउनु पर्दछ । पितृसत्तात्मक पारिवारिक ढाँचा नै लैङ्गिक दमनको मूल कारण हो (रिटजर, २००१) ।

## २.२.२ पितृसत्ता

पितृसत्ता एक सामाजिक आस्था हो । जसले पुरुषप्रधानलाई मान्यता दिन्छ । पितृसत्ताले संरचनात्मक रूपमा नै परिवारको महिलाहरू अन्य पुरुषहरू, केटाकेटी, वृद्धवृद्धा र अशक्त घरेलु कामदारहरूलाई मुल पुरुष अन्तर्गत नियन्त्रण राख्दछ । पितृसत्ताका घर परिवार, समाज र राष्ट्रको मुख्यको रूपमा पुरुषहरू रहेका हुन्छन् । पितृसत्तात्मक व्यवस्थामा महिलाहरूको उत्पादन, श्रमशक्ति, प्रजननशक्ति, यौनिकता, गतिशीलता र सम्पत्ति व्यवसाय तथा अन्य आर्थिक स्रोत साधनमा पुरुषहरूको नियन्त्रण हुन्छ (भासिन, २००६) ।

पितृसत्तात्मक व्यवस्थामा पुरुषहरूको स्थान उच्च हुन्छ । पुरुषको हातमा सामाजिक, आर्थिक, धार्मिक, शक्ति हुन्छ तर महिला शक्ति र अधिकारबाट बञ्चित हुन्छन् । फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहनाअनुसार दविएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रूपमा रहेको पाइन्छ । नेपाल सन्दर्भमा महिलाहरू पुरुष सरह सामाजिक सांस्कृतिक अधिकारबाट बंचित छन् (आचार्य, २०६२) ।

पुरुषहरूले समाज तथा परिवारमा आफ्नो अधिन कायम गर्नु नै पितृसत्ता हो । यो महिला दमन हो र यसलाई समाजमा रहेका विभिन्न सामाजिक एकाइहरू जस्तैः संस्कृति, परम्परा, नीति, नियम, संस्कार आदिले सहयोग गरिरहेको हुन्छन् । पुरुषले आफ्नो नेतृत्व बनाइ राख्नको लागि बच्चा जन्मेर आफू महिला वा पुरुष छुट्याउने भए देखि नै उक्त बच्चालाई समाजमा रहेका रिति-रिवाज, परम्परा, संस्कृति, संस्कार, नीतिले पितृसत्तालाई बढवा दिने काम गर्दछ र पितृसत्तालाई जोगाउने खम्बाको रूपमा काम गरिरहेको हुन्छ । पितृसत्तात्ममक सोचको कारण अर्थतन्त्रमा पुरुषहरूको महत्वपूर्ण भूमिका रहन्छ र आर्थिक रूपमा पुरुषहरू वलियो बनेका हुन्छन् र घरपरिवार र समाजका महत्वपूर्ण काममा निर्णायात्मक भूमिाक उनीहरूको नै रहँदै आएको छ । पितृसत्तात्मक सोचको कारण अझै पनि महिलाहरूको आफ्नै शरीरमा पनि आफ्नो निर्णयात्मक भूमिका रहेको छैन (वेल्वी, १९९०) ।

पितृसत्तात्मक समाजमा पुरुष तथा पिताको नियन्त्रणमा परिवारका सदस्य वस्नुपर्ने हुन्छ भने महिला सहयोगीको रूपमा रहेका हुन्छन् । विभिन्न धर्म, रितिरिवाज जस्ता पक्षले नारीलाई पुरुषको नियन्त्रणमा रहेर क्रियाकलापहरू गर्न बाध्य बनाएको छ । हरेक समाजमा तथा कुनै एउटै समाजमा पनि जातिय, वर्गीय, सांस्कृतिक, भौतिक जस्ता पक्षले पितृसत्ताको स्वरूपमा फरकपना ल्याएको हुन्छ तर पनि हरकुनै समाजमा महिलाहरूको पीडा, दुःख भोगिरहेका नै हुन्छन् । यो ठाउँअनुसा फरक भएपनि यसको सिद्धान्त भने नारी दमन र नियन्त्रण गर्नु नै हो । भेदभाव, शोषण, नियन्त्रण, हिंसा, दमन गाली, बेइज्जती, बलात्कार आदि जस्ता तत्वहरू पितृसत्तात्मक समाजमा सलबलाएका हुन्छन् । हाम्रो समाजको ऐतिहासिक विकासक्रम हेर्दा समाजमा पुरुषको प्रभाव, प्रभुत्व र नियन्त्रण रहँदै आएको तथ्य प्रष्ट छ भने पुरुषहरू महिलाको तुलनामा साहसिक काम गर्न सक्ने क्षमता भएका, प्रतिस्पर्धी, शक्तिशाली, बहादुर, नेतृत्व लिने, सुरक्षा प्रदान गर्ने जस्ता अलंकारहरू जोडिएका हुन्छन् । पुरुष भएको कारण उनीहरूले घर परिवार र समाजमा उनीहरूलाई विशेष अधिकारको प्राप्ति विभिन्न क्रियाकलापहरू पुरुष केन्द्रित रहेको पाइन्छ (आचार्य, २०६२) ।

पितृसत्तात्मक सिद्धान्तअनुसार मार्किनको दृष्टिकोणबाट पुरुषद्धारा सञ्चालित समाज नै पितृसत्तात्मक समाज हो । पुरुष नै समाजको नियन्त्रण गर्ने मुख्य तत्व हुन् । मार्क्सवादले

समाजमा रहेका महिला र पुरुष दुई तत्व हुन् आर्थिक पहुँचको कारणले पितृसत्तात्मक अवधारणालाई बढावा दिएको छ (मार्किन, १९८४) ।

## २.३ पूर्व अध्ययनको समिक्षा

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थबोध गर्नुलाई सामाजिक लिङ्ग वा जेण्डर जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसँग जोडिएर आउने सांस्कृतिक मूल्य र मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रूप हो (भासिन, २००२) ।

व्यक्ति तथा परिवारको व्यक्तित्व विकास जीवन स्तरमा वृद्धि र विकसा, आर्थिक विकासको लागि परिवार नियोजनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । बढ्दो जनसंख्या वृद्धिदर नेपालको मात्र नभएर अहिले सम्पूर्ण विश्वव्यापी समस्याको रूपमा रहेको छ । जसको रोकथामको लागि मातृशिशु मृत्युदर रोक्नको लागि परिवार नियोजनका विभिन्न साधन तथा विधिहरू प्रयोगमा ल्याइएको छ । ति सबै साधन तथा विधि सबैमा उपयुक्त नहुन पनि सक्छन् । परिवार नियोजनका साधन प्रयोग गर्नुको मुख्य दुई उद्देश्यमा १) चाहना भन्दा बढी बच्चा नजन्माउने र २) बच्चा विचमा आवश्यकता जति जन्मान्तर राख्ने हो । परिवार नियोजनका साधन र तिनको प्रयोग प्रतिको ज्ञानको कमिको कारण उपलब्धताको अभावका कारण र गरिबीको कारण विकासोन्मुख देशहरूमा यसको प्रयोगमा बाधा रहिआएका छन् (तुलाधर र मरहट्टा, २००८) ।

धेरै जसो समाजमा विभिन्न समयमा पुरुषहरूले उत्पादन मात्र होइन, प्रजनन्का साधनहरूलाई पनि नियन्त्रण गरेका छन् (रिले, १९९७) । महिलाहरूलाई सम्पत्तिका रूपमा लिइयो, जसको मुख्य दायित्व नै बच्चा जन्माउनु हो । त्यसमा पनि छोरा जन्माउनु हो । जब महिलाहरूले बारम्बार र ठूलो सङ्ख्यामा बच्चा जन्माइरहनु पर्छ जसले सार्वजनिक क्षेत्रमा सहभागी हुने उनीहरूको अवसरहरू सीमित बन्छ । यस्तो अवस्था धेरै जसो विकासोन्मुख देशहरूमा छ । विशेषगरी ग्रामीण क्षेत्रहरूमा बढी यस्तो अवस्था भेटिन्छ । श्रीमतीहरू बारम्बार जन्म नियन्त्रण गर्न चाहन्छन् । जबकी लोग्नेहरूले यसलाई अस्विकार गर्दछन् । किनकी यस्तो समाजमा कोटाकेटीहरूको संख्याले पुरुषत्वको निर्धारण गर्दछ ।

यस्तो अवस्थाबाट महिलाहरूलाई उन्मुक्ति दिन उनीहरूलाई प्रजनन अधिकारमा महिलाहरूको पहुँच पुऱ्याउनु पर्दछ । त्यसो भयो भने मातृ र शिशु स्वास्थ्य सामान्यतया सुधारिन्छ, महिला र पुरुष्हरूको भूमिकाहरूको फरक विस्तारे घट्दै जान्छ र महिलाहरूले आफ्नो परिवार, समाजमा हैसियत र शक्ति प्राप्त गर्दछन् (पोखरेल र ढकाल, २०६८) ।

परिवार नियोजनले एक व्यक्ति महिला पुरुष, बालबालिका, परिवार, देशमात्र नभएर सम्पूर्ण विश्वको लागि नै सहयोगी हुन्छ । महिलाको लागि अनयाह गर्भधारण हुनबाट बचाउँछ, जन्मान्तर राख्न सहयोग गरेर बालबालिकाको जीवन रक्षा गर्दछ, पुरुष तथा महिलाको लागि परिवारलाई गुणस्तरीय जीवन दिनको लागि समय निर्धारण गर्न र रेखदेख गर्नको लागि समय दिन्छ । योजना पूर्वक थोरै बच्चा जन्माउन सहयोग गरेर राम्रो गास, बास र कपास र उच्च शिक्षा दिन क्षमताको विकास गराउँछ । जसले गर्दा देशले राम्रो दक्ष जनशक्ति प्राप्त गर्नुको साथै आवश्यक मात्रामा जनसंख्य हुनाले अर्थतन्त्र राम्रो हुन सक्छ र सम्पूर्ण देशको वृद्धि विकास हुन्छ । जसले गर्दा हरेक व्यक्तिले गुणस्तरीय जीवनको लागि राम्रो मौका प्राप्त गर्न सक्दछन् (ह्याचर, १९९७) ।

अन द एज अफ अस्पीसियस जेन्डर एण्ड कास्ट इन नेपाल नामक पुस्तकमा सुदूरपश्चिम बझाङ्ग जिल्लाको भरला गाउँको सामाजिक लिङ्ग निर्माणको प्रक्रियालाई भरला समाजमा केन्द्रित गरी व्याख्या गरिएको छ । महिलाहरूलाई पुरुषको तुलनामा अशुद्ध जात मानिएको, यसलाई सामाजिक लिङ्ग निर्माणको प्रक्रिया सामाजिक, सांस्कृतिक पक्षको प्रभाव पर्दछ भन्ने सन्दर्भमा देखाइएको छ । विशेष गरी महिलाहरूलाई महिनावारी तथा बालबच्चा जन्माउँदाको समयमा अशुद्धताको धारणाबाट हेरिने महिला निम्न स्तरको वर्गका रूपमा स्तरीकृत हुने गरेको पाइन्छ । त्यस्तै भरला गाउँमा महिलाहरूको सम्पत्तिमाथि कम पहुँच, तल्ला जातका महिलाहरू स्वयम् आर्थिक आधारमा झन् पछि परेकाले गर्दा उनीहरूको लैङ्गिक भूमिका न्यून देखाइएको पाइन्छ (क्याम्रोन, १९९८) ।

डेन्जरस वाइप्स एण्ड सेक्रीड सिस्टर्स नामक पुस्तकमा लैङ्गिक अवधारणा प्रयोग गरि काठमाडौं नजिकैको नारीकोट (काल्पनिक नाम) बसोबास गर्ने उच्च ब्राह्मण, क्षेत्री परिवारका महिलाहरूको सामाजिक-सांस्कृतिक पक्षलाई आधार मानिएको छ । प्रस्तुत पुस्तकको व्याख्यामा महिला र पुरुषबीचको शक्ति सम्बन्धका बारेमा चर्चा गर्दै लैङ्गिक विभेदका कारक तत्वहरूलाई खोजिएको छ । पितृसत्तात्मक समाजमा लैङ्गिक भूमिका र

सम्बन्धको बारेमा चर्चा गर्दै वास्तवमा महिलाको द्वैध भूमिकालाई यस पुस्तकले प्रस्ट्याएको छ । माइतीमा महिलाहरूको हैसियत उच्च हुन्छ । छोरी, बहिनी, दिदी माइतमा पूँजित हुन्छन्, सबैले सम्मान गर्दछन्, उनीहरूलाई शुद्ध रूपमा लिइन्छ, दान, दक्षिण दिने देवीका रूपम पूजा गर्ने गरिन्छ यसरी माइतीमा महिलाहरूको हैसियत पवित्र दिदी-बहिनी (Sacred Sisters) का रूपमा रहेको हुन्छ । विवाह भइसकेपछि श्रीमान्को घरमा हैसियत पुरुषको भन्दा कम हुन्छ । बुहारी वा श्रीमती अपवित्रताको रूपमा लिइन्छ । उनीहरू खतरनाक मानिन्छन् । विवाह पश्चात महिलाहरूले यौनसम्पर्क राख्ने, बच्चा जन्माउने, घर भाँड्ने कार्य गर्दछन्, जुनकुरालाई राम्रो रूपमा लिइँदैन त्यसैले श्रीमती खतराको प्रतीक मानिन्छ भन्ने कुरालाई माइतीमा पवित्र रहेकी एउटी दिदी वा बहिनी  वा छोरी विवाहपश्चात खतराको प्रतीक बन्छिन् वा माइतीका उच्च सम्मान पाएकी महिलाको हैसियत पुरुषको घरमा निम्न रहन्छ भन्ने कुरालाइ प्रष्ट पारेको छ (वेननेट, १९८३) ।

सन् १९७७ को स्वास्थ्य मन्त्रालयको जनसंख्याको अध्ययन अनुसार समाजमा महिलाको स्थिति कस्तो रहेको थियो भन्ने पूर्ण रूपमा जानकारी नभए तापनि अनुसन्धानकर्ताहरूको अनुसन्धान अनुसार ठूलो परिवारको चाहना र परम्परागत महिलाको भूमिकमा विच बलियो सम्बन्ध रहेको छ । यो अनुसन्धान अनुसार हरेक विवाहित महिलाको चाहनामा ४ बच्चा हुन्छन् र त्यो पनि महिलाको उमेर र जन्मेका बच्चाको स्थितिमा भर पर्दछ, सबैभन्दा धेरे बच्चाको चाहना तराई भेगका महिलामा रहेको हुन्छ र त्यसपछि पहाडी र हिमाली भेगका महिलामा रहन्छ । पितृसत्तात्मक समाजको कारणले हरेक परिवारमा छोराको चाहना हुन्छ र उक्त चाहनाको कारण महिलाको भूमिकामा असर पार्दछ । नेपालको त्यतिबेला गरिएको अध्ययन अनुसार सम्पूर्ण छोरा नभएका महिलाहरूमा लगभग शतप्रतिशत महिलाहरूमा छोरा जन्माउने चाहना रहेको हुन्छ (रिजाल, १९७७) ।

"जेण्डर सिचोएसन अफ फेमिली प्लानिङ्ग ए सोसियोलोजीकल स्टडी अफ कोदी भिलेज, कास्की" शिर्षकमा गरिएको अध्ययनले परिवार नियोजनमा निर्णयात्मक भूमिका निर्वाह गर्न धेरै तत्वहरूले असर गरेका हुन्छन् । ति मध्ये लैङ्गिक भिन्नता एउटा प्रमुख तत्व हो । उक्त गाउँमा धेरै लैङ्गिक भिन्नता सम्बन्धी कार्यहरू व्यवहारमा ल्याइन्छ । जस्तैः शिक्षा, आय आम्दानी, विवाह, धर्म, नीति, नियम, सामाजिक मूल्य, मान्यता र संस्कार, स्वास्थ्य,

लवाईखवाई, भेषभुषा, यात्रा आदि क्षेत्रमा महिला र पुरुषमा भेदभाव रहेको पाइन्छ (पराजुली, २००७) ।

“प्राक्टिस अफ सेफ मदरहुड एमोङ उमन इन ब्राम्हिन कम्युनिटी अफ काहुँ भि.डि.सी. अफ कास्की डिष्ट्रिक” भन्ने विषयमा गरिएको अध्ययन अनुसार कास्की जिल्ला काहुँ गा.वि.स. का ब्राह्मण महिलाको गर्भअवस्थामा रहेका समस्याहरूको बारेमा गरिएका अनुसन्धानमा महिलाहरू साक्षर र माध्यमिक शिक्षा तथा उच्च शिक्षा हाँसिल गरेका भएता पनि छिटो विवाह र छिटै नै बच्चा जन्माउने परिपाटी रहेको छ । उनीहरूको दैनिकी कृषिकार्य, अरुको घरमा कृषि मजदुरी अन्य मजदुरी, अनय सेवा तथा जागिर जस्ता कार्यमा व्यस्त रहने गरेका छन् । परिवारमा रहेको अशिक्षा तथा अज्ञानताका कारण महिलामा रहेको निर्णायात्मक क्षमतामा कमि तथा निर्णयात्मक भूमिका नरहेकोले गर्भवती महिलालाई आवश्यक मात्रामा पोषक तत्व प्राप्त नभएको, टि.टि. सुई पनि आवश्यक मात्रामा नलिएको पाइन्छ । केही गर्भवती महिलाले गर्भवती भएको अवस्थामा एकपटक पनि स्वास्थ्य जाँच नगराएको अवस्था छ । घरमा नै बच्चा जन्माउने दर भने निकै कम रहेको छ । महिलामा रहेको कमजोर निर्णयात्मक क्षमता, पितृसत्तात्मक समाज, परिवारमा पुरुषको निर्णयात्मक भूमिका, गरिबी, ज्ञानको कमी आदि कारणले सुरक्षित मातृशिशु कार्य हुन  नसकेको अवस्था छ (रजनी, २०१२) ।

“च्यालेन्जस् एण्ड अपरच्युनिटिज अफ पोष्ट ग्रेजुएट मदर-स्टुडेन्ट एट पृथ्वीनारायण क्याम्पस पोखरा” शिर्षकमा गरिएको अध्ययनले पहिलाको समयको तुलनामा महिलाहरूलाई अहिले पढ्न पाउने अवस्था भए तापनि विवाहपछि त्यसमा पनि ‘आमा विद्यार्थीहरूका लागि धेरै चुनौतीको सामना गर्नुपर्दछ । गर्भवती अवस्थामा महिलालाई पढ्न आउने गर्दछन् र श्रीमान्, घरपरिवार, माइती र साथीभाइको सपोट पनि पाउने गर्दछन् । परिवारमा पढाइमा खर्च हुने अथवा लगानीको विषयलाई लिएर घर परिवारमा द्वन्द्ध हुनेहुँदा प्राय आमा विद्यार्थीहरू पढाइ सिद्याएर जागिरको लागि आतुर हुने गर्दछन् । उनीहरूलाई सहायकको रूपमा राखिएको हुन्छ, शिक्षाले उनीहरूलाई सहायकको दर्जाबाट माथि उठाउन सक्छ । अब आउने नयाँ समयमा मदर स्टुडेन्टहरूको लागि परिवर्तन आउँदछ र त्यति बेला उनीहरू शिक्षित रोजगार मुलुक हुन्छन् (नेपाली, २०१७) ।

माथि उल्लेखित विभिन्न पूर्व अध्ययनको क्रममा महिलाको विषयलाई लिएर धेरै अध्ययन भएको पाइयो । समाजमा महिलाहरूको भूमिका, महिलाहरूलाई पुरुषको तुलनामा अशुद्ध मानिने विवाहित महिलालाई खतराको रूपमा लिइने गरेको, महिलाको गर्वअवस्थाको समस्या, पढ्दै गरेको आमा विद्यार्थीका समस्याका बारेमा पनि अध्ययन गरेको पाइयो । केही मात्रामा परिवार नियोजनका साधनको वारेमा पनि अध्ययन गरेको पाइए तापनि यस सम्बन्धमा कमै मात्र अध्ययन गरेको पाइएको छ । त्यसैले पनि यस वडा नं. १५ का विवाहित १५-४९ वर्ष सम्मका महिलाको परिवार नियोजनका साधन प्रयोग भूमिकामा असर पार्ने तत्वहरूको वारेमा अध्ययन गरिएको छ ।

## २.४ अवधारणात्मक खाँका

यस अध्ययनको मुख्य केन्द्रविन्दु महिलाको परिवार नियोजनका साधनको प्रयोगमा विभिन्न प्रभाव पार्ने तत्वहरू पत्ता लगाउनु साथै समस्या र चुनौती खोज्नु हो । ती प्रभाव पार्ने तत्वहरू जस्तै : सामाजिक, शैक्षिक, सांस्कृतिक, मनोवैज्ञानिक र आर्थिक तत्व नै प्रमुख तत्व रहेका छन् । यी तत्वहरूलाई आधार मानेर अवधारणात्मक खाँका तयार पारी यस अध्ययनको विश्लेषण गरिएको छ । यी तत्वहरूले परिवार नियोजनका साधनको प्रयोगमा महिलाको निर्णयात्मक भूमिकालाई कसरी प्रभाव पारेको छ भन्ने कुरा देखाउन खोजिएको छ । महिलामा रहेको सामाजिक, आर्थिक, सांस्कृतिक शैक्षिक र मनोवैज्ञानिक स्थितिले उनीहरूलाई परिवार नियोजनका साधनको प्रयोगमा निर्णय गर्नको लागि प्रभाव पारिरहेको हुन्छ ।


मार्क्सवादमा भनेजस्तै घरपरिवारमा आर्थिक कारोबारमा पुरुषको निजी स्वामित्वको कारण घरपरिवारको हरेक निर्णयात्मक भूमिका पुरुषको हातमा नै हुन्छ भने श्रीमती पनि श्रीमानको अधिनमा रहन बाध्य हुन्छिन् ।

पितृसत्तात्मक अवधारणामा जस्तै हरेक पितृसत्तात्मक परिवारमा निर्णयात्मक सोचअनुसार हुने गर्दछ । प्राय निर्णय लिने कार्यमा पुरुषहरू अगाडी रहन्छन् । समाजमा छोराको महत्व धेरै भएको कारण छोरा पाउनुपर्दछ भन्ने सोचले गर्दा पनि महिलाको परिवार नियोजनको साधनको प्रयोगमा निर्णयात्मक भूमिकामा प्रभाव पर्दछ ।

महिलावादी सिद्धान्तले व्याख्या गरे जस्तै महिलाहरू पुरुषबाट विभिन्न क्षेत्र, समाज र परिवारमा हेपिएका हुन्छन् । उनीहरूलाई सहायकका रूपमा हेरिएको पाइन्छ । समाजमा घरपरिवारमा सम्पत्तिमाथि पुरुषको स्वामित्व रहेको हुन्छ भने महिलाहरू सम्पत्ति विहिन, विना ज्याला मजदुरको रूपमा काम गरिरहेका हुन्छन् । महिलाको घरधन्दा, बच्चा बच्ची रेखदेख आदि कामहरूलाई अनुत्पादनमूलक कार्यमा गणना गरिन्छ । महिलालाई घर गृहस्थी धान्ने र बच्चा जन्माउने, हुर्काउने काम गर्नेको रूपमा लिइन्छ । बच्चा जन्माउने जस्तो महत्वपूर्ण कार्यको निर्णय लिने, परिवार नियोजनको साधन प्रयोग गर्ने कि नगर्ने, कहिले गर्ने के प्रयोग गर्ने जस्तो निर्णय पनि महिलालाई लिन दिइँदैन र पुरुषहरूले नै निर्णय लिने गर्दछन् । यस अवधारणात्मक खाँकामा यिनै विषयवस्तुलाई समेटेर यो अध्ययनको सम्पूर्ण अवधारणालाई यस अवधारणात्मक खाँकाको माध्यमबाट समेट्ने खोजिएको छ ।

अहिलेको आधुनिक युगमा महिलाहरू विभिन्न कारणले गर्दा छिटो बच्चा नचाहने, धेरै बच्चा नचाहने र जन्मान्तर चाहने हुँदा परिवार नियोजनका साधनको प्रयोगको चाहना रहेको हुन्छ । तर उक्त साधनको प्रयोगमा विभिन्न तत्वहरूले प्रभाव पारिरहेको हुन्छन् । ति तत्वहरू हुन् : सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र शैक्षिक तत्व । कार्ल मार्क्सको मार्क्सवादी सिद्धान्त र सेल्विको पितृसत्तात्मक अवधारणामा जस्तै परिवार नियोजनको साधन प्रयोग गर्न, बच्चा जन्माउन र अन्य जुनसुकै निर्णय लिने कार्यको प्रत्यक्ष अप्रत्यक्ष रूपमा त्यस परिवारको आर्थिक हैसियत उच्च रहेको व्यक्ति अथवा पुरुषहरूले लिने गर्दछन् । यसरी महिला स्वयम्ले लिनुपर्ने निर्णय अन्य सदस्यले लिने गर्दछन् र त्यसबाट निस्कने समस्या र चुनौतीहरू भने महिला स्वयम् आफैले भोग्नुपर्ने हुन्छ । महिलामा रहेको अज्ञानता, लापरवाही, पैसा, सल्लाह, किन्ने समस्या, घरमा राख्नको समस्या जन्मान्तरमा समस्या, प्राविधिक समस्या डर एवम् मनोवैज्ञानिक समस्याले महिलाहरू एक्लै निर्णयात्मक भूमिका निर्वाह गर्न सकिरहेका हुँदैनन् ।

# अध्ययनको अवधाणात्मक खाँका



# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्यायमा महिलाहरूको परिवार नियोजनका साधनको प्रयोगमा रहेको भूमिका, समस्या र चुनौतीका बारेमा अध्ययन अनुसन्धानका लागि प्रयोग गरिएको अनुसन्धान विधिको बारेमा वर्णन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

पोखरा लेखनाथ महानगरपालिकाको एउटा रमणीय स्थल पो.ले.म.न.पा. १५ शिक्षा, स्वास्थ्य एवम् अन्य सुविधाको दृष्टिकोणले कुनै कमि छैन । यही वडा नं. १५ लाई अध्ययनको लागि अध्ययन क्षेत्र छनोट गरिएको छ । यस वडा नं. १५ लई नै अध्ययन क्षेत्र बनाउनुको मुख्य कारण पोखराकै स्वास्थ्य र शिक्षाको दृष्टिकोणले राम्रो मानिने वडा नं. १५ का महिलाहरूको अहिलेको समयमा परिवार नियोजन जस्तो महत्वपूर्ण पाटोमा निर्णयात्मक भूमिका कस्तो रहेको छ भन्ने बारे र तिसँग सम्बन्धित समस्या र चुनौतीको बारेमा जानकारी लिन उत्सुकता जागेको र यो एउटा महत्वपूर्ण पाटो भएकोले पनि आफैमा एउटा अनुसन्धानको विषय हुन सक्छ । अहिलेको आधुनिक युगमा महिलाहरूको परिवार नियोजनका साधनको प्रयोगमा के कस्तो समस्या र चुनौति रहेका छन् भनेर अहिलेसम्म यस वडा नं. १५ मा अध्ययन नभएकोले पनि यस सम्बन्धी अध्ययन गर्न यस क्षेत्रको छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यो अनुसन्धानले परिवार नियोजनका साधनको प्रयोगमा महिलाको भूमिकामा प्रभाव पार्ने तत्वहरू खोजी गर्नु तर्फ केन्द्रित भएका कारण वर्णनात्मक ढाँचामा अनुसन्धान गरि प्राप्त तथ्यांकहरूको विश्लेषण गरिएको छ । त्यसैगरी महिलालाई परिवार नियोजनका साधन प्रयोगका समस्या र चुनौतीको खोजी गर्न अन्वेष्णात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनको उद्देश्य अनुरूप गुणात्मक प्रकृतिका तथ्यांकहरूलाई प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएको छ। उत्तरदातासँगबाट तथ्यांक संकलन गर्न वैयक्ति अध्ययन यस अनुसन्धानमा गरिएको छ । उत्तरदातासँग प्रत्यक्ष भेटेर, कुरा गरेर, उनीहरूको मिल्ने समयमा पुन भेट गरेर वास्तविक तथ्य संकलन गरिएको छ । समग्रतामा नमुना छनोट ज्यादै न्यून अथवा कम रहेता पनि गुणात्मक अनुसन्धान यो विश्वसनीय पनि रहेको छ । यसरी वैयक्तिक अध्ययन र अवलोकनबाट तथ्य संकलन गरिएको  यो तथ्यांक प्राथमिक र वास्तविक सुचना संकलन हो  । छनोट भएका उत्तरदातासँगको अन्तरवार्ता, अवलोकन, जस्ता कार्यबाट प्राथमिक सूचना संकलन गरियो भने मुख्य सुचना दाता मेडिकल संचालक र स्वयम्सेविकाबाट पनि अर्न्तवार्ताको माध्यमबाट सूचना संकलन गरियो । द्वितीय तथ्य भने विभिन्न प्रकाशित, अप्रकाशित सामग्रीहरू पुस्तक, रिपोर्ट, इन्टरनेट, टोल विकास संस्था वडा बाट प्रकाशित पुस्तक, सम्बन्धित मन्त्रालय, विभिन्न योजना तथा कार्यक्रमहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय अनुसन्धान प्रतिवेदन रहेका छन् ।

यसरी प्राथमिक र द्वितीय स्रोतबाट पो.ले. म.न.पा. वडा नं. १५ का महिलाको परिवार नियोजनका साधनको प्रयोगको भूमिकामा प्रभाव पार्ने तत्वहरू र उक्त साधन प्रयोगका समस्या र चुनौतीका बारेमा जानकारी लिइएको छ ।

## ३.४ समग्रता र नमुना छनोट

कास्की जिल्ला, पो.ले.म.पा. का विभिन्न वडा मध्ये उद्देश्य मूलक ढङ्गले वडा नं. १५ लाई नमुनाको रूपमा छनोट गरिएको छ । यस वडा नं. १५ मा रहेका जम्मा ९२४७ महिला मध्ये विवाहित वर्ष १५-४९ सम्मका महिलाहरू जो परिवार नियोजनका साधन प्रयोग गर्दछन् त्यस्ता महिलाहरू छान्नुपर्ने भएकोले यसको ठ्याक्कै तथ्यांक प्राप्त गर्न समस्या भएकोले सम्भावना रहित नमुना छनोट विविध अनुसार उद्देश्यपूर्ण छनोट गरिएको छ । यसरी नमुना छनोट गर्दा सोही वडामा रहेका ३ वटा मेडिकल सञ्चालन र एक जना स्वास्थ्य स्वयम् सेविकाबाट प्राप्त सूचनाका आधारमा २५ जना महिलाको स्नोवल नमुना छनोटको आधारमा नमुना छनोट गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलनका विधिहरू

कार्य क्षेत्रको आधारमा प्राथमिक तथ्यांक संकलन गर्न नमुना छनोट गरिएका २५ जना महिलाहरूको अध्ययनमा उद्देश्य पूरा गर्नको लागि अन्तवार्ता अनुसूची, वैयक्तिक अध्ययन विधिबाट र मुख्य सूचनादातासँगको अन्तवार्ता जस्ता प्रविधिको उपयोग गरि तथ्यांक संकलन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूची

यो विधि मार्फत तथ्यांक संकलन गर्दा मुख्य सूचनाको आधारमा छनौट गरिएका १५-४९ वर्ष सम्मका विवाहित महिलासँग अर्न्तवार्ता गरियो । तथ्यांक संकलन गर्दा परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको भूमिकामा प्रभाव पार्ने तत्वहरू सम्बन्धमा र परिवार नियोजनका साधनको प्रयोग गर्दा समस्या भएका महिलाहरूसँग मात्र अर्न्तवार्ता लिइयो । अर्न्तवार्ताका लागि अनुसन्धान प्रश्नावलीहरू आवश्यकता अनुसार संरचित तथा असंरचित ढाँचामा तयार पारिएको थियो । यसरी तयार पारिएको प्रश्नावलीमा उत्तरदाताको सामान्य परिचय शैक्षिक अवस्था परिवार नियोजनका साधनको बारेमा जानकारी भए नभएको, उक्त साधनको प्रयोग गरे नगरेको र प्रयोग गरेको भए प्रयोगकर्ताको समस्याहरू, निर्णायात्मक भूमिका पहिचान गर्न सकिने किसिमका प्रश्नहरूको सन्दर्भअनुसार उत्तर खोज्ने प्रयास गरियो ।

### ३.५.२ वैयक्तिक अध्ययन विधि

वैयक्तिक अध्ययनका लागि अनुसन्धानकर्ता स्वयमले कार्य क्षेत्रको स्थलगत अध्ययन गरिएको थियो । वैयक्तिक अध्ययन गर्ने क्रममा उत्तरदातासँग खुल्ला प्रश्नका आधारमा उनीहरूको वृत्तान्त लिइएको थियो । जसमा परिवार नियोजनका साधनको प्रयोग, निर्णायात्मक भूमिका, प्रयोगमा समस्या, प्रयोगमा प्रभाव पारेका तत्वहरू के कस्ता रहेका छन् भनेर वृत्तान्त विवरण लिइएको थियो ।

### ३.५.३ मुख्य सूचनादातासँगको अर्न्तवार्ता

परिवार नियोजन साधनका प्रयोगका समस्या र चुनौतीहरू पत्ता लगाउन अध्ययन गर्ने क्रममा उक्त बारेमा जानकारी राख्ने मेडिकल सञ्चालक तथा महिला स्वास्थ्य स्वयम

सेविकाहरूलाई मुख्य सूचनादाताको रूपमा लिइ त्यहाँ परिवार नियोजनको साधन लिन आउने र समस्या भएर आउने महिलाहरूको के कस्तो समस्याहरू भएर आउने गरेका छन् भनेर मेडिकल सञ्चालकसँग अन्तरवार्ता लिइएको थियो ।

## ३.६ तथ्यांकको प्रस्तुती एवम् विश्लेषण

संकलन गरिएका गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यक अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोध गम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । प्राप्त हुन आएका विभिन्न प्रकृतिका तथ्यांकहरूलाई निश्चित गुण, विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी तथ्यांकलाई आवश्यकता अनुसार तालिका बनाई सांख्यिकीय विधि प्रयोग गरी प्रतिशतमा खुलाइएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्र र उत्तरदाताको सामाजिक, आर्थिक पृष्ठभूमी र वैयक्तिक अध्ययन

## ४.१ क) अध्ययन क्षेत्रको परिचय

हाम्रो देश नेपालको ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्ला मध्ये विभिन्न मनोरम प्रकृतिले भरिपूर्ण स्थान मध्ये पो.ले.म.न.पा. १५ पनि एक हो । यो एक रमणिय पर्यटकिय स्थल पनि हो । पो.ले.म.न.पा. को झण्डै ५७३.७५ हेक्टर क्षेत्रफलमा फैलिएको पूर्व विरेन्द्र चोक खहरे, पशु विकास फार्म, पश्चिम सेती नदी उत्तर रामबजारको राजमार्ग र दक्षिण द्धारे खरबारी पट्नेरी सम्म फैलिएको भु-भाग वडा नं. १५ ले ओगटेको छ । पछिल्लो समय छिमेकी जिल्लाबाट बसाई सराई गरी आउने संख्या उल्लेख रहेको पाइन्छ । यस वडामा वन विज्ञान क्याम्पस, भारतीय पेन्सन क्याम्प एस.ओ.एस. बाल ग्राम, हरियो खर्क अस्पताल अन्नपूर्ण संरक्षण कोष, होटल फुलबारी, सिद्धपब्लिक कलेज, एउटा सरकारी विद्यालय र अन्य १२ वटा निजी विद्यालय रहेका छन् । यहाँ विभिन्न धर्म, भाषा, संस्कृति र समुदायहरूको बसोबास रहेको रहेको । ४३२८ घरधुरी संख्यामा ७७८० पुरुष र ९२४७ महिला गरी जम्मा १७०२७ जनसंख्या आंकलन गरिएको छ । जसमा महिलाहरूको जनसंख्या बढी रहेको छ (वडा कार्यालय- १५, २०७३)

## ४.१ ख) उत्तरदाताको सामाजिक आर्थिक पृष्ठभूमी

### ४.१.१ उमेर

उमेर जनसंख्याको एक महत्वपूर्ण आधार हो । उमेरकै आधारमा मानिसले आफ्नो जिवन अवधिमा समाज विकासको प्रक्रिया, क्रियाकलापहरू गर्ने गर्दछन् । व्यक्तिको काम गर्ने समय, कामको प्रकार तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेरको आधारमा नै कुनै पनि काम गर्ने व्यक्तिहरूमा जोश जागर आउने गर्दछ । सामाजिक अधिकार, सामाजिक महत्व, सामाजिक दायित्व, कर्तव्य र भूमिका आदि सन्दर्भमा समाजमा उमेरले प्रत्यक्ष असर गरेको हुन्छ ।

यस पो.ले.म.न.पा. १५ का महिलाहरू मध्ये विवाहित १५-४९ वर्ष सम्मका २५ जना महिलाहरूलाई उत्तरदाताको रूपमा नमुना छनोट गरिएको छ । कुनै पनि तोकिएको निश्चित सिमाभित्र आवद्ध विवरण वा संख्यालाई जनसंख्या भनिन्छ । अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका जनसंख्यालाई वा जनसंख्याको संरचनालाई उमेरगत आधारमा ४ खण्डमा विभाजन गरिएको छ । (१५-२४ वर्ष, २५-३४ वर्ष, ३५-४४ वर्ष, ४५-४९ वर्ष)

**तालिका ४.१: उमेरको आधारमा उत्तरदाता संख्या**

| **उमेर समूह** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १५-२४ वर्ष | ३ | १२ |
| २५-३५ वर्ष | ६ | २४ |
| ३५-४४ वर्ष | १३ | ५२ |
| ४५-४९ वर्ष | ३ | १२ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ४.१ अनुसार अध्ययन क्षेत्रभित्र रहेका २५ जना महिलाहरू जुन १५ देखि ४९ वर्ष समम्का रहेका छन् । त्यस उमेर समूह भित्रका सबैभन्दा धेरै ३५-४४ वर्ष उमेर समूहका उत्तरदाता रहेका छन् । उक्त उमेर समूह जनसंख्या ५२ प्रतिशत रहेको छ । अर्कोतिर सबैभन्दा थोरै जनसंख्या उमेर १५-२४ वर्ष र उमेर ४५-४९ वर्ष समूहमा बराबर रहेको पाइन्छ । यो उमेर समूह जनसंख्याको १२/१२ प्रतिशत रहेको छ ।

### ४.१.२ शिक्षा

मानिसको आधारभूत आवश्यक तत्वहरू मध्ये शिक्षा पनि एक हो । शिक्षाले मानिसलाई विभिन्न अप्ठ्यारा कामहरू पनि सहज परिस्थितिमा सफल पार्न सहयोग गराउँदछ । पो.ले.म.न.पा.-वडा नं. १५ मा बसोबास गर्ने महिलामध्ये नमुना छनोटमा परेका महिलाको शैक्षिक स्थितिको अध्ययन गर्दा शिक्षित नै देखिन्छन् । शैक्षिक स्थितिको सन्दर्भमा उत्तरदाताको शैक्षिक अवस्थालाई निम्न तालिका ४.२ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.२ : उत्तरदाता संख्याको शैक्षिक अवस्था (१५-४९ वर्ष)**

| **शैक्षिक स्थिति एवम् तह** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | - | - |
| साक्षर मात्रै | १ | ४ |
| प्राथमिक तह | ६ | २४ |
| माध्यमिक /एस.एल.सी. | १० | ४० |
| उच्च माध्यमिक | ३ | १२ |
| स्नातक वा सो भन्दा माथि | ५ | २० |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. ४.२ अनुसार अध्ययन क्षेत्रभित्र रहेका महिलाहरू सम्पूर्ण नै साक्षर रहेका देखिन्छन् । त्यस मध्येमा ४ प्रतिशत साक्षर मात्र देखिन्छन् भने प्राथमिक तह अध्ययन गरेका २४ प्रतिशत माध्यमिक तथा एस.एल.सी. ४० प्रतिशत, उच्च माध्यमिक १२ प्रतिशत र स्नातक वा सो भन्दा माथि २० प्रतिशतले गरेको देखिन्छ भने सबैभन्दा बढी एस.एल.सी. पास गरेको देखिन्छ ।

### ४.१.३ आम्दानीको स्रोतको अवस्था

सामाजिक आर्थिक तथा सामाजिक पक्षहरूका बीचमा अन्तरसम्बन्ध कायम रहेको हुन्छ । आर्थिक विकासमा सामाजिक पक्षले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । आम्दानी भन्नाले घरगृहस्थी धान्नको लागि विभिन्न जागिर पेसा, व्यवसाय गरेर प्राप्त गरेको नगद तथा जिन्सीलाई मानिन्छ ।

पो.ले.म.न.पा. वडा नं. १५, अनुसन्धान क्षेत्रका २५ जना उत्तरदाताहरूको आर्थिक स्थिति अध्ययन गर्दा प्राय सबैको आर्थिक स्थिति राम्रै देखियो । आम्दानीका स्रोतहरू मध्ये नोकरी व्यापार, खेतीपाती, ज्याला मजदुरी, वैदेशिक रोजगार, पशुपालन मुख्य रहेका छन् । आम्दानीका स्रोत तथा पेशागत विवरण निम्न तालिका ४.३ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.३: उत्तरदाताको आम्दानीको स्रोत**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | ६ | २४ |
| व्यापार | ६ | २४ |
| खेतीपाती | ३ | १२ |
| ज्याला मजदुरी | १ | ४ |
| वैदेशिक रोजगार | ७ | २८ |
| पशुपक्षी पालन | १ | ४ |
| अन्य | १ | ४ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. ४.३ अनुसार यस अध्ययनको क्षेत्रमा परेका उत्तरदाताहरूको पारिवारिक आम्दानीको स्रोत नोकरी २४%, व्यापार २४%, खेतीपातीमा १२%, ज्याला मजदुरीमा ४%, वैदेशिक रोजगारमा २८%, पशुपक्षी पालनमा ४% र अन्यमा ४% रहेका छन् भने सबैभन्दा बढी वैदेशिक रोजगारमा देखिन्छ ।

## ४.२ वैयक्तिक अध्ययन (गुणात्मक तथ्य विश्लेषण)

### केश नं. १

वर्ष ३३ कि केश नं. १ को चार जना बच्चा र बुवा आमा सहित ६ जनाको परिवार रहेको उहाँको बाल्यावस्था कुनै पनि कुराको कमि नभइकन रमाइलोका साथ बितेको बताउनुहुन्छ । एस.एल.सी. दिएपछि उहाँ कम्प्यूटर कोर्ष गर्न भनेर सानीआमाको घर काठमाडौं गएर बस्न थाल्नुभयो । कम्प्यूटर सिक्न जानेक्रममा उस्तै उमेरका थापासँग आफ्नो पहिलोपटक भेट भएको बताउनु हुन्छ । थापा क्याम्पस पढ्नको लागि काठ्माडौंमा कोठा लिएर बसेको थाहा भएपनि खासै धेरै कुरा थाहा भएन, यो भेट परिचयमा मात्र सिमित रह्यो । दिनहुँ हिड्दा बाटोमा भेट भएपनि बोल्दैनथ्यो, हाँसेर मात्र हिड्थ्यौं । मेरो कम्प्यूटर कोर्स पूरा भएपछि म आफ्नो घर फर्के । दाईको विवाहमा सानी आमाकोमा जाँदा थापासँग फेरी भेट भएको र यो भेटले उहाँहरू नजिक भएको र विस्तारै नजिकिने क्रममा उमेर नै यस्तो भएर होला आँफूहरूलाई सम्हाल्न नसक्दा केटाले प्रस्ताव राखेको र आफुले

नाई नभनेर शारीरिक सम्पर्क हुन पुगेको बताउनुहुन्छ । कुन पिरिएडमा शारीरिक सम्पर्क राख्दा सुरक्षित हुन्छ भन्ने ज्ञान नभएर मैले उहाँलाई कुनै अस्थायी साधनको प्रयोग गर्न आग्रह गरेपछि उहाँ पसलमा गर किनेर ल्याउनु भएको भनेर बताउनु भयो । खासै त्यहाँ उहाँलाई कसैले नचिनेको भएर किन्न अप्ठ्यारो नलागेको बताएपनि मलाई भने हामीले ठूलै पाप गर्न लागेको जस्तो अनुभव भएको थियो भन्नुहुन्छ । कण्डमको प्रयोगपछि बच्चा नरहने र कुनैपनि सरुवा रोग नसर्ने पक्का भएपनि कहिलेकाँही डर भने लाग्ने गरेको बताउनु हुन्छ । यसरी लामो समय बस्नुभन्दा बरु जात पनि मिल्ने विवाह नै गर्नुपर्‍यो भनेर मैले नै प्रस्ताव राखेपछि उहाँले नै हुन्छ भन्नु भयो र आफु दुवैजना जात मिल्ने भएको र परिवारको सल्लाहले हाम्रो २२ वर्षको उमेरमा विवाह भयो । विवाह भएपछि छिट्टै बच्चा भएमा सम्पूर्ण जिम्मेवारी आमाको हुने र स्वतन्त्र भएर हिड्न पाइँदैन भन्ने सोचले आफूले श्रीमानलाई अस्थायी साधन प्रयोग गर्नुभन्दा उहाँले मान्नु भएन । पहिला सजिलै कण्डम प्रयोग गर्ने मान्छे विवाहपछि झन्झटिलो हुन्छ, तिमीहरूको लागि सजिलो अस्थायी साधनहरू छन् तिनै प्रयोग गर, नभए अब म बाहिर देश जाँदैछु राम्रो भएमा पैसा राम्रै कमाइ हुन्छ, एउटा बच्चा पाएपनि हुन्छ भन्नुभयो । तर मैले बरु आफै अस्थायी साधन प्रयोग गर्ने र अहिले नै बच्चा नजन्माउने भनेर अस्थायी साधन खाने चक्की प्रयोग गर्न थाले । यसको बारेमा मलाई भाउजुबाट थाहा भएको थियो । श्रीमानको बाहिर जान मिलेन तर आमाले मलाई र दाईहरूलाई दुई वर्षको लागि हङ्कङ् बोलाउनु भयो । श्रीमानले जाने स्वीकृति नदिएपनि म भने घुमेर आउँछु भनेर जीद्वि गर्न थाले र म आमालाई भेट्न भन्दा पनि घुम्ने रहरले आमा भएको ठाउँमा गए । दुइ-चार महिना घुमेपछि त्यति नजिक नभएकोले र घरबाट श्रीमानले बोलाएको बोलाऐ गरेपछि आफु दुईवर्ष नपुग्दै फिर्ता आएको बताउनु भयो । त्यसपछि भने श्रीमानको करले गर्दा हामीले बच्चा पाउने निर्णय गरेर छोरी जन्मेको बताउनु भयो । आफ्नो इच्छा नभएपनि श्रीमानको भरमा बस्नुपर्ने भएकोले उक्त निर्णय गरेको बताउनुहुनछ । छोरी जन्मने वित्तिकै श्रीमान्लाई दुबईको लागि भिषा लाग्यो र दुबई जानुभयो । श्रीमान् गएको ३ वर्षपछि छोरीलाई परिवारको जिम्मामा छाडेर म पनि दुबई गए । हामी त्यहाँ पैसा कमाउनमा तल्लिन थियौं । यस्तोमा बच्चा भएमा गारो हुन्छ भनेर मैले कपरटिको प्रयोग गरे । कपरटि प्रयोग गरेपछि मेरो महिनावारी हुन रोकियो । नौ महिनासम्म महिनावारी नभएपछि मैले कपरटी निकालिदिए । कपर टि निकालेर खाने औषधि खान थाले र महिनावारी रेगुलर हुन थाल्यो । दुबई गएर पाँच वर्षसम्म हामी दुवैले मेहनत गरेर घर जग्गा किन्यौ । अब भने हामीले दोस्रो बच्चाको बारेमा सोच्नु पर्दछ भनेर अस्थायी साधनको प्रयोग छोडिदिए । तर लामो समयसम्म पनि बच्चा भएन । डक्टरकोमा जाँदा धेरै

कामको व्यस्तता र श्रीमान र मेरो काम गर्ने समय बेग्लै भएकोले शारीरिक र मानसिक थकानका कारण पनि यस्तो हुने भनेपछि हामीहरूले काम गर्ने समयपनि छोट्यायौ र समय पनि मिलायौं । तर कुनै तरिकाबाट पनि बच्चा रहेन । हामी नेपाल फर्क्यौं । अहिले छोरी ११ वर्षकी भएकी छन् । तर हाम्रो अर्को बच्चा हुन सकेको छैन भन्नु हुन्छ । श्रीमानले बच्चा नरहेकोमा मलाई नै दोष दिनुहुन्छ । अहिले भने श्रीमान विदेश गएपनि आफु घरमा नै बसेर दुइवटा बच्चा भएपछि मात्र परिवार नियोजनका साधन प्रयोग गरेको भए मेरो दुईवटा बच्चा बनाउने रहर र परिवारको इच्छा पनि पुरा हुने थियो भनेर पछुतो लागेको बताउनुहुन्छ । सासु आमालाई छरछिमेक नातागोताका मान्छेले बुहारीलाई एउटा नाति पाउनु भन भनेर सुनाउने गरेकोले उहाँले हरेक दिन पितृकार्य, काजक्रिया गर्न र स्वर्ग जान छोरा चाहिन्छ भनेर झगडा गर्नुहुन्छ । सासु आमाको नाति पाउने रहर भएपनि आफुलाई आमाले भन्दा माया गर्ने सासुको रहर पुरा गर्न नसकेकोमा नमज्जा लाग्ने गरेको बताउनु हुन्छ ।

## केश नं. २

१८ वर्षकी केश नं. २ को १० कक्षामा पढ्दा पढ्दै आफ्नै गल्तिले गर्दा समाजमा आफ्नो बेइज्जत भएको बताउनुहुन्छ । जिन्दगीमा गर्ने नहुने लापरवाही भएको बताउनुहुन्छ । कक्षा १० मा पढ्नेबेलामा साथीहरूसँग ट्यूशन पढ्न जाँदा आफैसँग पढ्ने साथीसँग नजिकिदै जाँदा भुल वश शारीरिक सम्बन्ध भएको र शारीरिक सम्बन्ध राख्ने बेलामा सुरक्षित हुनको लागि अपनाउने साधनको बारेमा विद्यालयमा नै पढ्नुपर्ने भएकोले थाहा भएको तर परिवार नियोजनको साधन किन्नको लागि साथमा पैसा पनि नभएको र केटा साथीलाई भन्न अप्ठ्यारो लागेको, अवस्था पनि त्यति सजिलो नभएकोले गर्दा कुनै पनि साधन प्रयोग नगरी शारीरिक सम्बन्ध भएको बताउनु भयो । एकपटक सम्बनधले नै के बच्चा रहलार परिवार नियोजन साधन किन्न जानपनि गाउँ घर मेडिकलमा सबैले चिनेको टाढा जाने समय नभएको र केटा र आफु दुवै सानो उमेरको भएकोले उक्त साधन किन्न जाँदा पनि पसलेले शंका गर्दछ की भन्ने डर भएकोले पनि हामी विना साधनको नै सम्पर्कमा पुग्यौं र दुई महिनासम्म पनि महिनावारी नभएपछि शंका लाग्यो र साथीलाई भनेपछि बच्चा रहे नरहेको थाहा पाउन सकिन्छ भनेर साथीले नै त्यसको व्यवस्था मिलाइदिइ । नभन्दै बच्चा रहेको थाहा भयो । यसरी कतिदिन लुकाउने पेट देखिन थालेकोले मैले केटोलाई भेटेर कि मलाई लैजा होइन भने म मर्दछु भने पछि केटाले दुइ तिन दिन पर्खि म कोठाको व्यवस्था गर्दछ अनि विवाह गरौंला भनेपछि म घर जान ठिक मानिन र त्यहीबाट साथीको घरमा गएर ३

दिन बसे त्यसपछि त्यही साथीलाई लिएर मन्दिर गएर विवाह गऱ्यौं र सँगै बस्यौं । म २-३ दिन सम्म घर नर्फकदा घरमा बुवा आमा आत्तिनु भयो होला भनेर साथीलाई खबर गरिदेउ भने । आमाले फोनबाट मरेपनि मरोस भन्नुभयो अरे । कमाइ केही नभएका हामी कति दिन यसरी बस्न सक्थ्यौ र केटाको घरमा पनि फर्केर आउन पर्दैन भनेका छन् रे अब के गर्ने होला भनेर दिक्क लाग्यो । अब घरमा नै जानु पर्दछ भनेर सबैले सल्लाह दिएपछि हिक्मत गरेर घरमा गयौं । घरका सबैले श्रीमानलाई भन्दा बढी दोष मलाइ दिएर गाली गर्न थाल्नुभयो । बुढी सासुले जे भएपनि बुहारी भै टिका लगाएर भित्रले भनेर सासुलाई गाली गर्नुभयो र हामीलाई घरमा राख्नुभयो । तर दिनहुँ गाली खानु पर्दथ्यो । वरपरकाले कुरा काट्दै हेर्दथे । मलाई त्यहाँ बस्न ज्यादै गारो भएको थियो । यस्तैमा ९ महिना पुरा भएर छोरी जन्मेपछि म सुत्केरी खान माइत आए । सबैले विवाह नहुँदै यस्तो उपद्रो गर्ने आमाकी छोरी कस्ति हुने हो भनेर कुरा गर्दा मेरो गल्तिले छोरीको भविष्यलाई असर गर्ला जस्ता लाग्यो र कसैले नचिन्ने ठाउँमा गएर बस्न पाए हुन्थ्यो भनेर श्रीमानसँग सल्लाह गरेर हामीहरू घरमा नगइ कोठा लिएर बस्न थाल्यौं । श्रीमानले पनि पढाइ छाड्नु भएको थियो लाजले विद्यालय जानुभएन । उहाँले एउटा स्टोरमा काम गर्न थाल्नु भयो र त्यही पैसाले जीवन निर्वाह गरेको बताउनुहुन्छ । आफुले त थाहा भएको कुरालाई वेवास्था गरेर यति ठूलो समस्या भोग्नुपऱ्यो अब भने साथीहरूलाई यस्तो गल्ति नगर्नु र गरिहालेपनि अस्थायी साधनहरू प्रयोग गरेर वा सुरक्षित किसिमले सम्बन्ध राख्नुभनेर सम्झाउँछु । अहिले भने अर्को बच्चा नजन्माउने र छोरीलाई राम्रो शिक्षा दिक्षा र राम्रो वातावरण दिएर हुर्काउने सोचले बेलामा नै बुद्धि पुऱ्याएर उहाँको विश्वास नगरी आफैले खाने चक्कि प्रयोग गरेकी छु भन्नु हुन्छ । अहिले म लाज पनि मान्दिन र मेडिकलमा गएर केटा केटी जो भएपनि उक्त औषधि किन्न आएको भनेर माग्ने गर्दछु भन्नुहुन्छ ।

## केश नं. ३

हाल पोखरा उ.म.न.पा.- १५ नयाँ गाउँ बस्ने २७ केश नं. ३ को परिवारको आर्थिक स्थिति कमजोर भएको कारणले उहाँको पढाइमात्र छुटेन परिवारबाट पनि टाढा हुनु पऱ्यो । आमा, भाइलाई गाउँमा नै छाडेर उहाँ १३ वर्षको उमेरमा नै नातेदारको घरमा गएर बस्न थाल्नुभयो । घरमा विहान बेलुका सहायता गर्ने र दिउँसोमा अफिसमा सामानको प्याकिङ्गको काम गर्न शुरु गर्नुभयो । यसरी काम गर्ने क्रममा नै उहाँले काम गर्ने ठाउँको नजिकै काम गर्ने व्यक्तिसँग चिनजान भएको उहाँले बताउनु भयो । विवाह हुनुपूर्व केटाले शारीरिक सम्बन्धको लागि प्रस्ताव राखेपनि आफुले नमानेको बताउनुहुन्छ । विवाह पहिलै राखेको

सम्बन्धबाट बच्चा रह्यो र केटाले धोका दिएमा के होला भनेर सोचेको तर पटक पटकको करकाव र विवाह गर्ने बाँचा गरेपछि मैले पनि विना सुरक्षा अपनाए शारीरिक सम्बन्ध नराख्ने प्रस्ताव राखेपछि उहाँलाई अप्ठ्यारो परेको थियो  भन्नुहुन्छ । तर उहाँको एकजना विवाहित साथीलाई भनेपछि पहिला उसले गाली गरेछ र पछि उसले अस्थायी साधन कण्डम दिएर पठाएपछि भने ढुक्क भएको कुरा व्यक्त गर्नुहुन्छ । चिनजानकै क्रममा उहाँको र मेरो प्रेम विवाह भयो । त्यसपछि दुवैजना त्यहाँबाट पोखरा आउनुभयो । पोखरामा न त बस्ने ठाउँको नै ठेगान थियो न त कुनै जागिर नै त्यहाँबाट उहाँहरूको ज्यादै कष्टदायी जीवन शुरु भएको बताउनु हुन्छ । पैसा कमाएर जीवन काट्न गाह्रै परेको थियो । पोखरामा आएपछि उहाँलाई अस्थायी साधन दिएर सहयोग गर्ने साथी छुटेको र हामी दुवैलाई उक्त साधन किन्न जान संकोच लागेको बताउनु भयो । कति पटक त पसल सम्म पुगेर पनि भन्न नसकेर फिर्ता आएको बताउनु हुन्छ । यसरी अस्थायी साधन किन्न समस्या परेको र महिलाको अस्थायी साधनको बारेमा खासै जानकारी नभएकोले बिना प्लानिङ्ग नै बच्चा जन्मेको बताउनु हुन्छ । २०६३ मंसिरमा प्रेम विवाह गर्नुभएको उहाँ एक वर्ष पुग्दा नपुग्दै ०६४ पौषमा पहिलो बच्चा भयो । बालविवाह गर्न नहुने थाहा हुँदाहुदै पनि विवाह गरेको बताउनु हुने उहाँले परिवार नियोजनको साधनका बारेमा केही जानकारी भएता पनि त्यसको प्रयोग गर्ने बिचार नआएको बताउनु भयो । जब पहिलो बच्चा भयो, सानो उमेर र बच्चा ४  के.जी भएको कारण अप्रेशन गर्नु पर्‍यो । त्यसले गर्दा समस्या बढ्दै गयो । पहिलो बच्चा छोरी थियो र अर्को बच्चा पनि चाहिन्छ भन्ने सोचले जन्मान्तरको लागि श्रीमान श्रीमती दुवै जनाको सल्लाहमा निलोकन चक्कि खाने गरेको बताउनु भयो । पछि औषधिको सेवनले दोस्रो बच्चा हुँदैन रे भन्ने सुनेर चक्कि सेवन गर्न छोड्नु भयो । उक्त चक्कि खान छाडे पनि छिटै नै दोस्रो बच्चा नरहेको बताउनु हुन्छ । निलोकन चक्कि सेवन गर्न छाडेको लामो समयपछि दोस्रो बच्चा छोरी भयो । त्यसपछि बच्चाको चाहना नभएको र दुवैको सल्लाहमा नै स्थायी नियोजन गरेको बताउनु हुन्छ । दुवै छोरी अप्रेशन गरेर जन्मिएका र तेस्रो बच्चा पाउन ठिक हुँदैन जस्तो लागेर त्यत्तिकै बेला स्थायी नियोजन गरेको बताउनु हुन्छ । बच्चा जन्माउन अप्रेशन गरेकै बेला स्थायी नियोजन गर्न सजिलो हुने भएकोले श्रीमानले भन्दा आफुले नै स्थायी नियोजन गरेको बताउनु हुन्छ । पटक पटक अप्रेशन गरेको, घरमा सघाउने, स्याहार गर्ने, सल्लाह दिने बुढा-पाका मान्छे नभएकोले अहिले आएर शरीर कमजोर भएको महसुस भएको बताउनु हुन्छ । शरीर मोटो भएपनि शरीर बलियो नभएको बताउनु हुन्छ । दुई छोरीलाई समय अनुसार बोर्डिङ्ग स्कुलमा राखेर

पढाएको आफु धेरै नपढेको र काम नपाएकाले गर्दा श्रीमानलाई सघाउन नपाएकोमा दु:ख लागेको कुरा उहाँले व्यक्त गर्नुभयो ।

## केश नं. ४

वर्ष ४९ की केश नं. ४ को त्यति बेला बुवाले अर्को विवाह गर्नुभएको रहेछ र छोरी पनि जन्मेको थाहा भएपछि आमाले उहाँलाई र दुईवटा भाइ लिएर आफ्नो माइती पोखरामा आएर बस्न थाल्नु भएको रहेछ । आमाको माइतीमा आर्थिक स्थिति राम्रो भएको कारण आमाले उहाँहरूलाई पढाउन, लेखाउन र हुर्काउन कहिल्यै कठिनाइ नपरेको उहाँले बताउनु भयो । त्यति बेला केटी मान्छेलाई एस.एल.सी. दिने वित्तिकै प्राय विवाह गर्ने चलन भए तापनि आफुले आइ.एड. गर्ने मौका पाएको बताउनु भयो । आइ.एड. पढ्दै शिक्षक सेवा आयोग लडेर शिक्षिका पनि हुनु भयो । आफ्नो आम्दानीबाट घरमा आमालाई पनि उहाँले सघाउने गरेको बताउनु हुन्छ । क्याम्पस पढ्दै गर्दा नेपालका धेरै जसो जिल्लाहहरू घुमेको अनुभवहरू भन्नुहुन्छ । त्यतिबेला छोरीको विवाह छिटै गर्ने चलन भएपनि उहाँलाई आमाबाट कुनै दवाव नआएको र आफुलाई पनि छिटै विवाह गर्ने इच्छा नभएकोले २०४९ सालमा २५ वर्षको उमेरमा २७ वर्षको केटासँग उहाँको विवाह भएको थियो । खुला वातावरणमा स्वछन्द तरिकाबाट हुर्केकि उहाँलाई विवाहपछि परिवार तथा घरधन्दा र जागिर धान्न गारै परेपनि परिवारको सहयोगमा जागिर र घर धान्दै आउनुभयो । विवाह भएको २०४९/०१/२४ थियो भने २०५०/१०/२४ मा पहिलो बच्चा छोरा प्राकृतिक रूपमा नै जन्मिएको थियो । उमेर पनि ठिकै भएकोले पहिलो बच्चा जन्माउन दुवैजना तयार नै हुनु भएकोले कुनै परिवार नियोजनका साधनको आवश्यकता महसुस नभएको बताउनु भयो । पहिला बच्चा पछी छिटै नै दोस्रो बच्चा भएको तर जन्मने वित्तिकै बच्चा नरहेको डक्टरबाट जानकारी पाएको बताउनु भयो । कारण खासै थाहा नभएपनि लामो समय सम्म यो बच्चाको कारण्ले आफु निराश भएको बताउनु भयो । उक्त बच्चा नरहेपछि आफ्नो शारीरिक स्थिति पनि मानसिक स्थिति कमजोर भएको महसुस भयो र श्रीमानसँग उक्त प्रस्ताव म आफैले नै राखे तर कुरा गर्ने बेलामा सासु आमाले सुनेको अझै आफूलाई नातिनातिनाको रहर नपुगेको र बच्चा रोक्नु हुँदैन पाप लाग्दछ भनेर गाली गर्नुभयो । भगवानले दिएको बरदान हो, कतिको बच्चा नभएर रुदै हिड्नु पर्दछ । तिमीहरू भने बच्चा रोक्न खोज्दैछौं भनेर गाली गर्नुभयो । त्यतिबेला हामी दुवै जना चुप लागेर बस्यौ र पछि फेरी हामी श्रीमान श्रीमतीको सल्लाहमा अस्थायी साधनको प्रयोग गर्ने निधो भयो । कुन साधन प्रयोग गर्ने भन्ने कुरामा पनि छलफल गर्‍यौं । परिवार नियोजनका स्थायी अस्थायी

साधनबारे शिक्षक भएकोले आफुलाई धेरै नै जानकारी भएपनि कुन साधन प्रयोग गर्ने भनेर निर्णय लिन गारो भयो । उहाँले केटा मान्छेले प्रयोग गर्ने साधन सजिलो हुने भएकोले म नै प्रयोग गर्दछु भन्नु भयो तर मलाई ठिक लागेन किन भने छोरा ठूलो भैसकेको र घरमा सासु ससुरा देवर सबै सँगै बस्ने हुँदा उक्त साधन प्रयोग गर्न पूर्व पनि लुकाएर राख्न समस्या र प्रयोग गरि सकेपछि पनि फ्याक्नको लागि समस्या पर्ने हुँदा श्रीमान र आफ्नो दुवै जनाको सल्लाहमा तिनमहिने सुई डक्टरको सल्लाह लिएर लगाउन थाल्नु भयो । परिवारमा यो बारेमा जानकारी नभए पनि परिवारबाट कहिल्यै पनि अर्को बच्चाको लागि दवाव आएन । जब अब अर्को बच्चाको लागि तयार भयौं मैले उक्त सुइ लगाउन छाडिदिए भन्नु हुन्छ । उक्त सुइ लगाउन शरीर कमजोर भएको, महिनावारी समयमा नहुने, केही मोटाएको अनुभव उहाँले गर्नुभयो । तेस्रो बच्चा उहाँको २०५७ सालमा छोरीको रूपमा जन्म भयो । त्यतिबेला घरमा सबै खुशी भएको बताउनु भयो । परिवार बढ्दै गएपछि उक्त आम्दानी कम भएको महसुस गरेर श्रीमान बाहिर देश जानु भयो । अहिले बच्चाहरू क्याम्पस पढ्ने भएका छन् । सासु आमा पनि बित्नु भयो । छोराछोरी अहिले मेरो लागि साथी जस्तै छन् । म उनीहरूसँग साथीको जस्तै व्यवहार गर्दछु भन्नुहुन्छ । छोरा र छोरीमा कत्ति पनि भेद्भाव नगर्ने उहाँले छोरीलाई चाहेजति पढाएर मात्र विवाह गर्ने कुरा बताउनु हुन्छ । विवाह भएपछि आफ्नो पढाइ वि.एड. पूरा गर्न नपाएको र छोरीको अवस्था पनि मेरो जस्तो नहोस् भनेर छोरीलाई पढाएर मात्र विवाह गर्ने कुरा बताउनु हुन्छ । छोराको त जागिर खाएपछि मात्र विवाह गर्नुपर्छ किनभने छोराले विवाह गरेर ल्याएपछि श्रीमती पाल्न सक्ने हुनुपर्दछ भन्नुहुन्छ । आफ्नो नै स्थायी जागिर भएकी उहाँले छोरा बुहारीबाट ठूलो आशा पनि राख्नु भएको छैन । बुहारी पनि छोरी जस्तै नै हुन् तिनीहरूलाई हामीले आमाले जस्तै माया दिन सके उनीहरू पनि छोरी बन्न सक्छन् भन्ने उदार भावना भएकी उहाँ सधै हँसिलो, खुशी र सधै सबैलाई सहयोग गर्न तत्पर रहनु हुन्छ ।

## केश नं. ५

३५ वर्षीया केश नं. ५ को बसाई सरेर पोखरा आउँदा आफुले भर्खर एस.एल.सी. दिएको बताउनु हुन्छ । एस.एल.सी. सम्म गरेको उहाँले आफ्नो पढाइ अगाडि बढाउने इच्छा हुँदाहुँदै पनि पढाइ अगाडि बढाउनु भएन चार जना दिदी बहिनी र एक दाजु सहितको ७ जनाको परिवार रहेका उहाँको बुवा बेलायतमा हुनु हुन्थ्यो । त्यतिबेला परिवार नियोजन सम्बन्धी साधनको सुलभता गाउँघरमा नभएर वा गाउँघरमा परिवार नियोजन गर्नु राम्रो नमान्ने भएकोले होला आफ्नो परिवार ठूलो भएको बताउनु हुन्छ । बौद्ध धर्म मान्ने उहाँको

झुकाव हिन्दुधर्म तिर पनि रहेको बताउनु हुन्छ । व्युटिसियन कोर्स गर्दै गरेकी उहाँको आफ्नै साथी मार्फत उहाँको श्रीमानसँग चिनजान भएको बताउनु हुन्छ  उहाँको अनुसार गुरुङ्ग समाजका प्राय भागी विवाह गर्ने र पछि भित्राउने चलन भएकोले आफुहरू पनि भागि विवाह गरेको बताउनु हुन्छ । भागी विवाह गर्नुभएको उहाँको ससुरा इण्डियन आर्मीको पेन्सन पट्टा भएको हुनुहुन्दो रहेछ र सासु सुसरा दुवै जना गाउँमा नै बस्नुहुन्छ । त्यसैले यहाँ पोखरामा श्रीमान र आफु मात्रै कोठा भाडाँमा लिएर बसेको बताउनु भयो । विवाह पुर्व नै चिनजान भएपनि र नजिकिएपनि गुम्न जाने, फिल्म हेर्न जाने गरेपनि आफुहरू बिच शारीरिक सम्पर्क भने नभएको बताउनु हुन्छ । विवाह भएपछि  भने केटा मान्छेले प्रयोग गर्ने अस्थायी साधन प्रयोग गर्न मैले श्रीमानलाई अनुरोध गरेको र श्रीमानले पहिला मान्नु भएन म व्युटिसियन भएकोले आफ्नो शरीरको बनोट र स्वास्थ्य प्रति अलि बढी नै सचेत भएकोले आफ्नो आर्थिक स्थिति राम्रै भएको कारण श्रीमानलाई सम्झाएर मनाएपछि श्रीमानले अस्थायी साधनको प्रयोग गर्न थाल्नुभएको तर साधनको प्रयोगले गर्दा हामी दुवैमा सन्तुष्टि नभएपछि मैले नै त्यो साधन प्रयोग नगर्न भनेर म आफैले बच्चा जन्माउने प्रस्ताव राखे जसले गर्दा श्रीमानपनि खुशी ने हुनुभयो । २१ वर्षको उमेरमा छोरी जन्मेपछि एकल परिवार भएकोले नानीको रेखदेख गर्न गारो परेको बताउनु हुन्छ । केही समयपछि श्रीमान रोजगारीको खोजीमा विदेश गएपछि एक्लै बच्चा हुर्काएको अनुभव बताउनु हुन्छ । परिवार नियोजनको बारेमा साथी र टि.भि र रेडियोबाट जानकारी प्राप्त गरेकी उहाँले श्रीमान घरमा आएको बेलामा मात्र औषधी सेवन गरेको बताउनुभयो । क्लिनिकमा गएर सल्लाह अनुसार नै औषधि खाएको बताउने उहाँले औषधिले तल्लो पेट दुख्ने महिनावारी हुँदा ढाँड दुख्ने समस्या भएको बताउनु भयो । आफुलाई समस्या भएपनि पुरुषको भन्दा महिलाको अस्थायी साधन सजिलो भएकोले आफुले नै प्रयोग गरेको बताउनु भयो । परिवार नियोजनका स्थायी अस्थायी साधनको बारेमा धेरै नै जानकारी राख्नु भएकी उहाँले दोस्रो बच्चा छोरा भएपछि सन्तानको रहर पुगेपनि श्रीमान विदेशमा बस्ने र कहिले काही मात्र आउने हुँदा स्थायी साधन प्रयोग नगरेको र कहिले काहि औषधि नै प्रयोग गर्दै आएको बताउनु भयो । दुइवटा बच्चा भइसकेपछि परिवारबाट र श्रीमानबाट पनि अर्को बच्चाको लागि कुनै दवाव नआएको बताउनु भयो । श्रीमान विदेश भएकोले घरधन्दा र बच्चा बच्चिको रेखदेख, पठनपाठन आफैले हेर्नुपर्ने भएकोले व्यूटीपार्लर छाडेको र घरधन्दामा नै व्यस्त रहेको बताउनु हुन्छ । केही समस्या परेपनि श्रीमानले केटा मान्छे भएको पसल खोजी खोजी उक्त साधन किन्ने गरेको बताउने उहाँले पहिलो बच्चा भएपछि भने उहाँ आफै नै परिवार नियोजन संघमा नै गएर निःशुल्क औषधि लाज नमानी ल्याउने गरेको बताउनु हुन्छ । अहिले भने कहिलेकाही

श्रीमान आएको बेलामा नजिकैको मेडिकलबाट केटी भएको मौका पारेर औषधि किनेर ल्याउने गरेको बताउनु हुन्छ ।

## केश नं. ६

वर्ष ३५ की केश नं. ६ को हाल पोखरा १५ मा बसोबास गर्दै आउनु भएको छ । हिन्दु धर्ममा आस्था राख्ने उहाँको १७ वर्षको उमेरमा नै प्रेम विवाह भएको थियो । छिट्टै बच्चा जन्माउन मन हामी दुवैमा नभएपनि एकले अर्कालाई उक्त कुरा भन्न नसकेको बताउनु हुन्छ । अहिले बच्चा नजन्माउँ, अस्थायी परिवार नियोजनको साधन प्रयोग गरौं भन्दा श्रीमानले नराम्रो सोच्ने हो कि परिवार नियोजनको साधनबारे कसरी जानकारी भयो भनेर सोध्ने र नराम्रो सोच्नेपो होकी भनेर भन्न अप्ठ्यारो लागेको बताउनु हुन्छ । श्रीमानलाई पनि त्यस्तै सोचाइ आएको रहेछ भन्ने कुरा पछि थाहा भएको बताउनु हुन्छ । श्रीमानको मनमा पनि आफ्नो काम नभएको बच्चा भएमा जिम्मेवारी पनि बढ्ने बरु २-४ वर्ष बच्चा नजन्माइकिन रमाइलो, घुमघाम पछि बच्चाको बारोमा सोच्न पाए हुने थियो भन्ने लागे पनि कसरी भन्ने ? अस्थायी साधन कसले प्रयोग गर्ने? भन्दा नराम्रो सोच्ने होकी भनेर भन्न नसकेको भन्ने कुरा व्यक्त गर्नुहुन्छ । दुवै जनाको मनमा एउटै सोच भएपनि व्यक्त नगरेकोले परिवार नियोजनका साधनको बारेमा ज्ञान हुँदा हुँदै पनि सल्लाह र अर्न्तक्रियाको कमील्को कारण १७ वर्षको उमेरमा नै बच्चा भएको थियो । पहिलो बच्चा भएपछि भने महिनावारी नहुँदै सुत्केरी भएको ६ महिनामा नै बच्चा रहन गएछ त्यतिबेला भने पहिलो बच्चा हुर्काउने क्रममा दोस्रो बच्चा अहिल पछि मात्र जन्माउने भनेर सल्लाह भएको थियो र पाँच वर्ष सम्मलाई ढुक्क हुने कपरटी प्रयोग गर्ने निर्णय पनि भएको थियो । तर ६ महिनामा नै महिनावारी नहुँदै बच्चा रहन्छ भन्ने जानकारी नभएकोले पहिलो बच्चा दुई वर्ष नपुग्दै दोस्रो बच्चा पनि भएकोले दुइवटा बच्चा एक्लैले हुर्काउन गारो भएको बताउनु हुन्छ । १८ वर्षको उमेरमा नै आमा बन्नुभएको उहाँले दोस्रो बच्चा पनि छिटै भएको कारण अर्को बच्चा नजन्माउनको लागि परिवार नियोजनको स्थायी साधन ३ महिने सुइको प्रयोग गरेको बताउनुभयो । दुईवटा बच्चा नै छोरी भएको कारण परिवारको वंश चलाउन छेरी पर्ने भनेर परिवारबाट परिवार नियोजनको साधन प्रयोग नगर्न आग्रह गरेपनि उहाँलाई छोराको खासै चाहना पनि नभएको र अर्को बच्चा जन्माउने इच्छा नभएकोले परिवारको आग्रहलाई वेवास्था गरेको बताउनु हुन्छ । तर उहाँको यस निर्णयमा श्रीमानको पूर्ण सपोट रहेको बताउनु हुन्छ । अहिले एकल परिवारका रूपमा श्रीमान आफु र दुई छोरीका साथमा बस्नु भएको उहाँको श्रीमान व्यापार गर्नुहुन्छ । उहाँ भने घरधन्दाको कार्यमा नै व्यस्त रहनु हुन्छ । उमेरको हिसाबले १७-१८ वर्षको मात्र फरक रहेकोले पनि उहाँ छोरीहरूसँग साथीको

जस्तै व्यवहार गर्नुहुन्छ । छोरीहरू सानो छँदा हुर्काउन गारो भएपनि अहिले सम्म पनि स्थायी नियोजन नगर्नुभएको उहाँले अर्को बच्चा जन्माउनको लागि होइनकी स्थायी नियोजन गर्ने आट आफुमा नभएको र श्रीमानले स्थायी नियोजन गर्न अर्को वर्ष-अर्को वर्ष भनेर आनाकानी गरेकोले अहिले सम्म पनि अस्थायी साधननै प्रयोग गरि रहेको बताउनु हुन्छ । केटा मान्छेले प्रयोग गर्ने साधन घरमा लुकाएर राख्न समस्या परेकोले उहाँ आफैले नै अस्थायी साधन प्रयोग गर्दै आएको बताउनु हुन्छ । घरमा छोरीहरू क्याम्पस पढ्ने भएका र घरको सरसफाई, सबै उनीहरूले नै गर्ने भएकोले लुकाएर राख्न ठाउँ पनि नभएको बताउनु हुन्छ । अहिले कहिले काँही मेरो महिनावारी हुने समयमा समस्या पर्दा श्रीमानले म आफै अस्थायी साधन प्रयोग गर्दछु भनेर किनेर ल्याउनु भएको थियो । प्रयोग गरेको साधन डस्वीनमा राख्दा छोरीहरूले देखेपछि लाजमर्दो भएकोले भोलिपल्टै सबै साधन फोहोरको थैलोमा फ्याकेको बताउनु हुन्छ ।

## केश नं. ७

३७ वर्षिय केश नं. ७ को बाल्यकाल शहरी माहोलमा बडो रमाइलोको साथ बितेको बताउनु हुन्छ दुई छोरा र दुई छोरी मध्ये सबैभन्दा जेठी उहाँलाई लवाइखवाई र लेख पढमा कुनै कमी नभएको बताउनु हुन्छ । बुवा आमा दुवै मिलेर व्यापार गर्नुहुन्थ्यो । बुवा आमा दुवै जना शिक्षित भएकोले गर्दा उहाँहरूको आवश्यकता तथा समस्याहरू बुवा आमाले सजिलै बुझ्ने हुँदा उहाँहरूलाई धेरै सजिलो भएको थियो । ब्राह्मण समाजमा छोरी १९, २० वर्ष भएपछि विवाह गर्नुपर्छ भन्ने मान्यताले गर्दा २० वर्षको उमेरमा उहाँको विवाह भएको थियो । उहाँको विवाह हिन्दु धर्मको रितिरिवाज अनुसार मागेर भएको थियो । बुवा आमाले नै केटा रोजेर आफुसँग सोधेर मात्र विवाहको कुरा अगाडी बढाउनु भएको थियो । मनमा दुईतिन वर्ष पढेर वि.ए. सिद्धाएर केही काम गर्न शुरु गरेपछि मात्र विवाह गर्ने इच्छा भएपनि बुवाआमाको अगाडि उक्त कुरा राख्न अप्ठ्यारो लागेर नभनेको बताउनुहुने उहाँले विवाहको लागि स्वीकृति दिनुभएको थियो । सानो परिवारमा पढेबढेकी उहाँको घरमा भने ८ जनाको परिवार थियो । घरमा पनि व्यापारको साथै खेतबारी भएकोले कृषि कार्य पनि गर्नुपर्ने हुन्थ्यो घर धन्दाको कामको लागि खासै समस्या नभएपनि कृषि कार्य गर्नु भने गारो लाग्ने बताउनु भयो । विवाहपछि लामै समय सम्म पनि शारीरिक सम्पर्क नभएको बताउने उहाँले विवाहको केही समयपछि घुम्न भनेर काठमाडौं जाने क्रममा आफ्नो भविष्यको बारेमा कुरा गर्दै जाँदा बल्ल बच्चाको बारेमा कुरा चलेको र श्रीमानले तिमीले तिम्रो इच्छाले पढ्न मनलागे पढ या जे गरेपनि गर म भने अझै दुईचारवर्ष बच्चाको लागि तयार छैन

भन्नु भयो त्यो दिन उहाँले मेरो मनकै कुरा भनेजस्तो लाग्यो र म ज्यादै खुशी भए । काठमाडौंमा साँझमा घुम्दै गर्दा एउटा मेडिकलमा गएर उहाँले मेरो अगाडि नै लाजै नमानी अस्थायी साधन किन्नु भयो, मलाई भने पसलको मान्छेसँग लाज लागेर केही पर गएर बसे भनेर आफ्नो कथा सुनाउनु हुन्छ । तर यति धेरै सल्लाह र योजनाका साथ बसेका हामीहरू श्रीमानका एक दिनको अल्छिले गर्दा विवाह भएको दुई वर्ष पुग्दा नपुग्दै बच्चा जन्मेको बताउनु हुन्छ । स्नातक पढ्दा पढ्दै पहिलो बच्चा छोरा जन्मेपछि पढाइमा निकै समस्याहरू आएपनि पढाइ चाहि निरन्तर नै गर्नुभयो । छिट्टै दोस्रो बच्चा भएमा हुर्काउन समस्या पर्ने भएकोले जन्मान्तरको लागि तिनमहिने सुई (संगीनी) प्रयोग गरेको कुरा बताउनु भो । पहिलो बच्चा भएपछि भने श्रीमान आफै सजग हुनु भएको थियो, तर मलाई विश्वास नलागेर ३ महिने सुई लगाउन थाले भन्नुहुन्छ । श्रीमान र आफु दुवै जना एउटै तहमा अध्ययन गर्ने भएकोले र दुवै जनाको आर्थिक स्रोत केही नभएकोले पूर्ण रूपमा परिवारमा भरपर्नुपर्ने भएकोले उहाँको श्रीमान पढाइ छाडेर विदेश जानु भयो । बाहिरबाट कमाएको पैसाबाट घर जग्गा किनेर छुट्टै नै बस्न थाल्नु भएको कुरा बताउनु हुन्छ । ठूलो छोरा पाँच वर्ष भएपछि स्थायी परिवार नियोजनको साधन प्रयोग नगरेको र दोस्रो बच्चा जन्मेपछि स्थायी नियोजन उहाँ एवम् ले नै गर्नुभएको थियो । अहिले २ ओटा बच्चा नै ठूला भइसकेकोले आँफु पनि व्यापार व्यवसायमा लाग्नुभएको, श्रीमान पनि नेपाल फर्केर जागिर शुरु गर्नुभएको कुरा व्यक्त गर्नुभयो । अहिले सबै परिवार सासु, ससुरा सहितसँगै बस्दै आएको कुरा बताउनुभयो । छोरी भएर माया ममताका साथ स्वतन्त्र भएर हिडेको बेलामा हाम्रो समाजमा विवाह भएपछि लाउने, खाने, बोल्ने, हाँस्ने हरेक कुरामा बुहारीलाई बन्देज हुनेहुँदा विवाह भएर घरमा जाँदा नौलो ठाउँ, नौला मान्छे र नौलो रितिरिवाजका तथा नौलो परिवेशमा आफूलाई सोही अनुसार ढाल्न समय लागेको कुरा वहाँले भन्नुभयो ।

## केश नं. ८

२०२९ सालमा जन्मनुभएकी केश नं. ८ को बुवा विद्यालयमा शिक्षक हुनुहुन्थ्यो । बुवा शिक्षक भएको कारणले छोराछोरीलाई जसरी भएपनि पढाउनुपर्दछ भन्ने भावना बुवाको थियो । बुवाको निर्णयमा आमाले कुनै हस्तक्षेप गर्नु हुँदैन थियो । त्यतिबेला गाउँमा बोर्डिङ्ग स्कुल पढ्न पाउनु ठूलै कुरा हुन्थ्यो । बोर्डिङ्ग स्कुलमा पढेकाले उहाँको अंग्रेजी राम्रो भएको थियो । एस.एल.सी. दिएर बसेको खाली समयमा नै शिक्षक सेवा आयोग दिनु भएकी उहाँले उक्त परीक्षा पास गरेर गाउँकै विद्यालयमा पढाउन थाल्नु भयो र उहाँको विवाह भयो ।

विवाह भएको केही समयसम्म पनि कुरा गर्न अप्ठ्यारो महसुस गर्नुभएको उहाँले आफ्नो पढाइलाई भने निरन्तरता दिनुभयो ।

अरु खासै कारण नभएपनि मेरो मुख्य उद्देश्य पढाई पुरा गर्नु थियो त्यसैले मैले विवाह भएको दुई-चार दिनपछि जेठानीहरूसँग लाज मानि-मानि भएपनि अस्थायी साधन कुन प्रयोग गर्दा ठिक हुन्छ भनेर सोद्दा तिमीले प्रयोग नगर, मेरो त त्यसको प्रयोग महिनावारी नै नरोकीने भयो भन्नु भयो भने, अर्को जेठानीले ढाँड दुख्छ, मोटाइन्छ उहाँलाई नै प्रयोग गर्ने भन भन्नु भयो । पढेकै आधारमा र टि.भी. रेडियो बाट पनि परिवार नियोजनका बारेमा निकै जानकारी हाँसिल गरेकी उहाँले जेठानीहरूको सल्लाह अनुसार श्रीमानले शारीरिक सम्पर्कको प्रस्ताव राख्दा उहाँलाई अस्थायी साधन प्रयोग गर्न प्रस्ताव राखेको बताउनु भयो । शुरुमा उहाँले हुन्छ भनेर आफै गएर किनेर ल्याउनुभयो र प्रयोग पनि गर्नुभयो तर पछी-पछी प्रयोग गर्न मन नपराउने गरेपछि कहिले काही सामान्य झगडा भएपनि पछि उहाँको व्यवहारले गर्दा मेरो पढाइ रोकिने होकी भन्ने चिन्ताले उहाँलाई थाहा नदिइ जेठानीसँग सल्लाह गरेर डक्टरकोमा गएर ३ महिने सुई लगाउन थाले भन्नु हुन्छ । वि.एड. पास गरेपछि भने श्रीमानलाइ थाह नदिइकिन नै उक्त सुई लगाउन छाडेको बताउनु हुन्छ ।

पढाइ र जागिर सँगसँगै अगाडि बढाउन निकै समस्या परेतापनि घर परिवार र श्रीमानको पूर्ण सहयोगले गर्दा सम्भव भएको बताउनु हुन्छ । कुरा बुझ्ने परिवार र असल श्रीमानका् कारण आज आफु यो स्थानमा आइपुगेको कुरा व्यक्त गर्नुभयो । एक छोरा र एक छोरीकी आमा उहाँले वि.एड् सम्म पास गर्नुभएको छ । पहिलो बच्चा र दोस्रो बच्चा विचमा ५ वर्ष अन्तर भएको बताउने उहाँले आफू शिक्षित र आर्थिक रूपमा सक्षम भएकोले पनि अस्थायी साधनको प्रयोगको निर्णय म एक्लैले लिए भन्नु हुन्छ । आफ्नै लापरवाहीको कारण दोस्रो बच्चा पछी एउटा बच्चा एभोर्सन गराएको बताउनु भयो । परिवार नियोजनको बारेमा धेरै नै ज्ञान भएको बताउनुहुने वहाँले अहिले छोरा छोरी ठूलै भइसक्दा पनि स्थायी बन्द्याकरण नगरेको बताउनु हुन्छ । पहिला अस्थायी साधनको रूपमा तिने महिने सुइ आफैले प्रयोग गर्दै आएको । त्यसले धेरै असरहरू देखिएपछि उक्त साधन प्रयोग गर्न छाडेको बताउनु हुन्छ । अहिले प्राकृतिक रूपमा नै र कहिले काही श्रीमानले नै अस्थायी साधन प्रयोग गर्दै आएको कुरा उहाँले व्यक्त गर्नुभयो । छोराछोरीको रहर पुगेपनि स्थायी नियोजन गर्न त्यति उत्सुक नभएको बताउनु हुन्छ । अस्थायी परिवार नियोजनका साधनले नै अहिले आफ्नो सानो र सुखी परिवार हुन सम्भव भएको बताउनु हुन्छ । पहिला अस्थायी साधन प्रयोग गर्न

नमान्ने श्रीमान अहिले भने आफै म प्रयोग गर्दछु भन्दा मलाई आश्चर्य लाग्दछ । सायद उमेरले पनि होला भनेर भन्नुहुन्छ ।

## केश नं. ९

कुश्मा माइती घर भएकी ३५ वर्षिया केश नं. ९ चार दिदि बहिनी र एक दाजु समेत बसाई सरेर पोखरा आउनुभयो । एस.एल.सी. पास गरेकी उहाँको पढाइ भने त्यहाँ भन्दा अगाडि बढ्न सकेन । साथीको घर फुर्सदमा जाने आउने क्रममा साथीको दाइलाई मन पराएको र उसले पनि मन पराउँछ भन्ने थाहा पाएपछि विवाहपूर्व भेटघाटको क्रममा नै उहाँले शारीरिक सम्बन्धको प्रस्ताव राखे तापनि मैले भने अस्विकार गरे । हामीहरूको साथीको घरमा जाने क्रममा पटक पटक भेट भइरहँदा र घरमा अरु कोही नभएको बेलामा नचाहँदा नचाहँदै पनि शारीरिक सम्पर्क हुन पुग्यो भन्नुहुन्छ । त्यसपछि भने पहिलोपटक कुनै अस्थायी साधन प्रयोग नगरेर पनि महिनावारी भने भएपछि अर्को पटक सम्बन्ध राख्न मलाई पनि खासै समस्या पर्ला जस्तो लागेन तर पनि सुरक्षाको लागि उहाँलाई केटाहरूले प्रयोग गर्ने अस्थायी साधन प्रयोग गर्न आग्रह गरे तर उहाँले त्यसको प्रयोगले सन्तुष्टी नमिल्ने हुनाले तिमीले नै कुनै साधन प्रयोग गर भन्नुभयो । यही विषयलाई लिएर एक महिनासम्म दुइजनाको बोलीचाली भेटघाट बन्द भएको बताउनु भयो । पछि फेरी उहाँले नै भेटेर मलाई फकाउनु भयो तर म नमानेपछि उहाँले विवाहको प्रस्ताव राख्नुभयो । मलाई भने डर लागेको थियो म गुरुङ्ग उहाँ ब्राह्मण हामीलाई घरपरिवारले स्वीकार्दैनन् भन्ने । त्यही पनि घरमा थाहा नदिइ भागेर विवाह गर्ने र पछि थाहा पाएपनि केही फरक पर्दैन भनेपछि म राजी भए भन्नुहुन्छ । उहाँ गुरुङ्ग र श्रीमान ब्राम्हण परिवारको भएकोले घर परिवारले आफुहरूलाई सजिलै स्वीकार नगर्ने कुरा थाहा थियो । तर श्रीमानको साथीहरूबाट घरमा थाहा पाएपछि घरपरिवारले हाम्रो लागि त्यो छैन, घरमा नआएपनि हुन्छ भनेर सुनाइदिनु भन्नु भएछ । श्रीमानले प्लम्बिङको काम गर्नुहुन्थ्यो तर मलाई भने खासै कामप्रति ज्ञान थिएन । श्रीमानले आफ्नै काम शुरु गर्नुभयो । श्रीमानको कमाइले दुईवर्ष सम्म काठ्माडौंमा बितायौं । वहाँ बसेर कुनै उपलब्धि छैन, कमाएको पैसा घर भाँडा तिर्न र खान ठिक्कै, एक पैसा बच्ने होइन अब घर जानुपर्छ भनेर श्रीमानले भन्नुभयो । यति बेलासम्म हामीहरूले मेरो साथीसँगको सल्लाह अनुसार ३ महिने सुई प्रयोग गरेकाले बच्चा भने रहेको थिएन । बस्ने ठाउँको ठिकान नभएकोले हामी दुवैजना बच्चा तिर सोच्ने फुर्सद पनि भएन पछि हामी पोखरा आयौं । घरमा हामी नयाँ जोडी भनेर कसैले स्वागत गरेनन् स्वागत नगरेपनि हामी गृह प्रवेश भने गर्‍यौं । नौलो रितिरिवाज, परम्परा बोलीचाली र रहनसहनमा मलाई

रहन निकै गाह्रो भएको थियो । घरमा प्रवेश पाएपनि मलाई परिवारले पूर्ण रूपले स्वीकारेका भने थिएनन् । धार्मिक कार्य र पितृ कार्यहरूमा मलाई समावेश गराइदैन्थ्यो । ३ जना दाजुभाइका कान्छा छोराका रूपमा रहनुभएको उहाँलाई सम्पूर्ण कार्यमा छुट थियो, बन्देज त मलाई मात्र थियो । घरको सम्पूर्ण कार्यमा उहाँ र सम्पूर्ण परिवारका साथमा मेरा दुई जना जेठानीहरू पनि सरिक हुँदा, मलाई छुट्टै बस्न लगाइन्थ्यो, तँ यता आउन हुँदैन, तलाई केही पनि आउँदैन भनेर हेपिन्थ्यो । तर मैले वहाँहरूको रितिरिवाज आफ्नै ठानेर सिक्दै गए, अहिले मलाई प्राय सबै नै थाहा छ भन्नु हुन्छ । पहिला बच्चा नजन्माउन अस्थायी साधन प्रयोग गरेकी म जेठानीहरूको बच्चा देख्दा आफुलाई पनि बच्चा जन्माउने रहर लागेको र श्रीमानलाई भन्दा श्रीमानले केही वर्ष अझै बच्चा नजन्माउने भनेर नमानेको बताउनुहुन्छ । आफ्नो घर परिवारमा त कुनै कुरा नचलेको तर श्रीमानले पनि आफ्नो कुरा वेवास्था गर्दा नरमाइलो लागेको बताउनुभयो । रोइ कराई गरेर श्रीमानलाई मनाएपछि मैले अस्थायी साधनको प्रयोग गर्न छाडे भन्नुहुन्छ । टि.भि., रेडियोबाट अस्थायी साधनको बारेमा थोरै भएपनि जानकारी भएकोले साथीको सल्लाहमा यो अस्थायी साधन प्रयोग गरेको बताउनुहुन्छ । आफपहिलो बच्चा छ महिना पुगेको थियो तर म महिनावारी नै नभइ अर्को बच्चा रहन गएछ । ३ महिना सम्मत पत्तै भएन । जब थाहा भयो श्रीमानले एउटा बच्चा त कसरी पाल्ने हो यो बच्चा फ्याकिदिए हुन्छ भनेर गाली गर्नुभयो । डक्टरकोमा जाँदा डक्टरले बच्चा ३ महिना पुगिसकेको छ, फ्याक्न नमिल्ने भनेपछि हामी फर्कियौं । दोस्रो बच्चा पनि हाम्रो छोरा नै भयो । श्रीमान् निकै खुशी हुनु भयो तर घरमा सासु ससुराले दुईटा नाती भएर के गर्नु अर्कै जातकी बुहारीले पाएका नातिहरू अब किन पाउनु पर्‍यो नपाएपनि हुन्छ भनेको सुन्दा मलाई रिस उठ्यो । यो बच्चा पाएको केही महिना मैले श्रीमानलाई अस्थायी साधन प्रयोगको बारेमा कुरा गर्दा श्रीमानले बच्चा अप्रेशन गरेर निकाल्ने बेलामा नै स्थाया नियोजन गर्न लगाएको भनेपछि म त छाँगाबाट खसेजस्तै भए । मैले झगडा गरे यति ठूलो निर्णय लिँदा पनि आफुलाई नसोधेको भन्दा डक्टरलाई भनेकै हो एकपटक सोध्नु भनेर डक्रले त सोधे होलान नी भनेपछि डक्टरले अब बच्चा पाउने रहर छकी छैन कति वटा बच्चा भएभनेर सोधेको याद आयो । त्यतिबेला प्रशव पीडाले गर्दा मैले त यतिकै अब पुग्यो भनेकी थिए । अब रोएर पनि केही फाइदा थिएन । मलाई एउटा छोरी पाउने रहर थियो । यति छिट्टै २३-२४ वर्षको उमेरमा नै स्थायी नियोजन गर्नु मलाई ठिक लागेको पनि  थिएन ।

## केश नं. १०

साधारण लेखपढ बाहेक अरु नआउने बताउने ४५ वर्षिया केश नं. १० को एक बहिनी र दुई भाई भएको बताउनुहुन्छ । सबैभन्दा जेठी छोरीको रूपमा रहनु भएको केश नं. १० विवाह पूर्व एकल परिवारमा जन्मेर हुर्केको बताउनु हुन्छ । बुवा सानै हुँदा हजुरबुवा आमा बितेको र बुवा मात्र एक्लो सन्तान भएकोले आफ्नो परिवार सानो रहेको बताउनुहुन्छ । भाई, बहिनी साना र बुवा पनि कामको शिलशिलामा घरमा नबस्ने भएकोले भाई बहिनी हेर्ने जिम्मा उहाँको भएकोले ठूलै हुँदा पनि विद्यालय नगएको र पछि पढ्न जाँदा गाह्रो भएको बताउनु हुन्छ । आमाले पनि भाइलाई मात्र पढ्नुपर्दछ भन्ने हामीहरूलाई नपढेपनि हुन्छ भन्ने गर्नुहुन्थ्यो । त्यसैले पनि पढ्न पर्दछ भन्ने सोचाइपनि नआएको बताउनुहुन्छ । १९ वर्षको उमेरमा मागीविवाह भएको बताउनु हुन्छ । विवाह भएको एक हप्तामा नै श्रीमान इण्डीया गएको र कहिले काहि आउँदा पनि लाजले दुइ जना बसेर गफ गर्ने चलन पनि नभएको र गाउँमा त्यसरी गफ गर्दा कुरा काट्ने डरले आफु त श्रीमानको नजिकै नपरेको बताउनु हुन्छ । त्यतिबेला परिवार नियोजनका अस्थायी, स्थायी साधनको बारेमा खासै जानकारी पनि नभएको र जानकारी भएपनि त्यस्ता कुराबारेमा कुरा श्रीमानसँग भन्ने हिक्मत पनि नभएको बताउनु हुन्छ । श्रीमानले पनि आफुसँग कहिल्यै त्यस्तो कुरा नगरेको बताउनु हुन्छ । गाउघरमा विवाह हुनुभन्दा पहिले आमाहरूले फलानाकी दुलै ले त बच्चा नजन्माउने औषधी गरेकी रे कस्ती पापिनी रहेछ, भगवानले दिएको हात नथापेर जन्म दिए उनै भगवानले पुऱ्याइहाल्थे नी भनेर कुरा गरेको सुन्दा परिवार नियोजनका साधन प्रयोग गर्नु भनेको पाप रहेछ भन्ने लाग्दथ्यो । त्यसैले अस्थायी, स्थायी नियोजनको बारेमा न सोच्दै सोचिएन भन्नुहुन्छ । विवाह भएर आएको ठाउँमा पनि परिवार नियोजनलाई पापको रूपमा लिइन्थ्यो । त्यसैले उक्त कुराबारे जानकारी लिन मन पनि भएन भनेर बताउनुहुन्छ । घर छेवैको एक जना दाइले ४ वटा छोरी भएपछि स्थायी नियोजन गर्दा दाइको बुवा आमालाई गाउँघरका सबैले खुब गाली गरेका थिए भन्नुहुन्छ । छोराले श्रीमतीको लहलहैमा लागेर त्यत्रो पाप गर्दा पनि चुप लागेर बस्ने भनेर सधैं सुनाउने गरेको कुरा व्यक्त गर्नुभयो । २०४९ सालमा ठूलो छोरा जन्मेको र ज्ञानको कमीले गर्दा छिटै नै २०५१ सालमा नै दोस्रो बच्चा जन्मिएको बताउनु हुन्छ । दुइवटा बच्चा साना घरमा अरु कोही नभएकोले तिनीहरूको रेखदेख र हुर्काउन गाह्रो भएको बताउनुहुन्छ । यदी त्यतिबेला लाज नमानीकन अस्थायी साधनको बारेमा जानकारी लिएर प्रयोग गरेको भए त्यस्तो समस्या पर्दैनथ्यो होला भन्नुहुन्छ । दुईवटा बच्चा भएपछि पनि आफुहरूले कुनै परिवार नियोजनको साधन प्रयोग नगरेको तर कुनै निरोधक उपायहरू नअपनाएपनि बच्चा नरहेको बताउनु हुन्छ । अहिले दुवै

छोराहरू क्याम्पस पढ्ने भैसकेका छन् । आफुहरूले भने परिवार नियोजन नगरेको र अब छोराहरू ठूलो भैसके केही गरि फेरी बच्चा रहन्छकी भनेर कहिलेकाँही डर लाग्ने बताउनुहुन्छ । अहिले पोखरामा बसाइ सरेर आएको ८ वर्ष भएको छ । तर यहाँको माहोल गाउँघरको भन्दा निकै भिन्न रहेको बताउनु हुन्छ । यहाँ हर कोहीले एक वा दुई बच्चा भएपछि अस्थायी वा स्थायी नियोजनका साधन प्रयोग गर्ने उक्त साधनको बारेमा खुलेर कुरा गर्ने गरेको देख्दा हाम्रो गाउँलेहरूको सोचाइ परिवर्तन भएको छ कि छैन होला भनेर सोच्ने गरेको बताउनुहुन्छ । अब भने छोराहरूको विवाह भएपछि बुहारीहरूलाई अस्थायी स्थायी जुनसुकै साधनको प्रयोग गर्नपनि आफुले नरोक्ने र बरु सल्लाह दिने बताउनु हुन्छ । कहिलेकाँही त आफुले पनि स्थायी नियोजन गरेर ढुक्क भएर बसौकी जस्तो लागेपनि श्रीमानसँग उक्त बारेमा अझै पनि कुरा गर्न नसकेको बताउनुहुन्छ ।

## केश नं. ११

आइ.ए. पास गरेपछि बि.ए. पढ्दापढ्दै आफ्नो विवाह भएको बताउने केश नं. ११ अहिले आफु २२ वर्षको भएको बताउनुहुन्छ । २२ वर्षको उमेरमा नै विवाह भएर पनि सम्बन्धविच्छेद भएर बसेको बताउनुहुन्छ । इष्टमित्रहरूबाट कुरा चलाएर मागेर नै विवाह भएको, केटा धनी परिवारको र आफू मध्यमस्तरको भए पनि केटा केटी बिच विवाह हुनुपूर्व भेटघाट भएर कुराकानी भएपछि राजीखुशी विवाह भएको थियो । श्रीमान बाहिर देश छिट्टै फर्किने भन्ने थाहा भएकोले मलाई पनि पछि लैजाने भनेर कुरा गरेकोले मलाई अहिले बच्चा जन्माउन मन थिएन । विदेश गएपछि नै बच्चा जन्माउन पाए हुन्थ्यो जस्तो लागेको थियो । तर कुरा गर्न भने अप्ठ्यारो लागेकोले केही भनिन् । विवाहको दिन दिनभरिको थकानले छिटै नै निदाइएको र भोलिपल्ट भने उहाँले नै त्यसबारेमा कुरा उठाउनुभएको थियो । मनमनमा खुशी भएपनि लाज र डर लागिरहेको थियो । उहाँले अहिले व्यवस्थित नहुन्जेल बच्चा नजन्माउने भनेर भन्दा मेरो विचार नसोधेपनि हामी दुईको विचार एउटै रहेछ भनेर खुशी भएकी थिए । साथमा नै अस्थायी साधन ल्याएको देख्दा भने अचम्म लागेको थियो भनेर भन्नुभयो । श्रीमानले विवाहको भोलिपल्ट शारीरिक सम्बन्ध राख्ने बेलामा नै हामीले अहिले बच्चा नजन्माउने भनेर आफैले नै अस्थायी साधन प्रयोग गर्नुभएको थियो । त्यतिबेला मलाई ठिकै लाग्यो, नराम्रो सोचीन तर उहाँको सोचाइ भने राम्रो रहेनछ । विवाह भएको पन्द्र दिनपछि उहाँ विदेशमा जानु भयो । उहाँ विदेशबाट विवाहको लागि आउनु भएको थियो । उहाँ गएपछि म सासु, ससुरा र जेठानीसँगै घरमा नै बसिरहे । हरेक दिन फोनमा, भाइवरमा गफ भइनै रहन्थ्यो । सबै ठिकठाक नै जस्तो

लाग्दथ्यो । तर कहाँ कतिबेला गल्ति भएको थियो, श्रीमानको मसँग फोन, भाइबरमा सम्पर्क कम हुन थाल्यो, मैले फोन गरेपनि अहिले म व्यस्त छु पछि कुरा गरौं भनेर टारिदिनुहुन्थ्यो । घरमा बुवा आमासँग के कुरा हुन्थ्यो कुन्नि जेठानीहरूको व्यवहार पनि फरक देखिन थाल्यो । खाना खाने बेलामा पनि खाना खान आउ भनेर नबोलाउने, खाना पस्केर छाड्ने गर्दथे । किन यस्तो भयो जस्तो लागेर मैले श्रीमानलाई फोनमा सबै कुरा बताउँदा उहाँले पनि तिमीहरूको कुरा तिमीहरू आफै जान्ने मलाई विचमा नपार भनेर फोन राखिदिनुभयो । अब भने मैले सासु, ससुरासँग कुरा गर्ने निर्णय गरे र उहाँहरूलाई घरपरिवारबाट मलाई किन टाढाँ बनाइदैछ भनेर सोध्दा उहाँहरूले आफुहरू ६ महिनाको लागि कान्छो छोरा भएको ठाउँमा जान लागेको र त्यहाँ गएपछि कुरा के रहेछ बुझ्ने, अहिले भने चुपचाप लागेर बस भन्नुभयो । मैले पनि त्यसै गरे । बुवाआमासँग उहाँ पनि आउनु भयो । म धैरै नै खुशी भए । मलाई नभनि आएपनि म झन खुशी भए तर सोचेजस्तो भएन उहाँ मलाई सम्बन्ध विच्छेद गर्न भनेर आउनुभएको रे । म दंग परे, आखिर मेरो गल्ती के रहेछ भने म सोच्न बाध्य भए । कुरा बुझ्दै जाँदा उहाँको अष्ट्रेलियामा नै केटी साथी भएको र हाम्रो विवाह हुनुभन्दा अगाडि झगडा परेर रिस देखाउन नेपाल आएर विवाह गरेको रे, पछि गएपछि सबै ठिकठाक भयो रे यो कुरा घर परिवार सबैलाई थाहा रहेछ ।

## केश नं. १२

२४ वर्षिया केश नं १२ ले आजभन्दा १० वर्षअगाडि आफुले जीवनकै सबैभन्दा ठूलो गल्ति गरेको, दिदीले सपोट र सहयोग नगरेको भए अहिले आफ्नो अवस्था कस्तो हुन्थ्यो भनेर कल्पना पनि गर्न सक्दिन भन्नुहुन्छ । गरिब परिवारमा जन्मेकी केश नं. १२ को पारिवारको आर्थिक स्थिति सारै नाजुक थियो । दुई दाई र दुई जना दिदी बहिनी भएकी केश नं. १२ लाई विद्यालयमा आवश्यक पर्ने किताब, कापी किनिदिने पैसा पनि आमाबुवा सँग नभएको र दिदीको सहयोगमा विद्यालयको शुल्क र कपि किताब किन्ने गरेको बताउनुहुन्छ । आमाले भाडा माझेर दुख गरेर कमाएको पैसाले हामीलाई पेटभरि खानपनि पुग्दैनथ्यो । विहान खाना पकाएर आफु खान्थे र आमालाई खाना पकाएर राखेर विद्यालय जान्थे । सबैले पैसा लिएर आउने, खाजा खाने गर्दा मलाई पनि रहर लाग्दथ्यो । कहिलेकाँही आमाले र कहिले दिदीले दिएपनि प्राय म भोकै नै हुन्थे । यस्तैमा गाउँमा भाँडामा बस्दै आएका एक जना ड्राइभर दाइले मलाई खाजा खाउ भनेर पैसा दिनुभयो । त्यसपछि प्रायजो म विद्यालयबाट फर्किने बेलामा हाम्रो भेट हुन थाल्यो । उहाँले मलाई दिनदिनै जसो ५०/१०० रूपैयाँ दिन थाल्नुभयो । यतिबेला आफु सात कक्षा पढ्दै गरेको र १४ वर्षको भएको बताउनुभयो । यति

सानै उमेरमा भागेर विवाह गरेको बताउनु हुन्छ । त्यतिबेला मलाई परिवार नियोजनका साधनको बारेमा जानकारी नभएको र जानकारी भएपनि त्यसको प्रयोग बारेमा सोच्ने उमेर थिएन । उहाँको स्थायी नियोजन भैसकेको जानकारी नभएपनि बच्चा रहन्छकी, पछी केही समस्या पर्ने हो की भनेर मैले सोच्दै सोचिन भन्नुहुन्छ । हुन त त्यतिबेला म सानै उमेरको भएर पनि होला भन्नुहुन्छ । त्यतिबेला मैले मेरो सबै भन्दा माया गर्ने मान्छे, बुवा आमाभन्दा पनि नजिकको जस्तो लागेको थियो । एक महिनासम्म हामीसँगै बस्यौं हामी बिच शारीरिक सम्बन्ध पनि भयो । हामी पोखरा आएको थाहा पाएपछि  ठूली दिदी आएर मलाई आफ्नो घर लानुभयो । म महिनावारी भएनभएको सोध्नु भयो तर केटाले स्थायी नियोजन गरिसकेकोले कुनै समस्या परेको रहेनछ । पछि दिदीले सम्झाएपछि म सबै कुरा विर्सेर पढ्न लागे । पढेर एस.एल.सी. पास गरेपछि दिदीले नै क्याम्पस पढाइदिनुभयो । क्याम्पस पढ्ने बेलामा दिदिकै घर तिरको नाता पर्ने व्यापार गर्ने केटासँग मेरो विवाह भयो तर पहिलाको बारेमा श्रीमानलाई केही थाहा नभएको र थाहा दिने हिक्मत पनि आफुमा नभएको बताउनु भयो । सुरुको दुइ वर्ष श्रीमानको इच्छाले बच्चा नपाउनको लागि मैले नै खाने चक्कि खान थाले पनि बिचमा औषधी खान विर्सिएर बच्चा रहेको र छोरी जन्मेको बताउनु हुन्छ । छोरी जन्मेपछि पाँच वर्षको लागि ढुक्क हुने भनेर कपरटी राखेको तर घरमा नन्दले थाहा पाएर आमालाई भनेपछि बच्चा यति लामो समयको लाीग रोक्दा पछि बच्चा हुँदैन भनेर गाली गरेपछि अब भने यो अस्थायी साधन निकालनेर अर्को बच्चा पाएपछि छोराछोरी जे भएपनि स्थायी नियोजन गर्ने भनेर श्रीमानले भनेपछि म पनि उहाँको निर्णयमा सहमत भएर अहिले म ६ महिना भयो । महिनावारी हुन छाडेको  भन्नुहुन्छ । अस्थायी साधन प्रयोग श्रीमानकै इच्छा अनुसार सुरु गरेको बताउनु हुने उहाँले किन्न पनि श्रीमान आफै जानुहुन्थ्यो भन्नुहुन्छ । तर बिचमा औषधी खान विर्सिएर बच्चा रहेपछि भने श्रीमानले रिसाएर बच्चा फ्याक्न समेत भन्नुभएको र सासु आमाले पहिलो बच्चा किन फ्याँक्ने भनेर गाली गरेपछि बच्चा जन्मिएको र यस्तो गल्ती फेरी नहोस्, श्रीमानलाई टेन्सन हुने बाटो नहोस् भनेर पछि भने कपर्टी प्रयोग गरेकी थिए भन्नुहुन्छ । कपर्टी प्रयोगको लागि क्लिनिकमा गएर लेडिज् डक्टरसँगको सल्लाहमा श्रीमानसँग सल्लाह गरेर म आँफै एक्लै गएर कपरटी राखेकी थिए भन्नुहुन्छ । अब भने यो दोस्रो बच्चा पछी स्थायी नियोजन म आफैले नै गर्दछु होला भन्नुहुन्छ ।

## केश नं. १३

२५ वर्षिया केश नं. १३ पढ्न गाह्रो भएर पढ्न छाडेकोमा अहिले पछुतो लागेको बताउनु हुन्छ । विवाह हुनुभन्दा पहिला पढ्न नआएकोले एउटै कक्षामा २-३ वर्ष पढ्न पर्दा लाज लागेर पढ्न छाडेको बताउनुहुन्छ । घरको भने जुनसुकै काम गर्न पनि पछि नहट्ने र घरका काममा सानैबाट आमालाई सहयोग गर्दै आएको बताउनुहुन्छ । नपढेकै कारणले बुबाआमाले आफ्नो छिट्टै विवाह गराएको कुरा बताउनुहुन्छ । १७ वर्षमा नै आफ्नो विवाह भएको र आफु घरपरिवारको काममा नै व्यस्त भएको र आफ्नो पढ्ने काम पनि नभएकोले परिवार नियोजनका कुनै पनि साधन प्रयोग नगरेको बताउनुभाये । परिवारको एक्लो छोरो भएको र ससुराको राम्रै आम्दानी भएकोले हामीलाई बच्चा हुर्काउन समस्या नपर्ला भनेर बच्चा जन्माउने सोच बनाइयो । स्वास्थ्यको बारेमा धेरै ज्ञान नभएकी म सानो उमेरमा बच्चा जन्माउनु हुँदैन भन्ने थाहा नभएर पनि अस्थायी साधन प्रयोग गरिन भन्नुहुन्छ । श्रीमानले पनि यस सम्बन्धमा केही कुरा गर्नुभएन । तर समस्या परेको बेलामा श्रीमानले मतलब नगरेको र सम्पूर्ण समस्या आफु एक्लैले भोग्नु परेको बताउनुहुन्छ । त्यतिबेला परिवार नियोजनको साधन प्रयोग गर्न श्रीमानले पनि सल्लाह नदिएको बताउनु हुन्छ । उहाँ १८ वर्ष हुँदा छोरी जन्मेको बताउनु हुन्छ । गर्भावस्थामा पनि खासै आराम नगरेको बताउने उहाँ कुनै कामपनि गर्न बाँकी नराखेको बताउनु भयो । पहिलो बच्चा पनि सजिलै हिड्दाहिड्दै जन्मेको भनेर सबै दङ्ग परे मलाई भने बच्चालाई र मलाई समस्या हुन्छ कि भनेर पीर लग्यो भनेर भन्नुहुन्छ ।सुत्केरी हुनेबेलामा धेरै रगत बगेकोले र छोरीपनि विरामी भएकोले आमा छोरी दुइतिर भएर भर्ना हुन परेको कुरा व्यक्त गर्नुभयो । छोरी जन्मिए पनि घरमा सबैले चाख गरेको देखेर खुशी भएकी उहाँको यो खुशी लामो समयसम्म रहन नसकेको बताउनुहुन्छ । सानो उमेरमा नै, बच्चा जन्माएको, मेरो स्वास्थ्यमा पछि सम्मपनि असर परिराख्यो । म कमजोर भए, पछि सम्मपनि ममा काम गर्ने साहस आएन्, बच्चाको रेखदेख गर्नपनि गारो पऱ्यो, यसपछि भने आफ्नो शारीरिक अस्वस्थता र छोरीको रेखदेखका कारण घरमा समय दिन सकिने, श्रीमानलाई पनि खुशि पार्न नसकेपछि घरपरिवारको व्यवहारमा परिवर्तन आउन थालेको बताउनु भयो । गाउँघरमा कसैले छोरो पाएभने, मलाई सुनाउँदै फलानाकी बुहारीले त छोरो पाई भनेर सुनाउने गर्दा अपफुलाई चित्त दुःखेर छोरा पाउँदैमा के नै हुन्छ र आजकलको जमानामा छोराले गर्ने काम छोरीले पनि गर्दछन्, छोरा छोरीमा पनि के को भेदभाव भनेर जवाफ दिने गरेको बताउनुभयो । शुरु शुरुमा त आमा बुवाले कराउँदा सपोट गर्ने श्रीमान विस्तारै बोल्न नै छाड्नुभयो । म खासै नपढेकी मान्छे, त्यसमा पनि शारीरिक कमजोरी, यस्तो अवस्थामा मैले दोस्रो बच्चा जन्माउने बारे नसोच्दा नै ठिक

हुन्छ जस्तो लाग्यो र श्रीमानसँग सल्लाह लिँदा मलाई केही मतलब छैन जे गरेपनि गर भनेपछि मैले आफैले नै परिवार नियोजन संघमा गएर आफ्नो शारीरिक अवस्था बताएर तिन महिने सुइ लगाएर भिटामिन लिएर घर फर्के । केही महिनापछि श्रीमान र मेरो विचको सम्बन्ध यति विग्रियो की अस्थायी साधनको आवश्यकता पर्न नै छाड्यो । तैपनि लोग्ने मान्छेको मन फर्कन्छ की भनेर मैले अस्थायी साधन भने प्रयोग गरिनै रहे । नपढेकी र शरीर कमजोर भएर मेलापात गर्न नसक्ने पढेको भएत सजिलो काम बसिबसि गर्न पाउँथे होला भनेर चिन्ता व्यक्त गर्नुहुन्छ अहिले छोरीलाई पढाउनको लागि बाटेको धुप बनाएर बेच्न थाल्नु भएकी उहाँले छोरीलाई भने दुख सुख गरेर भएपनि पढाएर मात्र आफ्नो खुट्टामा उभिन सक्ने बनाएर विवाह गरिदिने बताउनु हुन्छ । श्रीमानले मात्र पढेर नहुने, आफ्नो श्रीमान एम.ए पास गरेर पनि आमा, बुवाको कुरा सुनेर आफु र छोरीलाई हेलाहा गरेको र अहिले पढेकी केटीसँग विवाह गर्ने कुरा चलाएको भन्ने सुनेकी छु भन्नु हुन्छ । विवाह पहिला नै मेहनत गरेर लाज नमानी पढेकी भए छिटो बच्चा जन्माउने थिइन होला । परिवार नियोजनका अस्थायी साधनको बारेमा ज्ञान हुन्थ्यो होला र प्रयोग पनि गर्दथे होला भन्नुहुन्छ ।

## केश नं. १४

३० वर्षिय केश नं. १४ आइ.एड. पढ्दै गर्दा क्याम्पस पढ्ने क्रममा सँगै पढ्ने साथीसँग नजिकिने क्रममा प्रेम विवाह भएको बताउनु हुन्छ । घर परिवारमा कसरी कुरा राख्ने, घरपरिवारले के भन्लान, यो भन्दा अगाडी कसरी पढ्ने भन्ने कुरामा छलफल हुने गर्दथ्यो । यस्तैमा उहाँबाट शारीरिक सम्बन्धको प्रस्ताव आएको थियो । तर मैले उक्त प्रस्ताव अस्वीकार गरेपछि भने उहाँले आजकालको जमानामा शारीरिक सम्बन्ध राख्नु कुनै ठूलो कुरा होइन, बजारमा विभिन्न प्रकारका अस्थायी साधनहरू सजिलै किन्न पाइन्छ, खासै महङ्गो पनि पर्दैन, हाम्रो साथीहरूले पनि प्रयोग गर्ने गरेका छन् भनेर सम्झाएपछि म तयार भएकी थिए भन्नु हुन्छ । म तयार भएपनि महिलाले प्रयोग गर्ने अस्थायी साधन किन्न र प्रयोग गर्न भने म राजी भइन । मैले अस्थायी साधन प्रयोग गर्दिन भनेपछि उहाँले साथीहरू मार्फत केटा मान्छेल प्रयोग गर्ने साधन मगाएर ल्याएको कुरा बताउनु भयो । विवाह नहुँदै यस्तो कामको लागि गर्वनिरोधक साधन मगाएको, साथीहरूले के भन्लान अरुलाई भनिदिएभने के होला भनेर डर लाग्यो भनेर बताउनुहुन्छ । दुइचार दिन मैले आलटाल गरे, विवाहपछि मात्र भनेर भन्दा उहाँ रिसाएछि र मलाई पनि विवाह जसरी पनि गर्ने भएपछि के फरक पर्लार भनेर हामी दुवैको सहमतिमा विवाह अगाडि नै हाम्रो शारीरिक सम्पर्क भएको थियो भन्नु हुन्छ । यसरी लामो समय बस्नु राम्रो हुँदैन, कुरा काट्दछन् बरु विवाह गरौं

भनेर मेरो प्रस्ताव पछी उहाँले घरमा कसरी कुरा गर्ने बरु मन्दिरमा गएर विवाह गरौं भनेर त्यतिबेला भने घर परिवार, पढाइ र आफ्नो भविष्यको बारेमा नसोचिकिन आवेशमा आएर विवाह गरेको बताउनु हुन्छ । परिवारमा सोध्न डर लागेर नसोधिकन विवाह गरेपनि हाम्रो दुवै परिवारले जात पनि मिलेको र कन्य कुमार केटा केटी हुन् भनेर सजिलै भित्राउनु भयो । हामी क्याम्पस पढ्ने क्रमा दुई वर्ष सम्म सँगै पढेको र फुर्सदको समयमा पनि सँगै बस्ने हुँदा हामीले एक अर्कालाई नजिकबाट चिन्ने मौका पाएका थियौं । माइतीमा भने दुइ दिदि र दुइ भाउजुको प्यारी बहिनी बनेर खाएको थालमा चुटेर हिड्ने म अहिले श्रीमान फुर्सदमा घुमेर आफुले सबै काम गर्दा श्रीमानसँग झगडा पनि गर्ने गरेको बताउनु हुन्छ । कामबाट छुट्कारा पाउन माइत गएपनि एक हप्ता वितेपछि बुवा आमाले कत्तिको विदा लिएर आएकी हौं भनेर सोध्न थाल्नु भयो । विवाह भएकी छोरी माइतमा धेरै बस्न हुँदैन आफ्नो घर खाएर बस्नुपर्दछ भन्नु हुन्थ्यो । त्यतिबेला भने विवाह गरेर मैले साँच्चिकै गल्ती गरेकी जस्तो लाग्दथ्यो । यस्तो अवस्थामा मलाई बच्चाको चाहना भने कत्ति पनि भएन । कता बच्चा भइहाल्ने पो हो कि भनेर मैले श्रीमानलाई अस्थायी साधन प्रयोग गर्नु भन्दा उहाँले त्यस्तो झ्याउ काम कसले गर्दछ भनेर नमानेपछि हामीमा झगडा पऱ्यो र एक दुई हप्ता बोल चाल नै भएन । पछि मैले नै अस्थायी साधन खाने चक्किको प्रयोग गर्न थाले । यस्तैमा हाम्रो क्याम्पस शुरु भयो । दुवै जना रेगुलर पास भएर बि.एड. पढ्न कोठा लिएर बस्न थाल्यौं । पढ्नको लागि खर्च पनि घरबाट नै दिनुहुन्थ्यो । आफुसँग भएको पैसा आफ्नै लागि खर्च गर्न पाउँथे । तर बिस्तारै आफुसँग भएको पैसा सिद्धिएपछि भने अरु अतिरिक्त खर्चको लागि समस्या पऱ्यो । श्रीमानसँग मागौ भने श्रीमानको पनि जागिर नभएको घरमा तिमीहरू दुइःदुई जनालाई पढाउनुछ त्यहाँ भन्दा बढी खर्च चाहिए आफै कमाउ भन्न थाल्नु भयो माइतीमा पनि दुइ दिदिहरूको विवाह भएकै थिएन । पढाउन बाीक नै थियो, अर्काको जिम्मा लगाएकी छोरी भनेर कहिले काँही मात्र पैसा दिने गर्नुहुन्थ्यो । हामीहरूले पैसा खर्च गर्दा एक एक रूपैयाँ सोचविचार गरेर खर्च गर्नुपर्ने भयो । आफ्नो रहरका वस्तु लगाउन, खान त परेजाओस कहिलेकाही अस्थायी साधन किन्ने पैसा पनि भएपछि हामी दुवैले काम गर्दै पढ्ने विचार गऱ्यों र काम खोज्न थाल्यौ तर बोल्दा बोल्दै जागिर कहाँ पाउनु एक दिन उहाँको साथीले बाहिर जाने सल्लाह दियो तर घरमा बुवाआमाले भने २० वर्ष पनि नपुगेको, पढ्दापढ्दैको मान्छे कहाँ बाहिर जाने खुरुक्क पढेर बस्ने भनेर गाली गरेर पठाउनु भएछ, त्यसपछि हाम्रो केटा केटी बुद्धिले कहाँबाट अंश माग्ने कुरा दिमागमा आएछ घरमा गएर अंशको कुरा गरेका मात्र के थियौ, बुवा आमाले हामीलाई घरबाट निस्केर जाउ, अंश दिदैनौ भनेर पठाउनु भयो, त्यसपछि माइतीमा गएर पैसा मागे माइतीले पनि दिदैनौ भनेपछि मैले

मलाइए पढाउँदा, विवाह गर्दा पनि त खर्च हुन्थ्यो यति पनि सहयोग नगर्ने भनेर रोएपछि ठूलो दाइले मलाई पैसा दिएर पठाउनुभयो र त्यही पैसाले श्रीमान विदेश जानुभयो । श्रीमानले राम्रै काम पाउनु भयो र पैसा पनि राम्रै कमाइ हुन्थ्यो । त्यहि पैसा जम्मा गरेर मैले एउटा घडेरी किने, पढाइपनि निरन्तरता नै दिए । श्रीमान छुट्टिमा घरमा आउँदा हामी बुवा आमा भएको ठाउँमा नै गयौं । उहाँहरूले पनि निकै माया गर्नु भयो । श्रीमान विदेश गएपछि मैले अस्थायी साधन प्रयोग गर्न छाडेकी थिए । त्यसैले बच्चा रह्यो । ठूलो छोरा जन्मदा श्रीमान विदेशमा नै हुनुहुन्थ्यो । घर परिवारबाट निकै रेखदेख गर्नुभयो । मैले यतिबेला सम्म पैसा र परिवारको कदर गर्न सिकेकी थिए । मैले मेरो श्रीमान परिवारको एक्लो सन्तानलाई घर परिवारबाट टाढा राखेपनि यस्तो गर्नु हुँदैन भनेर गाउँमा नै गए । श्रीमान बिचमा आएको बेला अर्को बच्चा पनि जन्माएर सँगै हुर्काउने सल्लाहले दोस्रो बच्चा जन्मायौं । उमेरले छिट्टै बच्चा जन्माएपनि घर परिवारको सहायताले खासै गारो भएन ।

## केश नं. १५

२४ वर्षकी केश नं. १५ को बि.बि.ए. पढ्दा पढ्दै राम्रो घरको पढेलेखेको केटा भनेर माग्न आएपछि बुवाले विवाहको कुरा चलाउनु भयो । शुरुमा त छोरीलाई पुरै नपढाइ विवाह गराउँदीन भन्ने बाबाले आमाको कचकचले गर्दा पढेलेखेको केटा, प्रोजेक्टमा जागिर, राम्रो आम्दानी भएको केटा, परिवार पनि शिक्षित, खान्दानी परिवार, विवाह भएपछि पनि पढाउँछौं भनेकोले विवाह गर्नुपर्‍यो छोरी भनेर मलाई राजी गराउनुभयो । यति छिटै विवाह गर्ने इच्छा नभए पनि आमाको कचकच र बुवाको चिन्ता हटाउन मैले हुन्छ भन्न करै लाग्यो । विवाह गर्दा म २० वर्षकी थिए भने श्रीमान २८ वर्षको हुनुहुन्थ्यो । त्यो सुन्दा मलाई आनन्द लागेको थियो । विवाह हुँदाको दिनमा नै हामी दुई बिच बच्चा कहिले जन्माउने, के गर्ने भन्ने सम्बन्धमा सल्लाह भयो । हामी दुईको सल्लाहमा ४-५ वर्ष बच्चा नजन्माउने, मेरो पढाइ सिद्याउने र मात्र परिवार सम्बन्धी सोच विचार गरौला त भनियो  तर अस्थायी नियोजन बारेमा निर्णय लिन गाह्रो भयो । के प्रयोग गर्ने, कसले प्रयोग गर्ने भनेर छलफल गर्‍यौं, नेटबाट खोज्दा प्राय सबै परिवार नियोजन साधनका केही  न केही नराम्रा पक्ष भएकोले निर्णय लिन गाह्रो भयो । उहाँले महिलाको प्रयोग गर्ने साधनका नराम्रा पक्ष धेरै देखिए, अब म नै परिवार नियोजनको साधन प्रयोग गर्दछु भन्नु भयो र मलाई भने निकै खुशी लाग्यो । म ढुक्क भएर मेरो पढाइलाई निरन्तरता दिन थाले । यस्तैमा आमाले नातीनातिनीको रहर लाग्यो अब एउटा बच्चाको बारेमा सोच भन्नु भयो पछि पनि त्यही कुरा दोहोर्‍याउनु भयो, मैले रहरले भन्नु भएको हो यसलाई खासै ठूलो रूपमा लिन

आवश्यक छैन भन्ने सोचेर पहिला मेरो पढाइ सिद्याएपछि विचार गरौलानी आमा भनेर टारिदिए । तर आमाले उहाँसँग बच्चा जन्माउने उमेर भैसक्यो । रेखदेख गर्ने, हुर्काउने हामी छदैछौं भन्नुभएछ र उहाँले आमाले भनेका कुरा मलाई भन्नुभयो । हरेक दिन जस्तो बच्चाको बारेमा चर्चा हुने गर्दथ्यो । छोरीहरू विवाह गरेर आआफ्नो घरमा जानु भएको, ससुरा बुवा, उहाँ र म पनि दिनभर व्यस्त रहने आमा घरमा एक्लै भएर त्यसो भन्नु भएको होला तर म शारीरिक र मानसिक रूपमा बच्चाको लागि तयार भएकै थिइन । मलाई अझै दुइचार वर्ष बच्चा पाउनु नै थिएन । सधैं त्यही कुराले कचकच भएपछि श्रीमानले म पनि २९ वर्षको भैसके ठिकै छ नि त एउटा बच्चाको बारेमा सोचौन त आमाले हुकाईदिनुहुन्छ, तिमीले पढाइ छाड्नु पर्दैन भनेर भन्दा म उहाँसँग पनि झगडा गरे, आमालाई सम्झाउनु मलाई हैन भनेपछि श्रीमान चुपचाप बस्नु भयो । पछि मैले नै परिवारको बारेमा सोचेर बच्चा पाउने निर्णयमा पुग्यौं । मेरो पढाइ भने चलिनै राखेको थियो । म आमा बन्ने थाहा पाएपछि आमा सारै खुशी हुनुभयो । मेरो खानपानमा निकै ख्याल गर्न थाल्नुभयो । बच्चा जन्मने बेलामा अप्रेशन गर्नुपरेपनि बच्चा भने स्वस्थ नै थियो । बच्चा ३ महिनाको हुँदा मेरो परिक्षा आयो भर्खर सुत्केरी भएकी म खासै पढ्ने मेसो मिलेको थिएन । त्यही पनि पढ्ने प्रयास गरिरहेकी थिए । घण्टा घण्टामा बच्चालाई खुवाउनु पर्ने, लुगा फेर्नुपर्ने, आदि कारणले पढ्नमा ध्यान दिन पाएकि थिइन । आमा पनि घरधन्दा सबै एक्लैले सक्नुपर्ने हुँदा बच्चालाई हेर्ने समय नै पाउनु हुदैनथ्यो । जेनतेन गरेर परीक्षा त दिए तर रिजल्ट आउँदा एउटा विषय बिग्रिएछ । जसले गर्दा मेरो पढाइ एक वर्ष ढिलो भयो । अर्को वर्ष त झन बच्चा हिडडुल गर्ने, थपक्क एकछिन पनि नबस्ने भएको थियो । पढ्ने समय नपाएपछि घर परिवारसँग झगडा गरेर त्यही रिसमा परीक्षा नै दिइन । माइतीबाट बाबा आमा आएर तिमी त यस्तो थिएनौ के भयो भनेर सोद्धा उल्टै उहाँहरूलाइ नै हजुरहरूले विवाह गराएरत होनी, मेरा साथीहरू बाहिर देश गएर पढेर फर्किसके म भने पढ्न सम्म पनि पाइन भनेर थर्काएर पठाएछु पछि रिस मरेपछि नरमाइलो अनुभव भयो । घरको बुवाआमाले भने मेरो लागि पढ्ने वातावरण मिलाउला बुहारीलाई सम्झाउ भन्नु भएछ, तर मैले भने बच्चा हेर्दै पढ्नु नै छ भने म अब चारपाँच वर्ष बेग्लै कोठा लिएर पढेर मात्र फर्कन्छु भनेपछि श्रीमान र मलाई घरबाट नै बेग्लै कोठा लिएर बसेर पढ्ने स्वीकृति दिनुभयो र हामी घरबाट टाढा कोठा लिएर बस्यौ । मैले पहिला छुटेको परीक्षा पुरा गर्नुथियो । त्यो परीक्षाको तयार गर्दै गर्दा मेरो साथीहरूले आएर मलाई बरु यति बेला नै दोस्रो बच्चा पनि जन्माएर सँगै हुर्काएपछि पछि फेरी झन्जट हुँदैन भनेर सल्लाह दिए यो कुरा मलाई ठिकै लाग्यो । सायद घरपरिवारबाट यो सल्लाह दिएको भए मलाई मन पर्दैनथ्यो होला । मैले दोस्रो बच्चाको बारेमा कुरा गर्दा

श्रीमानले अचम्म मान्नु भएको  थियो । छोरा ३ वर्षको भैसकेको थियो र दोस्रो बच्चा छोरी भयो । हामी सबै खुशी भयौं । अब हामी सबै सँधै घरमा नै बस्न थालेका छौं । मेरो पनि पढाइ पनि शुरु गरेकी छु । श्रीमानले प्रयोग गर्ने अस्थायी साधन झन्झटिलो भएकोले अहिले मैले ५ वर्ष कर्पट्टीको प्रयोग गरेकी छु भनेर निरा अधिकारी बताउनु हुन्छ ।

## केश नं. १६

वर्ष ३५ की केश नं. १६ विवाह भएको केही समयपछि मात्र पोखरा स्थायी बसोबास गर्दै आएको बताउनु हुन्छ । आफ्नै दिदीले देवरको लागि आफुलाई माग्न आएपछी २४ वर्षको उमेरमा आफ्नो विवाह भएको बताउनुहुन्छ । जेठानीको रूपमा आफ्नै दिदी र पहिलेबाट नै चिनेको परिवार र श्रीमानसँग पनि चिनजान भएकोले परिवारमा भिज्न खासै गारो नभएको बताउनु हुन्छ । घरमा परिवार भने ठूलो भएको र जेठाजु जेठानीहरूको बच्चा बच्ची पनि भएकोले सबैलाई पुग्ने कोठा थिएन । कोठा छुट्टै भएपनि कहिले दिदिकी छोरी कहिले को पालो गरी गरी हामीसँगै आउथे जसले गर्दा श्रीमान श्रीमती बीचको शारीरिक सम्बन्ध हुनपनि गारो पर्ने गर्दथ्यो । काठले बारेको भएर कुरा गर्दा पनि सुनिने डरले विस्तारै बोल्नु पर्ने हुन्थ्यो भनेर भन्नुहुन्छ । विहान उठेबाट घरको काममा व्यस्त हुने उहाँ श्रीमानसँग राम्रोसँग भेटपनि नहुने बताउनुहुन्छ । घाँसपात  गर्न जाँदापनि जेठानीहरू सँगै हुने हुँदा कुरा गर्न मिल्दैनथ्यो । श्रीमानको दुबई जाने दिन नजिकिदै गर्दा माइत बुवा आमालाई भेट्न जाँदा मात्र बाटोमा श्रीमानसँग राम्रोसँग कुरा भएको बताउने अधिकारी विवाह भएपनि विवाह नभए जस्तै बस्नु परेकोले परिवार नियोजनको अस्थायी साधनबारे सोच्न नै नपरेको बताउनु हुन्छ । कामकै शिलशिलामा कहिले काही देउरानी, जेठानी बिच झगडा पर्दा दिदी र म एक साइड भएर बोल्यौ भने अर्का दुइ जेठानीहरू हामीहरूलाई सुनाउन बाँकी राख्दैनथ्यो । बुवाको जागिर केही नभएको र गाउँघरको किसानी काम गरेर जीवन निर्वाह गरेको हाम्रो परिवारले छोरीको विवाहमा खासै पैसा खर्च गर्न नसकेको मन्दिरमा लादै सिन्दुर राखेर आफुले सकेको सुन, भाँडा दिएर पठाउनु भएकोले जेठानीहरूले दिदी बहिनी विवाह गरेर आउँदा रित्तै हात हल्लाउँदै आएको भनेर सुनाउने गर्दथे । हाम्रो परिवारमा साइलो जेठाजुको सबैभन्दा राम्रो आम्दानी भएकोले घरको धेरैजसो निर्णय उहाँलाई नै सोधेर लिने गरिन्थ्यो । जेठानीलाई पनि सासुससुराले अलि बढी ख्याल गर्ने गर्दथे । साइली जेठानीले दाइजो पनि अरुको भन्दा धेरै नै ल्याएकी भनेर सबैले कुरा गर्दथे । जब पहिलो पटक श्रीमान आउनुभयो जेठानीहरूबाट परिवार नियोजनका साधनको बारेमा सुनेको भएपनि उनीहरूसँग कुरा गर्न अप्ठ्यारो लागेको र कुनैपनि साधन र प्रयोग नगरेको बताउनु

भयो । तैपनि बच्चा भने नरहेको बताउनु भयो । एक महिनाको छुट्टिमा आउनु भएको श्रीमानको फर्किने बेलामा मैले आमाबुवा भएको ठाउँमा नै गएर कोठा लिएर बस्ने कुरा गर्दा उहाँ मान्नु भएन । घर, खेतीपाती, बाख्रा, गाई भैसी कसले हेर्दछ भन्नुभयो । पछि जेठाजुहरू आएको बेला घर सल्लाहले खेतीपाती अधियाँमा दिने र एउटा मात्र भैसी पालेर बुवा आमा गाउँमा बस्ने र हामी बजार झर्ने सल्लाह भयो । २०५९ सालमा श्रीमान आएपछि छोरी जन्मिएको र श्रीमान त्यो ठाउँ अब नजाने, मिल्यो भने अर्कै देश जाने भनेर बस्नुभयो । त्यतिबेला मैले संगीनि सुइको प्रयोग गरे भनेर बताउनुहुन्छ । दोस्रो बच्चाको योजना बनाएर सुइ लगाउन छाडेपछि ३ महिना नपुग्दै बच्चा खेर गएको त्यसपछि लगातार रूपमा बच्चा २-३ महिना हुँदै खेर जाँदै गरेकोले केही वर्ष बच्चा नजनमाउने सल्लाहले मैले फेरी तिनमहिने सुइ नै लगाए । छोरी ५ वर्ष भइन्जेल सम्म अस्थायी साधन नै प्रयोग गरी राख्यौ । घरबाट बुवा आमाले एउटा छोरा चाहिन्छ, छोरी मात्र लिएर बसेर हुँदैन भनेर कराउन थाल्नुभयो, श्रीमान पनि एउटा छोरा चाहिन्छ भन्न थालेपछि अब त बच्चा रहला पनि भनेर मैले अस्थायी साधन प्रयोग गर्न छाडे । फेरीपनि भने मलाई सारै गारो भयो । दिदीहरूले पनि अब बच्चा नपाए हुन्छ । एउटी छोरी छदैछ भनेर गाली गर्न थाल्नुभयो । तर घर परिवारले यो कुरा बुझेनन् न त श्रीमानले नै बुझ्नु भयो । अर्को पटक आएको बेलामा श्रीमानले एउटा छोरा त चाहिन्छ भनेर जिद्धि गरेपछि मेरो त्यहि महिनाबाट महिनावारी रोकियो । श्रीमानको छुट्टि सकिएर जानुभयो त्यसको केही दिनमा नै मलाई ब्लिडिङ्ग शुरु भयो र बच्चा फ्याक्नु पर्‍यो । श्रीमानलाई अब बच्चा जन्माएमा मलाई समेत खतरा भएको कुरा सुनाएपछि श्रीमानले पनि एउटी छोरी छदै छ भनेर चित्त बुझाएर बसेको कुरा व्यक्त गर्नुभयो ।

## केश नं. १७

पेशाले व्यापारी केश नं. १७ अहिले श्रीमानको साथमा रेष्टुरेण्ट सञ्चालन गर्दै आउनुभएको छ । विवाह गर्दा आफु २५ वर्ष भएको बताउनुहुने उहाँले आफ्नो गुरुङ्ग समाजमा छोरीको विवाह गर्न खासै हतार नगर्ने गरेको कुरा व्यक्त गर्नुभयो । २५ वर्ष सम्म बसेर पनि बुवाले नै केटा खोजेर विवाह गरेको बताउनुभयो । विवाह गरेको ६ वर्ष सम्म बच्चा नभएकोले घरपरिवारबाट दोस्रो विवाह गर्न श्रीमानलाई कर गरेको तर श्रीमान नमानेपछि घरपरिवार पनि चुपचाप बस्न बाध्य भएको साथै छोरी जन्मिएको बताउनु हुन्छ । शुरु शुरुमा त परिवारले हामीले अस्थायी नियोजनको साधन प्रयोग गरेको भनेर अब बच्चा पाएपनि हुने भनेर कराउनु हुन्थ्यो । यसरी सबैले बच्चा नपाउने बाँझी भनेर कुरा गर्ने गरेको बेलामा

छोरी जन्मिदा आफुलाई घरमा लक्ष्मी नै आएको जस्तो लागेको बताउनु भयो । त्यतिबेला श्रीमान साउदी जानुभएको र छोरी जन्मेको थाहा पाएपछि ५ महिनामा भात खुवाउने बेलामा छुट्टि मिलाएर आएको र ठूलै पार्टी नै गरेको बताउनु भयो । कत्तिले त छोरी जन्मिएकोमा पनि भोज भतेर गर्नुथियो र कसैले नपाएको छोरी पाएजस्तो भनेर कुरा काटे, कत्तिले धनको घमण्ड होलानी भने, जे भनेपनि हामी भने धेरै खुशी थियौ, उनीहरूले भनेको कुराले छोएन तर हामी आफै एक छोरी भएर छोरी जन्मदा किन दुःखी हुनु परेको होला भनेर नमज्जा भने लाग्यो । घरपरिवार सबै खुशी हुनु भयो । हामीले अब छोरीलाई राम्रोसँग हुर्काउनु थियो, अर्को बच्चाको आवश्यकता महसुस पनि भएन र अर्को बच्चा छिट्टै नहोस् भनेर मैले लामो समय सम्म ढुक्क हुन्छ भनेर कपरटी प्रयोग गरे । श्रीमान पनि अब विदेश नजाने, बरु कमाएर ल्याएको पैसाले यही व्यापार गर्ने भनेर एउटा रेष्टुरा सञ्चालन गर्नुभयो । म भने छोरी हुर्काउन व्यस्त भए । छोरी जन्मिएपछि अस्थायी साधन प्रयोग गरेको थाहा पाएर सासुले यस्तै अलक्षिनी व्यवहार गरेपछि भगवानले कहाँबाट बच्चा दिन्छन्, एउटी छोरी जन्मन नपाई बच्चा रोक्नुपर्ने, हामीहरूले आठ वटा बच्चा पाएर सबैलाई राम्रोसँग हुर्काएका छौ भनेर कचकच गरेपनि हामीले आफ्नो सुर छोडेनौ र पाँच वर्ष पुग्ने बेलामा कपरटी हटायौं । अस्थायी साधन प्रयोग गर्न छाड्ने वित्तिकै बच्चा रह्यो र छोरा जन्मियो । अहिले छोरा पनि एक वर्षको पुग्न आटेको छ र कुरा काट्नेको मुख बन्द भएको बताउनु हुन्छ । तर अब स्थायी परिवार नियोजन गर्नेकी कुनै अस्थायी साधन प्रयोग गर्ने भनेर हामी बिच सल्लाह हुने गर्दछ । श्रीमानले भने अझै एउटा बच्चा जन्माउने हो, छोरी अर्काको घरमा जान्छे, छोरालाई दुःख सुखमा दाजुभाइ चाहिन्छ भनेर भन्नुहुन्छ । अहिले उहाँले नै अस्थायी साधन प्रयोग गर्नुहुन्छ तर मलाई त्यति मन पर्दैन मैले श्रीमानलाई कपट्टी प्रयोग गर्ने सल्लाह गर्दा त्यति लामो समय नकुर्ने, अब एक दुइ वर्षको लागि अरु कुनै उपाय अपनाउ भन्नु भएको छ भनेर बताउनु भयो । खाने औषधी पनि घर परिवारले देख्ने डर, त्यसमा पनि सासुले देखेमा त आपत घरमा बस्न पनि मुस्किल पर्ने हुन्छ । त्यसैले यस्ता साधन घरमा राख्न मन नलागेको हो भन्नुहुन्छ ।

## केश नं. १८

केश नं. १८ अहिले आफु ४० वर्षको भएको बताउनुहुन्छ । आमाले ज्योतिषीलाई हेराउँदा दोस्रो विवाहको केटालाई विवाह गर्नुपर्दछ भनेकोले १५ वर्षको फरक भएको केटासँग आफ्नो विवाह भएको बताउनु हुन्छ । श्रीमानको जेठी श्रीमतीको एउटा छोरी भएको र छोरी जन्मिने बेलामा रगत धेरै बगेर जेठी श्रीमतीको मृत्यु भएको बताउनु हुन्छ । जेठी

श्रीमतीको मृत्यु भएको लामो समयसम्म पनि विवाह नगरी बसेको र पछी सबैले कर गरेपछि आफुसँग विवाह भएको कुरा व्यक्त गर्नुभयो । आफ्नो विवाह हुँदा छोरी १० वर्षको भएको बताउनु हुन्छ । श्रीमान् र आफ्नो उमेर धेरै फरक भएपनि श्रीमानले आफुलाई धेरै माया गर्ने आफ्ना कुराहरू पनि सुन्ने गरेको, घरपरिवारले र छोरीले पनि आफुलाई राम्रो व्यवहार गर्ने गरेको बताउनुहुन्छ । मेरो विवाह भएको लामो समय सम्म पनि बच्चा भएन । श्रीमानबाट एउटा छोरी जन्मेको र म मा कमजोरी रहेछ भन्ने लाग्यो । त्यसैले श्रीमानले पनि एउटी छोरी छदैछ पीर नगर भन्नुभयो । तर मलाई भने एउटा छोरा पाउन पाए छोरी त छँदै छ जस्तो लाग्दथ्यो । इष्टमित्रले बच्चा नपाउने रहिछ भन्दा मनमा चसक्क भएपनि घर परिवारले भने बच्चा भएन भनेर खासै गुनासो गर्नुहुदैनथ्यो । एकदिन श्रीमानले मेरो पिर देखेर डक्टरकोमा जाने निधो गर्नुभयो र डक्टरमोमा गयौ । म मा कुनै कमि नभएको र श्रीमानको पनि जाँच गर्ने भन्नु भयो । श्रीमानको त आज भन्दा १२-१३ वर्ष पहिला नै एउटा छोरी भएको बताउँदा पनि डक्टरले लामो समय ग्याप भएपछि यस्तो हुन सक्छ एकपटक जाँचेर हेरौ भनेपछी श्रीमान राजी हुनुभयो । नभन्दै उहाँमा कमजोर देखियो र केही समयको उपचार पछि म बाट एउटा छोरा जन्मिएको छ भनेर बताउनु हुन्छ । बच्चा नरहेको धेरै कारण मध्य मानसिक तनाव पनि हुनसक्ने बताउनु भयो । अर्को कुरा छोरी ठूली भएपनि एउटै कोठामा सुत्ने हुँदा शारीरिक सम्बन्धमा असहज महसुस भएर बच्चा नरहेको हुनसक्ने सम्भावनाहरू डक्टरले बताउनु भयो छोरीलाई बेग्लै कोठामा राख्ने योजना भएपनि सौतेनी आमाले देख्न नसकेर निकालि भन्छन् कि भन्ने समस्याले गर्दा पनि छोरी हामीसँगै एउटै कोठामा बस्ने गरेको बताउनुभयो । घर छिमेक इष्टमित्रले बच्चा नजन्माएको भनेर कुरा गर्दा परिवारले र छोरीले सपोर्ट गरेकोमा आफुलाई निकै खुशी लागेको र अहिले एउटा छोरी  र एउटा छोराको साथमा जीवन सुखमय भएको कुरा व्यक्त गर्नुहुन्छ । अब भने आफुलाई बच्चा नचाहिएको र स्थायी नियोजन कसले गर्ने भनेर निर्णय लिन नसक्दा  खाने चक्किो प्रयोग गरेको बताउनुहुन्छ । जसले गर्दा परिवारमा सबै खुशी रहेको बताउनुहुन्छ । उक्त औषधि खाने बेलामा छोरीले कति पटक त हजुरलाई सन्चो भएको छैन, के को औषधी हो भनेर सोद्दा टाउको दुखेर भनेर बहाना बनाएकी थिए । एकदिन सासु आमालाई टाउको दुखेको बेलामा आमासँग औषधी छ भन्दै लिएर आएकी थिइन मैले देखेर यो त मिति काटिसकेको औषधि रहेछ भनेर लुकाए, यसरी कतिदिन लुकाउनु अब केही सोच्नुपर्ला भनेर भन्नुभयो ।

## केश नं. १९

दुई छोरी र एक छोरा मध्ये जेठी छोरी केश नं. १९ पढ्न भने नपाएको बताउनु हुन्छ । आफुले पनि कहिल्यै पढ्न जान्छु नभनेको बताउनुहुन्छ । आफ्नो घर नजिकै बस्ने केटा साथीसँग दुःख, सुख साटासाट गर्ने क्रममा मन पनि साटासाट भएर विवाह गरेको बताउनु हुन्छ । विहान, दिउँसो बेलुका मेहनतका साथ पढाउने श्रीमानको कामले दुइ जनालाई सजिलै खान लगाउन पुगेको बताउनु हुन्छ । परिवार नियोजनका अस्थायी साधनको बारेमा रेडियो टि.भी.बाट थाहा पाएको बताउने उहाँले आफु परिवारसँग नभएकोले बच्चा जन्माउने हुकाउने हिक्मत नआएर अस्थायी साधन खाने चक्कि प्रयोग गरेको बताउनु हुन्छ । विवाह भएको दुई वर्ष पछि बच्चा जन्माउने निर्णय भएर अस्थायी साधन प्रयोग गर्न छाडेको र लगातार दुइओटा छोरा जन्मेपछि अस्थायी साधन संगिनी लगाएको बताउनुहुन्छ । अब बच्चाको रहर पुगेको र श्रीमानलाई स्थायी नियोजन गर्नुभन्दा डराएर स्थायी नियोजन नगरेको बताउनुहुन्छ । श्रीमानले स्थायी नियोजन गर्न नमानेपछि आफुले ३ महिने सुई लगाएको र उक्त सुइले गर्दा महिनावारी नै रोकिएपछि श्रीमानलाई नै अस्थायी नियोजन गर्न भन्दा डर लाग्छ भनेर आफ्नो जिम्मेवारीबाट पन्छिएपछि मैले वैद्यको औषधी खाएर महिनावारी हुनथाल्यो त्यसपछि डक्टरको सल्लाहमा खाने चक्कि खान थाले तर कहिले काही खान भुलेर बच्चा रहन गयो र फ्याकियो । दुइ तिन पटक नै त्यस्तो भएपछि मैले अहिले कपर टि प्रयोग गरेकी छु भन्नु हुन्छ । म आफै स्थायी नियोजन गर्दछु भनेर जाँदा ब्लड प्रेसर बढेको र नहुने भनेर फिर्ता आए श्रीमानले बेवास्था गर्दा र आफ्नो लापरवाहीको कारण पटक पटक बच्चा फ्याक्नुपर्दा आफु कमजोर भएको कुरा व्यक्त गर्नुभयो । यसरी श्रीमानले जेसुकै गर भनेर आफ्नो जिम्मेवारीबाट पन्छीएपछि मलाई अस्थायी साधनहरूको साइड इफेक्ट गरेपछि अब स्थायी नियोजन नै गर्नुपर्ला भन्ने सोच बनाएकी छु भन्नुहुन्छ । पटक-पटक बच्चा फ्याक्दा पाठेघरलाई समस्या पर्दछ, पाठेघर पातलो हुन्छ भनेर डाक्टरले गाली गर्नुभएको छ । अब कपरटी निकालेपछि म आफै स्थायी नियोजन गर्ने निर्णय गरेकी छु भन्नुहुन्छ ।

## केश नं. २०

२०३७ सालमा जन्मनु भएकी केश नं. २० को जन्म सप्तरीको राजविराजको देहतमा भएको हो । कृषक परिवारमा जन्मनु भएकी उहाँका दुई बहिनी र एक भाइ रहेका छन् । आमा बुवा शिक्षित नभएको र परिवार नियोजन सम्बन्ध राम्रो धारणा नराखेकाले, छोरा चाहिन्छ भन्ने धारणाले पनि ३ छोरी भएपछि भाइ जन्मिएको बताउनु हुन्छ । भाइ जन्मनेबेलामा

आफु ठूलै भएको र भाइ जन्मेपछि पनि आमालाई हजुरआमाले अझै अर्को छोरा जन्माउने दवाव दिएको याद छ भन्नु हुन्छ । १० कक्षा पढ्दै गर्दा घर गाउँकै छिमेकीको छोरासँग आफ्नो मागि विवा भएको बताउनुहुन्छ । श्रीमान वि.ए. पास हुनुहुन्थ्यो र गाउँकै विकासका कार्यक्रम सम्बन्धी एन.जि.ओ. मा काम गर्नुहुन्थ्यो । परिवारको आर्थिक स्थिति सामान्य नै रहेको बताउनुहुन्छ । श्रीमानप्रति पूर्ण विश्वास भएको बताउनु हुने उहाले विवाह पछि कुनै परिवार नियोजन सम्बन्धी धारणा नबनाएको बताउनु हुन्छ । घरमा जेठानीहरू र छिमेकमै मेरो साथीको घर पनि भएकोले उनीहरूसँग कुरा गर्दा परिवार नियोजनको अस्थायी साधनको बारे सुनेको भएपनि आफुलाई भने उक्त साधन प्रयोग गर्न मन नलागेको बताउनु हुन्छ । बरु एउटा बच्चा भएपछि सोच्नुपर्ला, आमाले जस्तो म धेरै बच्चा पाउँदिन भन्ने सोच भने बनाएको बताउनु हुन्छ । हजुरआमाले आमालाई गाली गर्ने, धेरै काम लगाउने, बच्चा रोक्नुहुँदैन, भगवानले दिएको वरदान हो भनेर बच्चा धेरै जन्माउन दवाव दिएको देखेर सासु भनेको त खराब हुँदा रहेछन् भन्ने मेरो धारणा घरम विवाह भएर आएपछि केही मात्रामा कमि आयो । नपढेकी सासु भएपनि बुहारी पनि छोरी नै हुन् भनेर सोच्ने र माया गर्ने सासु भेटेपछि माइतीमा गएर आफुले हजुरहरूलाई आमालाई माया गर्न गाली नगर्न भने सम्झाउने गरेको बताउनु हुन्छ । २०६० सालमा पहिलो बच्चा छोरी जन्मिएपछि श्रीमानले नै अब दुइचार वर्ष अर्को बच्चा नपाउने भनेर उहाँले आफैले अस्थायी साधन कण्डम प्रयोग गरेको बताउनु हुन्छ । कामको शिलशिलामा पोखरा आउनु भएको श्रमिानले पोखरामा नै भाँडा पसल गरेर बस्ने योजना बनाएपछि छोरी सहित हामी ३ जना नै पोखरामा आइ बस्न थालेका हौं भन्नु भयो । छोरी ४ वर्षकी भएर स्कुल जान थालेपछि दोस्रो बच्चा जन्माउने भनेर हामीले अस्थायी साधन प्रयोग गर्न छाड्यौ । दोस्रो बच्चा २०६४ मा छोरा जन्मियो । त्यसको छ महिनासम्म खासै हामीमा कुनै शारीरिक सम्बन्ध रहेन त्यसपछि घरभेटीको सल्लाह अनुसार प्राकृतिक तरिका अपनाउन थाल्यौं शुरुमा त बच्चा सानो भएको र म पनि कमजोर भएकोले खासै सम्पर्कमा नआएपनि केही महिनापछि प्राकृतिक तरिका अपनाउँदा कहिलेकाँही समय नमिलेर अर्को बच्चा रहन्छकी भन्ने डर लाग्यो र श्रीमानलाई पनि यो कुरा बताए, उहाँले पनि इच्छा लागेको बेलामा समस्या परेकोले महिलो प्रयोग गर्ने अस्थायी साधन धेरै पनि छन् घरभेटी दिदीसँग सल्लाह गरेर तिमीनै प्रयोग गर भन्नु भयो र डक्टरकोमा गएर सल्लाह अनुसार खाने चक्कि खान विर्सिने हुन्छ, बरु सुई लगाउ भनेर सल्लाह दिएकोले मैले तिनमहिने सुई लगाउन थालेकी हुँ भन्नु हुन्छ ।

## केश नं. २१

पोखरा-१५ मा घर भाँडामा बस्ने केश नं. २१ को माइती पाँचजना दिदी बहिनीमात्र भएको बताउनुहुन्छ । पाँच जना दिदी बहिनी मध्यकी माइली छोरी आफु भएको बताउने उहाँले बुवा इण्डियामा काम गर्नुहुन्थ्यो । आमा भने घरमा नै बसेर हामी पाँच जना दिदीबहिनीको लालन पालन र अर्काको घरमा मेलापात गरेर बस्नु, हुन्थ्यो, विहान उठ्ने वित्तिकै गाई, भैसीलाई घाँस पात काटन् जाने आमालाई मेलामा जाने बेलामा खाना तयार गर्ने जिम्मा मेरो थियो । म कक्षा ३ सम्म त पढ्न गए । १५ वर्ष पुग्दा नपुग्दै विवाहको लागि माग्न आएपछि इण्डियाको लाहुरेसँग मेरो विवाह भयो । म घरबारीको काम गर्न सिपालु, घरको काम गर्ने, मेलापात जाने गर्न व्यस्त रहे । श्रीमान धेरे नपढेपनि इण्डिया जाने आउने गर्दा अलि टाठो बाठो भएकोले मलाई मान्छेनै गन्नुहुँदैनथ्यो । उहाँले मलाई विवाह गरेर गएको दिनबाटै हेप्नुहुन्थ्यो । तर घरपरिवारले मेरो काम देखेर होकी खोइ माया नै गर्नुहुन्थ्यो । परिवार नियोजनका साधनको प्रयोगबारे खासै जानकारी नभएपनि श्रीमानसँग भन्न नसकेको आफूसँग सो प्रयोग गरौं भन्ने सोच पनि नआएको बताउनुहुन्छ । नपढेकी मान्छे श्रीमानसँग यस्ता कुराहरू गर्ने म मा क्षमता छैन जस्तो लाग्थ्यो । श्रीमानले म कमाउँछु त खुरुक्क बच्चा पाए हुन्छ भनेपछि मलाई ठिकै हो जस्तो लाग्यो र छिट्टैनै मेरो बच्चा रह्यो तर पहिलो पटकनै छोरी जन्मिएपछि घरमा सासुले आमा गोता जाने भइ, छोरी छोरी पाउँछे क्या हो भनेर सुनाउन थाल्नुभयो । पहिला पहिला त श्रीमान हरेक वर्ष चाडवाडमा आउनुहुन्थ्यो, विस्तारै विस्तारै उहाँको घर आउने क्रम कम हुन थाल्यो फोन गर्नपनि बजारतिर नै आउनु पर्दथ्यो । अर्को पटक ३ वर्षमा श्रीमान घर आउनुभयो । बच्चा पाउने आइमाइ मान्छेको काम नै हो जस्तो लाग्ने र छोरा पाउनुपर्दछ भन्ने मेरो सोचाइले गर्दा पनि मैले कुनै अस्थायी साधनको बारेमा सोचिन र दोस्रो बच्चा पनि छोरी नै भए । घर परिवारले तेरी दुलैले त फेरी छोरी पाइ, तलाई दुःख हुनेभयो, छोरा पाउदिन क्या हो यसले भनेर सुनाउने, अर्को विवाह गरेपनि हुन्छ जस्ता कुरा गरेपछि परिवार र म विचमा ठूलो झगडा भयो । दुइ छोरीको मायाले घर छाडेर हिड्ने हिक्मत पनि गरिन । तर श्रीमानले अर्को विवाह गरेरे भनेको सुनेपछि म गाउँकै एक जना देवरलाई लिएर श्रीमान भएको ठाउँमा गए । त्यहाँ गएको त श्रीमानले मेरो कुनै कुरा पनि सुन्न तयार नै हुनु भएन, केटीलाई भन्दा मलाई केही थाहा थिएन पहिलो विवाहको बारेमा अब विवाह भइसक्यो म के गरौं भनेर उम्केपछि केही भन्ने बाटो नै रहेन, श्रीमानले नै धोका दिएपछि के गर्नु एक हप्ता जेनतेन बसे तर आफ्नो बेइज्जत गराएर कति दिन बस्नु भनेर म नेपालमा फिर्ता आए । घरमा पनि नगइ माइती गए । माइतीमा फुपुका छोराहरूसँग सल्लाह लिँदा अंश लिएर बस

छोरीहरू छन् । सम्बन्ध विच्छेद गरेर पनि के गर्नु भनेपछि मैले घरमा गएर घरबाट नै अंश लिए पनि गाउँघरको जग्गा जमिन खासै के नै उब्जनी हुने र बेच्दा पनि खासै पैसा आएन । त्यही पेसा व्याजमा लगाएर छोरीहरू सहित म चकलेट फ्याक्ट्रीमा काम गरेर छोरीहरू पढाएर बसेकी छु भन्नुहुन्छ । अहिले सुनेकी छु कान्छी श्रीमतीबाट पनि छोरी नै भएको छ । दुईवटा छोरी हुँदैमा मलाई छोरी छोरी पाइ भनेर हेलाह गर्ने परिवार फेरी छोरी नै भएको थाहा पाएपछि कान्छीलाई पनि मलाई जस्तो व्यवहार नगरे हुन्थ्यो जस्तो लाग्छ । छोरी जन्माउन श्रीमतीको मात्र नभएर श्रीमानको पनि उत्तिकै हात हुन्छ अरे भन्छन् सबैले । घरपरिवारले छोरी भनेर हेलाहाँ गरेपनि मैले छोरीहरूलाई दुःख गरेर भएपनि बोर्डिङ्ग स्कुलमा राखेकी छु भन्नुहुन्छ । आफुले श्रीमानलाई निकै माया गर्ने गरेको र अझै पनि म भनेर आएमा सँगै बस्न कुनै आपत्ति नभएको बताउनुहुन्छ । के गर्नु श्रीमान भए कसैले हेप्न सक्दैनन् । आखिर श्रीमान भनेको भगवानकै रूप त होनी, दुई छोरीका बाउँ हुन्, आए हुन्थ्यो भन्नुहुन्छ ।

## केश नं. २२

उमेरले ४३ वर्षिया केश नं. २२ आफु सानै छँदा नै जिन्दगीका निकै उतार चडावहरू भोगेको बताउनु हुन्छ । सानै उमेरमा दुर्घटनामा देब्रे हात नै गुयाउनु भएकी उहाँका गाउँघरमा त्यतिबेला खासै छोरीलाई पढाउनु पर्दछ भन्ने चलन नभएपनि बुवाले मेरो हालत देखेर यसको विवाह हुन गारो छ, एउटा हात नभएकोले काम गर्न पनि गारो, पढाउनु पर्दछ भनेर स्कुल भर्ना गरिदिनु भयो । स्कुल भर्ना गर्दा म ८ वर्ष पुगिसकेकी थिए । अरु भन्दा अलि ठूलै म, एउटा हात पनि नभएकोले पढ्न पनि कमजोर नै थिए । उमेर सुहाउँदो साथी पनि थिएनन् त्यही पनि म पढ्न भने सधै जान्थे । दश कक्षा सम्म जेनतेन पढेपनि एस.एल.सी. पास गर्न सकिन २-३ पटक दिँदा पनि पास गर्न नसकेपछि मैले पढ्न छोडे भन्नुहुन्छ । ३ जना बहिनी र भाइको विवाह भइसके पनि मेरो भने बुवाले विवाह नगर्ने भनेर राख्नु भएको थियो । यस्ती छोरीलाई विवाह गरिदिए दुःख पाउँछे भन्नु हुन्थ्यो । तर यस्तैमा नाता पर्ने चिनेजानकै केटाले मलाई मन पराएर माग्न आएपछि बुवाले पढेको केटा रहेछ वि.कम पास गरेको केटा, काठमाडौं बसेर पढेको यतिको केटाले छोरीलाई दुख दिँदैन भनेर विवाह गराइदिनुभयो र विवाह गरेको केही महिनापछि पढ्ने शिलशिलामा नै काठमाडौं गएर बसेको बताउनु हुन्छ । आफुले भने एक हातले गर्न सक्ने सम्पूर्ण काम गरेर घरमा नै बसेको बताउनु हुन्छ । परिवार नियोजनको अस्थायी साधन केही प्रयोग नगरेपनि श्रीमान र आफुसँगै ४-५ महिना बस्दा पनि बच्चा भने नभएको बताउनुहुन्छ । काठमाडौं गएको

बेलामा अष्ट्रेलिया पढ्न जाने योजना बनाएर घरमा आएर बाहिर पढ्न जान लागेको कुरा बताउनु भयो । दुई महिना बसेर सबै काम सिद्याएर अष्ट्रेलिया जानको काठमाडौं जानु भयो र उतैबाट अष्ट्रेलिया जानुभयो । यता भने मेरो महिनावारी रोकियो । श्रीमान अष्ट्रेलिया जाने वित्तिकै खबर गरे पनि लामो समयसम्म खबर नै पाइएन । घरमा भने श्रीमान जाने वित्तिकै सासु-ससुराको व्यवहारमा परिवर्तन आउन थाल्यो । जब छोरा जन्मियो, त्यो छोरा पनि आफ्नो छोराको नभएको भनेर दुइ दिनकी सुत्केरी मलाई बाहिर सुताएको र खानपनि राम्रो नदिएपछि माइतबाट लिन आएर मलाई र छोरालाई लिएर जानुभयो । त्यतिबेला अहिले जस्तो फोनको सुविधा नभएकोले श्रीमानसँग सम्पर्क पनि हुन नसकेके बताउनुभयो । बुवाले कतैबाट पत्ता लगाएर श्रीमानलाई फोन गरेर सबै कुरा भनेपछि आफुले घरमा कुरा गर्ने र श्रीमती र छोरालाई घरमा लगेर राख्नु म अझै दुई वर्ष आउन मिल्दैन भनेपछि बुवाले त्यसै गर्नुभयो । तर घरमा सासु ससुराले मलाई पहिलाको जस्तै वयवहार गर्न छाडेनन् । आफ्नो एक मात्र सन्तान मेरो श्रीमानको एउटै छोरालार्य पनि उनीहरूले नाती भनेर नभन्ने, बाहिर नै राख्ने गरेपछि म फेरी माइतीमा नै गएर बस्न थाले । दुइवर्ष अझै आउँदिन भनेको श्रीमान त्यही वर्ष नै आएर घरबाट मलाई खबरै नगरि, नभेटी फेरि फिर्ता गएको सुनेर म के भएछ भनेर बुझ्न घरमा जाँदा सासु ससुराले नभएका कुरा लगाएर भेट्न नै नदिइ फिर्ता पठाएको कुरा छिमेकीले भन्दा छाँगाबाट खसेजस्तो भएको कुरा व्यक्त गर्नुभयो, त्यति माया गर्ने श्रीमान्, आफैले मन पराएर विवाह गरेको श्रीमानलाई फोनमा कुरा गर्दा तिमीहरूले ढाँटेर विवाह गराएको, धोका दिएको र आफ्नो बाटो तताए हुन्छ भनेर फोन राखिदिएको बताउनु भयो । त्यसपछि श्रीमानले अर्को विवाह गरेको थाहा पाएपछि अंश लिएर छोरा सहित माइतीमानै बस्दै आएको बताउनु भयो । अस्वीकार गर्ने परिवार र श्रीमानलाई सम्झीदा कहिल्यै माफ गरौंला जस्तो लाग्दैन भन्नुहुन्छ ।

## केश नं. २३

म्याग्दीमा जन्मिएकी र हाल पोखरा १५ नयाँ गाउँ बस्दै आएकी केश नं. २३ वष ३६ को हुनुहुन्छ । ३ दिदि र १ दाई की कान्छी बहिनी केश नं. २३ विहे गर्ने बेलामा आफु आइ.ए. पढ्दै गरेको र श्रीमान पनि आइ.ए. पास गरेको बताउनु भयो । उमेरम ७ वर्ष जेठो श्रीमान र आफु व्यवहारमा भने साथी जस्तै भएको बताउनुभयो । श्रीमानको पढ्ने रहर हुँदा हुँदै पनि घरपरिवारको खर्च टार्न र पछि बच्चाबच्ची भएपछि राम्रो शिक्षा दिनको लागि पनि पैसा कमाउने उद्देश्यले बाहिर जाने सोच बनाउनु भयो । परिवार नियोजन र त्यसका साधनहरूको बारेमा राम्रो ज्ञान भएता पनि त्यतिबेला बच्चा ढिलो जन्माउने जन्मान्तर

राख्ने जस्तो कुरा हामी दुवैको ख्याल नै नगएको बताउनु भयो । विवाह भएपछि कुनै अस्थायी नियोजन नगरेकोले बच्चा रहिहाल्यो र छोरा जन्म्यो । पहिलो बच्चा भएपछि पनि हामी दुवैले बच्चाको जन्मान्तरबारे नसोचेकोले दोस्रो बच्चा पनि भइहाल्यो पहिलो बच्चा अस्पतालमा जन्मेको तर दोस्रो बच्चाको पालोमा आफुलाई सन्चो नभएजस्तो भएपछि घर बाहिर हावा खान निस्केको, रातिमा भएर कसैले पनि थाहा नपाएका र गारो हुँदै गएपछि आत्तिएर बारीमा हिड्दा बारीमा नै छोरा जन्मेको कुरा सुनाउनु भयो । बाहिर बारीको चिसोमा लामो समयसम्म बसेकोले म पनि विरामी भए जसको असर अहिलेसम्म पनि भोग्नु परेको बताउनु हुन्छ । पहिलो बच्चा जन्मेपछि त सासु भएकोले राम्रो रेखदेख भएको तर दोस्रो बच्चाको पटकमा भने सासु बिति सकेको बताउनुहुन्छ । दुई छोरा भएपछि अब भने बच्चा जन्माउने भनेर सल्लाह गरेपनि स्थायी नियोजन गर्न भने आफु डराएर नगरेको र श्रीमान बाहिर देश काम गर्न जाँदा गह्रौं सामानहरू उठाउनुपर्ने भएकोले स्थायी नियोजन गर्ने आट भएन र मैले तिन महिने सुइ लगाउन थाले । श्रीमान कोरियाबाट आउँदा मात्र लगाउँथे पछि छाड्थे तर यो सुइको प्रयोगले महिनावारी भएपछि रगत बग्ने नरोकिने हुन थाल्यो । हात खुट्टा सुनिने भएपछि डक्टरको सल्लाहमा उक्त सुई लगाउन छाडे । श्रीमान कोरियाबाट फर्कदा श्रीमानले आफैले प्रयोग गर्ने अस्थायी साधन प्रयोग गर्न थाल्नुभयो । डक्टरले दिएको रगत बग्न रोक्ने औषधी पनि रेगुलर नखाँदा डक्टरले बोलाएर पनि समयमा नजाँदा आफ्नै लापरवाहीले गर्दा अहिले आफुलाई ठूलै समस्या परेको बताउनु हुन्छ । अब भने श्रीमान कोरियाबाट आएपछि आफैले स्थायी नियोजन गर्छु भन्नु भएको छ भनेर बताउनु हुन्छ । बेलामा नै बुद्धि पुऱ्याएर आफ्नो शरीरको ख्याल गरेको भए अथवा घरमा सासु, अमाजुको बुझ्ने आइमाइमान्छे भएको भए सिकाउँथे होलान् र आज यस्तो अवस्था हुँदैनथ्यो होला भन्नु हुन्छ ।

## केश नं. २४

४२ वर्षिया केश नं. २४ आफ्नै जातको रितिरिवाज अनुसार मामा छोरा फुपुछोरीको विवाह गर्ने चलन अनुसार आफ्नो इच्छा नहुँदा नहुँदै जबरजस्ती विवाह भएको बताउनु हुन्छ । मामाको छोराले मन पराएर माग्न आएपनि आफुले नमानेको र केही समय पछि विवाहमा हेर्न जाने निहु पारेर ढाँटेर मन्दिरमा लगि सिंदुर राखेर विवाह गरेको बताउनु भयो । यसरी गरेको विवाहलाई नमानेर आफु भने माइतमा नै गएर बस्न थालेको बताउनु भयो । यसरी दुईवर्ष सम्म उहाँ माइत नै बस्नुभयो । माइतबाट भने विवाह भएकी छोरी माइतीमा बस्न हुँदैन घर जानु पर्दछ भनेर सम्झाउनु हुन्थ्यो । दुईवर्ष पछि श्रीमान लिन आउनु भयो र

मलाई घर जान सबैले कर गरेपछि म घर गए । घरमा पढेलेखेको कोही थिएन, म पनि खासै नपढेकी छिट्टै बच्चा जन्माउनु हुँदैन भनेर सम्झाउने कोही नहुँदा १८ वर्षको उमेरमा नै म आमा बने भन्नु हुन्छ । पहिलो बच्चा त्यही पनि छोरी भनेर परिवारले खासै चाख गर्नु भएन, मलाई पनि छोरा जन्मेको भएपनि हुन्थ्यो, छोरी जन्मेर भनेर मन दुखि भयो । त्यही पनि छोरीको माया भने निकै लाग्यो । श्रीमान भने कामको शिलशिलामा बजार तिरनै बस्नुहुन्थ्यो । महिना महिनामा घर आउनु हुन्थ्यो । गाउँ घरमा खासै धान फलने खेत नभएको कोदो र मकै पनि कम्ति नै फल्ने बारीमा हरिया सागसब्जी र फलफूल र मुस्किलले देख्न पाइने बताउनु हुन्छ । राम्रो मिठो खान चाडवाड नै कुर्नुपर्ने हुन्थ्यो । बुहारीले सबैलाई खाना खुवाएपछि मात्र खानुपर्दछ भन्ने सोचाइले गर्दा सबैले खाना खाएपछि खादाँ खाना चिसो हुन्थ्यो, कहिले खाना पुग्दैनथ्यो । पोशिलो खानेकुरा त देख्न पनि पाइँदैनथ्यो । श्रीमान आएको बेलामा घरपरिवारले राम्रो व्यवहार गर्दथे । जसले गर्दा सासुससुराको व्यवहारबारे श्रीमानले पत्याउनुहुँदैनथ्यो । उल्टै मलाई नचाहिने कुरा गर्ने, शहरजान मन लागेन घर परिवार नजाति बनाउने भन्नु हुन्थ्यो । छोरा पाउने रहर मलाई पनि थियो र घर परिवारले पनि छोरा भएमा मलाई माया गर्दथेकी भनेर पनि मैले परिवार नियोजनका साधन प्रयोग गरिन । श्रीमानलाई केही मतलब नै थिएन । परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्न सल्लाह दिने कोही नभएकोले घरपरिवार र श्रीमानको माया पाउन मैले हरेक दुई वर्षको फरकमा २६ वर्षको उमेरसम्ममा चार छोरी र एक छोरा गरेर पाँचजना बच्चाको आमा बन्न पुगे । हरेक दुई वर्षको फरकमा बच्चा जन्माउने, उचित स्याहार नहुँदा, पौष्टिक आहारको कमीले र कामको भारले गर्दा आफु शिथिल बन्दै गएर विरामी परेको बताउनु भयो । सासुले भने अझै एउटा छोरा पाएपनि हुन्छ, यत्रो जग्गा जमिन सेरोफेरो सम्हाल्ने मान्छे चाहिन्छ, मेरो एउटा मात्रै, त्यही भएको नी बजारतिरै हराउँछ भनेर भन्दा अब भने म बच्चा जन्माउन सक्दिन भने । घर परिवार र श्रीमानलाई खुशी पार्दछु भन्दा आफै आफु विरामी भएको बताउनु हुन्छ । घर नजिकैकी एक जना मिल्ने साथीको सल्लाहमा म आफै अब स्थायी नियोजन गर्दछु भनेर श्रीमान भएको ठाउँमा गएर आफु विरामी भएको, बच्चा धेरै भए अब म आफै स्थायी नियोजन गर्दछु भनेपछि श्रीमानले पनि हुन्छ भन्नु भयो र हामी दुवै जना अस्पताल गएर स्थायी नियोजन गऱ्यौ । एक हप्ता श्रीमानसँग भाडाको कोठामा बसेपछि घरबाट सासुले ठूली छोरीलाई मलाई लिन भनेर पठाएपछि म घर गए । छोरीले काममा सघाउन थाली । सासुले भने बच्चा रोकेर पाप गरेको, भगवानले दिएको खुरुखुरु नथापेर भनेर गाली गर्नुभयो । अब भने म ढुक्क भएर घरगृहस्थी सम्हाली रहेको बेला मेरो महिनावारी रोकियो । कमजोरीले होला भनेर वास्ता

गरिन तर तिनमहिनापछि थाहा भयो मेरो पेटमा बच्चा रहेको फेरी ३२ वर्षको उमेरमा छोरी जन्मेपछि श्रीमालनाई परिवार धेरै भयो, मैले गरेको स्थायी नियोजनले काम गरेन अब हजुरले गर्नुपऱ्यो भन्दा मान्नु भएन । फेरी पनि दुई वर्षपछि बच्चा रह्यो यो पटक महिनावारी रोकिने वित्तिकै गएर जाँदा बच्चा रहेछ र कसैसँग सल्लाह नलिइकिन बच्चा फालिदिए । घरमा सासुले थाहा पाएर पापिनी घरमा बस्ने पर्दैन भनेर झगडा गरेपछि साना ३ वटा बच्चा लिएर म पोखरा नै झरे । छोरा भने पढ्न भनेर पहिले नै बजारमा नै बाबासँगै बसेको थिए । दुईवटा छोरीको विवाह भैसकेको छ । अहिले म विरामी परिराखेको हुँदा जचाउन जाँदा मेरो मृगौलामा समस्या भएको बताएपछि म आराम गरेर बस्नुपर्ने भयो । श्रीमानको साना बच्चालाइ खुवाउने तयार गरेर स्कुल पठाउने सबै काम गर्नु हुन्छ । अहिले भने उहाँले मेरो मूल्य थाहा भएर होला मलाई रेखदेख गर्ने सबै गर्नु हुन्छ । समयमा नै सोचेको भए अहिले पछुताउनु पर्ने थिएन भन्नुहुन्छ । उहाँ आफैले पनि छोरी भन्दा छोरा प्रतिको मोहले गर्दा पनि अहिले आफ्नो शरीर रोगी भएको बताउनु हुन्छ । अहिले चारवटा छोरा छोरीलाई लिएर हामी सँगै बस्न थालेका छौं भन्नुहुन्छ । त्यतिबेला दुई छोरी हुने वित्तिकै श्रीमान् र परिवारलाई बुझाउन सकेको भए र परिवार नियोजन गरेको भए अहिले सबैले दुःख पाउँदैनथे भन्नुहुन्छ ।

## केश नं. २५

चार जना दिदी बहिनीमध्ये कि कान्छी छोरी उहाँको जेठी दिदीको विवाह भएको केही वर्षपछि विरामी परेको र दिदीको छोरा सानो भएकोले छोरालाई रेखदेख गर्न भनेर आमा बुवाले मलाई पठाउनु भयो । आउँदाखेरी मन्दिरमा दिदिहरू पुजा गर्न आएका छन् भनेर ढाँटेर लगि भिनाजुसँग मेरो विवाह गरादिए भनेर भन्नुहुन्छ । दिदीले आफु सिकिस्त विरामी परेको हेराउँदा सौतेनी ग्रह छ अर्को विवाह गर्नुपर्दछ भनेकोले शिलासँग, वेलसँग विवाह गर्दा पनि नभएपछि अरुलाई विवाह गरे ल्याउँदा मलाई केही भैहालेमा छोराको हेरचाह कसले गर्देला सौतेनी आमाले हेलाहा गर्दछन्, तिमीले त माया गरेर हुर्काउली भनेर हो भनेर दिदीले मलाई फकाउनु भयो, विवाह पछि म त्यही बसेर दिदीको स्याहार सुसार र छोराको रेखदेख गर्न थाले । दिदी विस्तारै ठिक हुँदै जानुभयो । मेरो विवाह भएको २ वर्षपछि दिदी फेरी बच्चा पाउने हुनुभयो । यसपाली पनि दिदीको छोरा भएको थियो मैले खुशिखुशि दिदी र बच्चा स्याहार गरे । दिदी माइतपनि जानुभएन । यति बेला नै मेरो र श्रीमान बिच शारीरिक सम्बन्ध भएकोले मेरो महिनावारी रोकियो र नौ महिनामा छोरी जन्मिइन् । पहिलो बच्चा छोरी भएपछि मैले कुनै अस्थायी साधन प्रयोग नगरेपनि त्यसपछि बच्चा भएन । किन

मेरो अर्को बच्चा नभएको होला जस्तो लाग्दथ्यो । त्यसपछि दिदीको पनि बच्चा भएको थिएन । हुन त दिदीको दुई छोरा भैसकेको थियो । मलाई भने अझै एउटा बच्चा जन्माउने रहर थियो । पछि श्रीमानले स्थायी नियोजन गरेको थाहा पाए । मैले छोरी पाएर सुत्केरी खान माइत गएको बेला भिनाजुले स्थायी नियोजन गरेको कुरा थहा पाए । दिदीसँग यस्तो कुरा गर्दा हाम्रो सम्बन्ध विग्रिने सम्भावना भएकोले मैले यस विषयमा कुरा नै गर्न छाडिदिए ।

## ४.४ मुख्य सूचनादाता

पो.ले.म.न.पा. कास्की १५ का महिलाहरूको परिवार नियोजनको साधनको प्रयोगमा रहेका समस्याहरू पत्ता लगाउनको लागि सोही क्षेत्रमा मेडिकल सञ्चालन गरेका ३ जना मेडिकल सञ्चालक र १ जना स्वास्थ्य स्वयम्सेविकाहरूबाट जानकारी भएका समस्याहरू पत्ता लगाउन उनीहरूसँग अर्न्तवार्ता लिइएको थियो । जसको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

### मुख्य सूचनादाता नं. १

एम.वि.वि.एस सेकेण्ड सेमिस्टर गर्दै गर्नुभएका मुख्य सूचनादाता नं. १ अमेरिकाबाट फर्केपछि मेडिकल हल सञ्चालन गरेर बस्नु भएको छ । नौ महिना अगाडीबाट मेडिकल सञ्चालन गर्दै आउनु भएको उहाँको मेडिकलमा परिवार नियोजन सम्बन्धी अस्थायी साधनहरू खाने चक्कि र प्रयोग गरिने साधनहरू जस्तै निलोकन, संगिनी ३ महिने सुई, कण्डम र इमरजेन्सी पिल्सहरू राख्दै आएको बताउनु हुन्छ । उक्त साधनहरूमा बढी मात्रामा विवाहित महिलाहरूले संगिनी सुई प्रयोग गर्दै आएको र निलोकन पनि त्यति नै विक्री हुने गरेको बताउनु हुन्छ भने टिनएजरहरूले ७२ घण्टे इमरजेन्सी पिल्स मेडिकलमा नै पानी मागेर खाने गरेको पनि बताउनु हुन्छ । उक्त परिवार नियोजनका साधनहरू खरिद गर्न भने महिला पुरुष लगभग बराबर मात्रामा नै आउने गरेको बताउनुहुन्छ । ३ महिने सुई लगाउन शुरुमा लगाउनेहरू श्रीमान सहित आएर सल्लाह लिएर लगाउने गरेको र पहिलेबाट लगाई रहेकाहरू पनि लगाउन आउने गरेको बताउनुहुन्छ । अरु साधनहरू किन्न भने पुरुषहरूले नै बढी मात्रामा आउने गरेको बताउनु हुन्छ । महिलाहरू परिवार नियोजनका अस्थायी साधन किन्न आउँदा केही अफठ्यारो महसुस गरे पनि पुरुषहरू भने श्रीमतीको लागि भनेर उक्त साधनहरू किन्न आउने भनेको बताउनुहुन्छ धेरै जसो विवाहित महिला र पुरुष नै आउने उहाँको मेडिकलमा एउटा बच्चा मात्र भएकाहरूले जन्मान्तरको लागि र कतिपय २-३ वटा छोरी भएका महिला र पुरुषहरू पनि केही समय सम्म बच्चा

रोकेर फेरी छोरा जन्माउने आशमा पनि अस्थायी साधन प्रयोग गर्ने गरेको कुरा बताउनु हुन्छ । कोही भने श्रीमान र घर परिवारले अझै बच्चा चाहेको अवस्था घर परिवार र श्रीमानलाई थाहा नदिइ ३ महिने सुइ लगाउने गरेको र खाने चक्कि प्रयोग गरेमा घर परिवारले थाहा पाउने सम्भावना भएको सुई लगाएको र यो कुरा गोप्य राख्नुहोला भनेर अनुरोध पनि गर्ने गरेको कुरा व्यक्त गर्नु भयो । कतिपय महिलालाई भने अझै राम्रोसँग अस्थायी साधनको प्रयोगबारे जानकारी नभएको बताउनुहुन्छ । अस्थायी नियोजनका महिलाले प्रयोग गर्ने र खाने चक्कीहरूको कारणले विभिन्न समस्या देखापऱ्यो भनेर आउनेहरू पनि केही मात्रामा रहेको बताउनुहुन्छ । यस्ता समस्याहरू मध्ये महिनावारी समयमा नहुने, रगत बग्न नरोकिने, मोटाउने रिङ्गटा लाग्ने जस्ता समस्याहरू देखिने गरेको बताउनुहुन्छ । विवाहित तर एउटा बच्चा पनि नभएका नव जोडीहरू भने अस्थायी साधन प्रयोग गरेमा पछी बच्चा नरहने होकी भनेर डराएर सल्लाह लिने गरेको बताउनुहुन्छ । विवाह हुनेवित्तिकै बच्चा बच्ची जन्माउन नचाहने, केही वर्ष पढ्न खोज्ने, कोही घुम फिर रमाइलो पछि बच्चा चाहनेहरू पनि अस्थायी साधन किन्न आउने गरेको र आफुले अवस्था हेरेर सल्लाह दिने गरेको बताउनु भयो । उहाँको मेडिकलमा आउनेहरूमा धेरैजसो जोडी एक-अकाको सल्लाहमा अस्थायी साधन प्रयोग गर्ने गरेको र केही मात्रामा महिलाहरू श्रीमानसँग बाट पनि लुकेर अस्थायी साधन प्रयोग गर्ने गरेको कुरा व्यक्त गर्नुभयो । आफ्नो मेडिकलमा आउने ग्राहक मध्य धेरै जसो २०-३० वर्ष उमेरका आउने गरेका र ति मध्ये केही अविवाहित कुरा पनि व्यक्त गर्नुभयो । पहिला-पहिला भन्दा आजकल मानिसहरू अलि बढी खुलेर परिवार नियोजनका साधनको बारेमा सरसल्लाह लिने गरे तापनि अझै पनि महिला संकोच र डर बाँकी नै रहेको जस्तो लाग्दछ भन्नुहुन्छ । तर अहिलेका टिनएजरहरू भने खासै संकोच नमानी कण्डम र इमरजेन्सी पिल्स किन्न आउने गरेको बताउनु हुन्छ । त्यसमा पनि केटाको संख्या केटीको तुलनामा धेरै रहेको बताउनुहुन्छ । यसरी किन्न आउनेहरूमा स्थानीय व्यक्ति भन्दा बाहिरका व्यक्तिहरू रेगुलर आउने गरेको बताउनुहुन्छ । स्थानीय व्यक्तिमा गोप्यता खुल्ने गर हुने हुनाले प्राय टिनएजरहरू छर-छिमेकीका हुँदैनन् । यिनीहरू अर्को नचिनेको ठाउँमा जान्छन् र बाहिरबाट यहाँ आउँछन् भन्नुहुन्छ ।

# मुख्य सूचनादाता नं. २

CMA गर्नु भएकी मुख्य सूचनादाता नं. २ ले दुई वर्षदेखि आफु पोखरा-१५ मा मेडिकल खोलेर बस्दै आएको बताउनु हुन्छ । २०७१ सालमा सञ्चालन गर्नुभएको मेडिकलमा उहाँ आफु एक्लैले सञ्चालन गर्दै आउनुभएको छ । उहाँले मेडिकलमा परिवार नियोजनका अस्थायी साधनहरू पनि राख्दै आएको बताउनु हुन्छ । तिन महिने संगीनी सुइ खाने चक्कि निलोकलन र इमरजेन्सी पिल्स महिलाको लागि र पुरुषको लागि कण्डम पनि राख्दै आएको बताउनुहुन्छ । आफु महिला भएपनि आफ्नो पढाइ र कार्य क्षेत्र यही भएकोले यस्ता साधन किन्न आउने केही महिलाहरू महिला नै हुनुहुँदो रहेछ भने खुशी हुनुहुन्छ भने कोही अझै संकोच मानी मानी भएपनि साधनहरू किन्नुहुन्छ भनेर भन्नुहुन्छ । केटा मान्छेहरू प्राय जसो संकोच नमानी किन श्रीमतीको लागि खाने चक्कि र कोही आफ्नै लागि प्रयोग गर्ने साधन लिन आउनुहुन्छ भन्नुहुन्छ । भर्खर मात्र विवाह भएका महिलाहरू काम र पढाइ छोड्नुपर्दछ भन्ने डरले छिटो बच्चा जन्माउन नचाहेर घर परिवारसँग सल्लाह नलिइकन ३ महिने सुइ लगाउन आउनु हुन्छ भने कसैले पसलमा नै आएर इमरजेन्सी पिल्स खाने गर्नुहुन्छ । प्राय विवाहित एउटा बच्चा भएका ३०-४० वर्ष उमेर सम्मका महिलाहरू मेडिकलमा आउने गरेको बताउनुहुन्छ । कोही भने २ वा ३ बच्चा भएका महिलाहरू पनि बच्चा सानै भएको भन्ने र कोही भने श्रीमानले स्थायी नियोजन गर्न नमानेको र अस्थायी साधन पनि कहिले प्रयाग गरिदिने र कहिले नगर्ने भएकोले विश्वास नलागेर र आफुलाई स्थायी नियोजन गर्न डर लागेकोले अस्थायी साधन नै प्रयोग गरेको कुरा सुनाउने गरेको बताउनुहुन्छ । अरु औषधि रेगुलर खानुपर्ने बिर्सिएमा समस्या पर्ने भएकोले प्राय महिलाहरू ३ महिने सुइ लगाउन आउने गरेको बताउनुहुन्छ । श्रीमानले प्रयोग गर्ने साधन पनि घरपरिवार र बालबालिकाबाट जोगाएर राख्न समस्या हुनेकुरा व्यक्त गर्दछन् भन्नुहुन्छ । ३ महिने सुइ पछि बिक्री हुने भनेको निलोकन हो भन्नुहुन्छ । विवाहित महिलाले भन्दा अविवाहितहरूले ७२ घण्टे इमरजेन्सी पिल्स किन्न आउने गरेको बताउनुहुन्छ । प्रायजसो दुई वा दुईभन्दा बढी बच्चा भएर पनि स्थायी नियोजन नगरी बसेकाहरूलाई अब त स्थायी नियोजन गरेहुन्छ नी भनेर सल्लाह दिँदा घर परिवारको अझै बच्चा जन्माए हुन्थ्यो भन्ने चाहना र छोरा पाउने आशले गर्दा स्थायी नियोजन गर्न नदिएको र स्थायी नियोजन गर्दा परिवारलाई थाह दिनुपर्ने भएकोले परिवारलाई थाहा नदिइकिनै अस्थायी साधन ३ महिने सुइ लगाउने गरेको कुरा पनि भन्नु हुन्छ । खाने चक्कि खाँदा परिवारबाट लुकाउन सके पनि श्रीमानसँग नसक्ने हुँदा सुइनै लगाउन ठिक मान्ने महिलाहरू पनि भएको बताउनुहुन्छ । धेरै जसो महिलाहरू दिउँसोमा नै अस्थायी साधन किन्ने गरे तापनि कोही भने बाहिरी

मान्छेसँगको लाजले साँझमा आएर अरु सामान किन्ने बहानामा नियोजनका साधन किन्ने गरेको बताउनुहुन्छ । श्रीमानलाई स्थायी नियोजन गर्न आग्रह गर्दा घरमा सासु ससुराले केटा मान्छेले स्थायी नियोजन गरेमा श्राद्ध गर्ने र अरु धार्मिक कार्य गर्न असुद्ध मानिन्छ भनेर स्थायी नियोजन गर्न नदिएको कुरा पनि व्यक्त गर्नुभयो ।

## मुख्य सूचनादाता नं. ३

CTEVT बाट डिप्लोमा इन फार्मेसी गर्नुभएका मुख्य सूचनादाता नं. ३ ले २०६७ सालबाट नै मेडिकल सञ्चालन गर्दै आउनुभएको हो । विभिन्न प्रकारका परिवार नियोजनका अस्थायी साधन राख्दै आउनुभएको उहाँले साधनको विक्रीमा पहिला र अहिले धेरै परिवर्तन आएको बताउनुहुन्छ । पहिला उक्त साधन किन्न कमै मात्र आउने गर्दथे भने अहिले धेरै आउने गरेको बताउनुहुन्छ । बगरमा हुने बेलामा बजार एरिया, बाहिरबाट आएका मान्छे धेरै हुनाले निकै नै मान्छेहरू परिवार नियोजनका साधन लिन आउँथे तर बगरको तुलनामा यहाँ कम मात्र आउने गर्दछन् भन्नु हुन्छ । यहाँ प्राय स्थानिय बासिन्दाहरू बढी भएको ठाउँ, जनसंख्या पनि कम र म केटा मान्छे भएको कारण पनि कतिपय महिलाहरू मेडिकलमा आएर मलाई देखेपछि केही नलिइकिन फर्किने गर्दछन् भन्नुहुन्छ । श्रीमान्हरू भने आफ्नो लागि र कोह ीभने श्रीमतीको लागि अस्थायी साधन लिन आउने गरेको बताउनुहुन्छ । अस्थायी साधनहरू निलोकन संगिनी, इमरर्जेन्सी पिल्स र कण्डम बेच्नेको लागि राख्दै आउनुभएको उहाँले धेरै जसो खाने चक्कि निलोकन र कण्डम लिन आउने गरेको बताउनुहुन्छ । धेरै जसो अविवाहित पुरुषहरूले कण्डम किन्ने गरेको र विवाहित पुरुषले भने प्राय श्रीमतीको लागि निलोकन किन्न आउने गरेको बताउनुहुन्छ । विवाहित पुरुषहरूले कण्डम आफुले प्रयोग गर्नुभन्दा श्रीमतीलाई खाने चक्कि किन्न मन पराउने गरेको बताउनुहुन्छ । महिलाले प्रयोग गर्ने अस्थायी साधनले प्राय जसो महिलाहरूलाई असर गर्दछ त्यसैले पुरुषले प्रयोग गर्ने अस्थायी प्रयोग गर्दा राम्रो हुन्छनी भनेर सल्लाह दिँदा यस्तो झन्झट गर्ने होइन भनेर भन्ने गरेको बताउनुहुन्छ ।

## मुख्य सूचनादाता नं. ४

पो.ले.म.न.पा. १५ मा बस्दै आउनु भएकी मुख्य सूचनादाता नं. ४ वर्ष ५० को विवाहित महिला हुनुहुन्छ । उहाँले आफ्नो घरबाट नै साधारण रुघा, खोकीको औषधीको साथै परिवार नियोजनका साधनहरू पनि वितरण गर्दै आएको कुरा व्यक्त गर्नुहुन्छ । परिवार नियोजनका साधनमा खानेचक्कि र कण्डम वितरण गर्दै आउनुभएकी उहाँले आफुसँग पुरुषहरू भने

कोही पनि अहिलेसम्म परिवार नियोजनका साधनहरू लिन नआएका र महिलाहरू पनि सारै अप्ठ्यारो महसुस गरेको बताउनुहुन्छ । आफुलाई इच्छा नभएपनि श्रीमानको करकापमा अस्थायी साधन लिन आउने गरेका महिलाहरू पनि धेरै नै भएको बताउनु हुन्छ । केही महिलाहरू श्रीमानले अस्थायी साधन आफैले नै प्रयोग गर्ने तर ल्याउनुपर्ने जिम्मा आफूलाई दिएको कुरा व्यक्त गर्दछन् भन्नुहुन्छ भने कतिपय श्रीमान बाहिर भएका महिलाहरू श्रीमान आएको बेलामा मात्र खाने चक्कि लिन आउने गरेको बताउनुहुन्छ । उहाँ तालिम प्राप्त स्वयम् सेविका भएकोले उहाँले परिवार नियोजनका साधनको प्रयोग र असरका बारेमा बताउँदै निःशुल्क अस्थायी साधन निलोकन र कण्डम वितरण गर्दै आएको कुरा बताउनुभयो तर धेरैलाई निःशुल्क परिवार नियोजनको साधन पाइन्छ भनेर पनि थाहा नभएको भन्ने गरेको बताउनुभयो ।

पहिलो बच्चा छिटै भयो र पढाइ र जागिर छाड्नु पर्ने भएको भनेर बताउने महिलालाई अस्थायी साधन किन प्रयोग नगरेको भनेर सोध्दा पहिलो दिनमा नै श्रीमानसँग अस्थायी साधनको बारेमा कुरा गर्दा श्रीमानले नराम्रो सोच्नु हुन्छकी भनेर भन्न नसकेको कुरा व्यक्त गर्दछन् भन्नु हुन्छ भने कतिपयको त घर परिवार र श्रीमानबाट भन्दा पनि माइतिबाट नै अस्थायी साधन प्रयोग नगर्न सल्लाह दिने गरेको कुरा व्यक्त गर्नुहुन्छ । छिटै बच्चा बच्ची भएमा छोरीको घर पक्का हुन्छ भन्दै आमा दिदीहरूले अस्थायी नियोजन गर्न रोक लगाउने गरेको कुरा पनि व्यक्त गर्नुभयो । उहाँका अनुसार परिवार नियोजनका साधनबारे परामर्श लिन महिलामात्र त्यो पनि थोरै मात्रामा आउने गरेको बताउनुहुन्छ । कतिपय महिलाले त उक्त साधन घरमा लुकाएर राख्न समस्या परेकोले प्रयोग गर्न छाडेको र संगीनी तथा कपर्टी प्रयोग गर्ने गरेका छौं भन्ने गरेको बताउनुभयो । केही महिलाहरू भने लामो समय महिलाले प्रयोग गर्ने अस्थायी साधन प्रयोग गर्दा बच्चा रहँदैन रे भन्ने डरले श्रीमानको लागि कण्डम लिन आउने गरेको बताउनुहुन्छ ।

माथि उल्लेखित वैयक्तिक अध्ययनका आधारमा र मुख्य सुचना दाताको सुचनाको आधारमा यस पो.ले.म.न.पा. - १५ मा महिलाहरूमा वच्चा कहिले, कति जन्माउने भन्ने कुराको निर्णय भुमिका नरहेको पाइयो । सानो उमेरमा नै वच्चा जन्माउने गरेको, परिवार नियोजनका साधनको बारेमा राम्रो ज्ञान नभएको, ज्ञान भएका महिलाहरूपनि घरपरिवार र श्रीमानसँग त्यस विषयमा खुलेर कुरा गर्न नसक्दा छिट्टै नै आमा बन्नुपरेको र त्यसले धेरै नै समस्याहरू निम्त्याएको, धेरै सन्तान हुने, जन्मान्तर कम हुने जस्ता समस्या देखियो ।

हरेक वडामा स्वास्थ्य स्वयम् सेविका हुन्छन् भन्ने र निःशुल्क परिवार नियोजनका साधन प्राप्त गर्न सकिन्छ भनेर सबै महिलालाई थाहा नभएको र थाहा भएका महिला पनि संकोचका कारण कमै मात्र जाने गरेको पाइयो । त्यसैगरी, यस क्षेत्रको वरिपरी रहेका मेडिकल संचालकका अनुसार यसै क्षेत्रकाहरू कमै मात्रामा परिवार नियोजनका साधन लिन आउने गरेको, त्यसमा पनि महिला भन्दा पुरुष वढी आउने गरेको पाइयो । पुरुषहरू आएतापनि महिलाले प्रयोग गर्ने र खाने चक्की सजिलो हुन्छ भनेर महिलाको लागि अस्थायी साधन किनेर लाने गरेको पाइयो । पुरुष भएको मेडिकलमा महिलाहरू त्यति नजाने गरेको र महिला भएको मेडिकलमा भने महिला र पुरुष दुवै उत्तिकै मात्रामा जाने गरेको पाइयो ।

# अध्याय पाँच

# परिवार नियोजनका साधनका प्रयोगमा महिलाको भूमिकामा असर पार्ने तत्वहरू

## ५.१ निर्णायात्मक भूमिकामा असर पार्ने तत्त्वहरू

यस अध्यायमा अहिलेको आधुनिक विज्ञान तथा प्रविधिको युगमा पनि महिलाहरूको परिवार नियोजनका साधनको प्रयोगमा रहेको निर्णय गर्ने क्षमता तथा कस्तो भूमिका रहेको छ र निर्णय गर्ने  क्षमता तथा भूमिकामा के कस्ता तत्वहरूले असर पारिरहेका छन् । भन्ने कुरालाई समेट्न खोजिएको छ । अहिलेको समयमा पहिलाको भन्दा परिवार नियोजनका साधनको  सर्वशुलभता तथा सजिलै उपलब्द गर्न सकिने अवस्था रहेको छ । तर विभिन्न कारणवश महिलाहरूको परिवार नियोजनका साधन प्रयोगमा निर्णय गर्ने क्षमता र पहुँच नपुगेको अवस्थालाई यसले समेट्न खोजेको छ । परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको निर्णयात्मक भूमिकालाई प्रभाव पार्ने तत्वहरू निम्न रहेका छन् । जुन तालिका ५.१ मा देखाइएको छ ।

**तालिका ५.१: निर्णायात्मक भूमिकामा असर पार्ने तत्वहरू**

| असर पार्ने तत्वहरू | संख्या (२५ जनामा) | प्रतिशत |
|---|---|---|
| सामाजिक तत्व | २५ | ५४.३४ |
| सांस्कृतिक तत्व | ६ | १३.०४ |
| आर्थिक तत्व | ४ | ८.६९ |
| मनोवैज्ञानिक तत्व | ६ | १३.०४ |
| शैक्षिक तत्व | ५ | १०.८६ |
| जम्मा | ४६ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७३ (बहुउत्तर)

तालिका नं. ५.१ अनुसार परिवार नियोजनका साधनको प्रयोगमा महिलाको निर्णायात्मक भूमिकामा सामाजिक तत्वले ५४.३४ प्रतिशत, सांस्कृतिक तत्वले १३.०४ प्रतिशत, आर्थिक तत्वले ८.६९ प्रतिशत, मनोवैज्ञानिक तत्वले १३.०४ प्रतिशत, शैक्षिक तत्वले १०.८६

प्रतिशत असर पारेको देखिन्छ । जसलाई शिर्षकअनुसार तल तालिका सहित विश्लेषण गरिएको छ ।

### ५.१.१ सामाजिक तत्व

महिलाले परिवार नियोजनको साधन प्रयोगमा निर्णय गर्नको लागि समाजका विभिन्न तत्वहरूले प्रभाव पार्ने गर्दछन् जसमध्ये सामाजिक तत्व पनि एक हो । सामाजिक तत्वहरूमा परिवार, श्रीमान, छरछिमेक, नातागोता, मिडिया आदिले परिवार नियोजनका साधनको प्रयोग गर्ने कि नगर्ने, कहिले गर्ने कुन साधन प्रयोग गर्ने, किन प्रयोग गर्ने जस्ता कुरामा प्रभाव पार्दछन् । जसलाई तालिका ५.२ मा प्रष्ट पार्न खोजिएको छ । जसमा परिवार नियोजनका साधनको प्रयोगमा निर्णयात्मक भूमिका कति रहेको छ भनेर प्रष्ट पार्न खोजिएको छ ।

**तालिका नं. ५.२: निर्णयात्मक भूमिकामा असर पार्ने सामाजिक तत्व**

| निर्णयात्मक भूमिका | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान | ९ | ३६ |
| उत्तरदाता स्वयम् | ६ | २४ |
| परिवारको | ३ | १२ |
| श्रीमान/श्रीमती | ५ | २० |
| अन्य | २ | ८ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ५.२ अनुसार परिवार नियोजनका साधनको प्रयोगमा श्रीमानको निर्णयात्मक भूमिका सबैभन्दा बढी ३६ प्रतिशत हुने गरेको देखियो । महिला स्वयम् को २४ प्रतिशत परिवारको १२ प्रतिशत, श्रीमान्-श्रीमती दुवैको सल्लाहमा २० प्रतिशत र अन्य विभिन्न ८ प्रतिशत निर्णयमा प्रभाव पार्ने गरेको देखियो ।

समाजमा रहेका नातागोता, इष्टभित्र, छरछिमेक आदिका कारण पनि घर परिवारबाट बच्चा छिटै जन्माउन अथवा घर परिवार वलियो हुन्छ धेरै बच्चा जन्माउनु पर्दछ भनेर दवाव दिने हुनाले परिवार नियोजनका साधन प्रयोग गर्ने वा नगर्ने निर्णयमा समाजले ठूलो प्रभाव पारेको हुन्छ । जुन कुरा यहाँ विभिन्न केशहरूबाट पुष्टि भएको छ ।

केश नं. १ वर्ष ३३ का अनुसार पहिलो बच्चा छोरी जन्मिने वित्तिकै श्रीमानलाई दुवईको लागि भिषा लागेर दुवइ जानु भयो । श्रीमान गएको ३ वर्ष पछि छोरीलाई परिवारको जिम्मामा छाडेर म पनि दुवई गए । हामी त्यहाँ पैसा कमाउन तल्लिन थियौं यस्तोमा बच्चा भएमा गाह्रो हुन्छ भनेर मैले लामो समय अस्थायी साधन प्रयोग गरेर जसले गर्दा मेरो दोस्रो बच्चा रहेन । वैदेशिक रोजगारको शिलशिलामा म र श्रीमान विदेश जाँदा लामो समय अस्थायी साधन प्रयोग गरेकोले असर पारेर दोश्रो बच्चा नरहेको अवस्थामा सासुआमा लाई इष्टभित्रहरूले बुहारीलाई एउटा नाति पाउने भन भनेर सुनाउन थालेपछि उहाँले हरेक दिन अर्को बच्चा जन्माउनको लागि कराउने झगडा गर्ने गर्नुहुन्छ । तर उहाँलाई हामीले अस्थायी साधन प्रयोग गर्न छाडेपनि बच्चा नरहेको भन्ने थाहा छैन । यसमा मेरो कुनै गल्ती नभएको जस्तो लाग्छ । अस्थायी नियोजन गर्ने बेलामा श्रीमान र मेरो दुवैको सल्लाहका भएको थियो तर अहिले श्रीमानले पनि दोश्रो बच्चा नहुनुमा मलाई नै जिम्मेबारी मान्नुहुन्छ । यसरी महिलाहरूले वैदेशिक रोजगारको लागि बाहिर जाँदा श्रीमान साथमा नै भएको अवस्थामा बच्चा भएमा काममा बाधा पर्ने हुँदा एकआपसमा सल्लाहबाट नै अस्थायी साधन प्रयोग गरेपनि पछि समस्या पर्दा घर परिवार र श्रीमान पनि श्रीमतीको साथ दिन पछि हट्ने र दोस्रो विवाहको धम्की दिने गरेको पाइन्छ र नातागोताले सासुससुरालाई नाती पाउने भन भनेर उक्साउने गरेको पाइन्छ ।

केश नं. ४ वर्ष ४९ का अनुसार त्यतिबेला छोरीको विवाह छिटै गर्ने चलन भए पनि मलाई आमाबाट विवाहको लागि कुनै दवाव आएन र मलाई पनि छिटै विवाह गर्ने इच्छा नभएकोले २०४९ सालमा २५ वर्षको उमेरमा २७ वर्षको केटासँग मेरो विवाह भयो । त्यो मागी विवाह थियो । खुला वातावरण र स्वच्छ तरिकाबाट आई.एड. गरेर शिशिक्षका भएकी म विवाहपछि घरपरिवार तथा घरधन्दा र जागिर धान्न गाह्रै परे पनि परिवारको सहयोगमा जागिर र घर धान्दै आए । परिवारको वातावरण तथा माहोल फरक भएपनि छिटै परिवारमा घुलमिल भए । मेरो पहिलो बच्चा छोरा प्राकृतिक रूपमा नै जन्मेको थियो । हाम्रो उमेर पनि धेरै नै भएकोले दुवै जना बच्चा जन्माउन तयार नै भएकोले कुनै परिवार नियोजनको साधन प्रयोग गरेनौं । तर पहिलो बच्चा जन्मेपछि छिटै नै दोस्रो बच्चा रही हालेको र जन्मिने वित्तिकै बच्चा नरहेको डाक्टरबाट जानकारी पाएको र अरु कारण खासै न भएपनि लामो समयसम्म उक्त बच्चाको कारणले म निराश भए र शारीरिक र मानसिक रूपले कमजोर म र मेरो श्रीमानको सल्लाहमा अस्थायी नियोजन साधन प्रयोग गर्ने निर्णयमा

पुगेका हामीलाई सासु आमाले आफूलाई नातिनातीना खेलाउने रहर नपुगेकोले छिटै नै अझै एउटा बच्चा जन्माउ भनेर बारम्बार भन्ने गर्नुहुन्छ । शिक्षित महिलाहरूले आफ्नो स्वास्थ्यलाई ख्याल गर्दै श्रीमानलाई राजी गराएर अस्थायी साधन प्रयोग गरे तापनि घरमा सासु ससुराहरूको नाती नातिना खेलाउने रहरले बुहारीलाई अस्थायी साधन प्रयोग नगर्न र बच्चा जन्माउन दवाव दिने गर्दछन् ।

केश नं. ६ वर्ष ३६ का अनुसार हिन्दु धर्ममा आस्था राख्ने मेरो १७ वर्षको उमेरमा नै प्रेम विवाह भएको थियो । १८ वर्ष मा पहिलो बच्चा छोरी जन्मिइन पहिलो बच्चा जन्मेको ६ महिना नपुग्दै महिनावारी नभइकन मेरो दोस्रो बच्चा रहन गयो र डेढ वर्ष भित्रमा नै म दुई छोरीको आमा भए । छिटै दुई बच्चा जन्मेकाले तेस्रो बच्चा नजन्माउनको लागि परिवार नियोजनको अस्थायी साधन तीन महिने सुई प्रयोग गर्न थाले । २ वटा बच्चामा नै छोरी भएकोले मेरो परिवारले मलाई भेटेपिच्छे परिवारको वंश चलाउन  छोरा जन्मिनुपर्ने बारे परिवार नियोजनको साधन प्रयोग नगर भनेर आग्रह गरेपनि श्रीमान र मलाई छोराको खासै चाहना नरहेको र अर्को बच्चा जन्माउन इच्छा नभएकोले परिवारको आग्रहलाई वेवास्ता गरेका हौं । अहिले एकल परिवारका रूपमा श्रीमान म र हाम्रो दुई छोरी बस्दछौं र मेरो तेस्रो बच्चा नजन्माउने निर्णयमा श्रीमानको पूर्ण सपोर्ट रहेको छ । सानो उमेरमा नै विवाह गर्ने हाम्रो समाजमा श्रीमानसँग सल्लाह गर्दा नराम्रो मान्नुहुन्छ की भनेर संकोत मान्दा छिटै बच्च रहेको र दोस्रो बच्चा छिटै नहोस् भनेर योजना बनाउन नपाउँदै दोस्रो बच्चा पनि छोरी भएकोले दुवै बच्चा छोरी भएपनि श्रीमान श्रीमतीलाई छोराको रहर नभएपनि घरपरिवारले समाजले के भन्दला एउटा छोरापाउनुपर्दछ भनेर भन्ने गरेको भेटिन्छ ।

केश नं. ९ वर्ष ३५ का अनुसार एस.एल.सी. पास गरेकी मलाई त्यतिबेला त्यहाँभन्दा पढ्न मन भएन र पढ्न छाडेकोमा पढाइको महत्व नबुझ्दा अहिले मलाई पछुतो लाग्दछ । साथीको घरमा फुर्सदमा जाने आउने क्रममा साथीको दाइलाई मनपराए  र उसले पनि मन पराउँछ भन्ने थाहा पाएपछि विवाहपूर्व नै भेटघाट हुने क्रममा उहाँले शारीरिक सम्पर्कको प्रस्ताव राखेता पनि मैले भने अस्वीकार गरे । हामीहरूको  साथीको घरमा जाने क्रममा पटक पटक भेट भइरहँदा र घरमा अरु कोही नभएको बेलामा नचाहँदा नचाहँदै पनि शारीरिक सम्पर्क हुनपुग्यो । कुनै अस्थायी साधन प्रयोग नगरेपनि बच्चा भने रहने । म गुरुङ्ग र श्रीमान ब्राह्मण परिवारको भएकोले घरपरिवारले हामीलाई सजिलै स्वीकार नगर्ने कुरा

थाहा थियो बल्ल तल्ल घरमा आयौं । पहिलो बच्चा नजमान्उन अस्थायी साधन प्रयोग गरेकी म जेठानीहरूको बच्चा देख्दा मलाई पनि बच्चा जन्माउन रहर लागेको र श्रीमानलाई भन्दा श्रीमानले अझै केही वर्षबच्चा जन्माउने भनेर मान्नु भएन । मेरो त घरमा कुनै कुरा सुनुवाइ हुँदैन थियो । तर श्रीमानले पनि मेरो कुरा व्यवास्ता गर्दा नरमाइलो लाग्यो । महिलाहरू अर्न्तजातिय विवाह गरेर जाँदा समाजमा धेरै समस्याहरू भोग्नुपरेको देखिन्छ । घरपरिवारमा अर्न्तजातिय विवाह गरेर आएकी महिलाको कुरा सुनिँदैन र यस्तो अवस्थामा श्रीमानले पनि श्रीमतीको कुरा नसुनिदा महिलाहरू दवाइएको महसुस गर्दछन् । छोरा चाहिन्छ भन्ने समाजले अझैपनि अन्तरजातिय विवाहलाई स्विकार नगरिएको समाजमा भिन्दै जातबाट आएकी बुहारीले छोरा नै जन्माएपनि त्यति खुशी भएको अवस्था भेटिदैन । बुहारीलाई पनि धेरै जसो परिवारमा धार्मिक कार्यहरूमा सरिक नगराएको अवस्था पनि छ ।

केश नं. १५ वर्ष २० का अनुसार हामी दुवै जना श्रीमान श्रीमती नै पढेलेखेका भएकोले र मेरो अझै पढाई नसिद्धिएकोले हामीले दुवैको सल्लाहमा ४-५ वर्ष बच्चा नजन्माउने र मेरो पढाई सकिएपछि मात्र परिवारको वारेमा सोचविचार गरौंला भनेर योजना बनाएको तर सासु आमाले नातिनातीनाको रहर लाग्यो म हुर्काइदिन्छु तिमीहरूले बच्चा पाएमात्र हुन्छ भनेर झगडा गर्न थालेपछि यसको असर हामी श्रीमान श्रीमतीमा पनि पर्न थालेकोले हामीले अस्थायी साधन प्रयोग गर्न छाड्यौं । अहिले पनि समाजमा श्रीमान श्रीमतीको आपसी समझदारीमा परिवार नियोजनको साधन प्रयोग गर्दा घरपरिवारबाट बच्चा छिटो भइदिएहुन्थ्यो, नातिनातिना छिटो खेलाउन पाए हुन्थ्यो भन्ने इच्छाले परिवार नियोजनको साधन प्रयोग गर्न रोक लगाएको भेटिन्छ । श्रीमान श्रीमती नै शिक्षित र घर परिवारपनि शिक्षित भएपनि सासुससुराले छरछिमेकमा अरुको नातिनातिना देखेर रहरले गर्दा पनि छोरा बुहारीलाई बच्चा जन्माउन् आग्रह गर्दछन् ।

केश नं. १८ वर्ष ४० का अनुसार "दोश्रो श्रीमतीको रूपमा भित्रिएकी मलाई लामो समयसम्म बच्चा नरहँदा समाजले बच्चा नपाउने रहिछे भनेर सुनाउँदा मन चसक्क हुन्थ्यो । तर घर परिवार र श्रीमानबाट कुनै गुनासो थिएन । उहाँहरूले मलाई सपोर्टनै गर्नु हुन्थ्यो । नारी वादी सिद्धान्तलाई उर्जागर गर्ने विभिन्न सिद्धान्तमध्ये मार्क्सवादी नारीवादले Reproduction का पक्षमा एउटी नारीले आफ्नो शरीरको निर्णय एवम् नियन्त्रण गर्ने अधिकार छैन । पुरुषको दोस्रो विवाहलाई सजिलै स्वीकार गर्ने समाजमा विवाह हुने वित्तिकै बच्चा

नभएमा महिलालाई नै औला उठाउने गरिन्छ । पुरुषमा कमजोरी भएपनि पहिला महिलाको नै कमजोरी हो भनेर समाजले बुझ्दै नबुझी निर्णय गर्ने गर्दछ ।

तर मार्क्सवादी नारीवादमा भनिएजस्तै नभएर केश नं. १८ वर्ष ४० का अनुसार श्रीमान र घरपरिवारबाट सधै दवाव मात्र नभएर सपोर्ट पनि हुने रहेछ । आदर्श मेडिकल हल अधिकारीका अनुसार "कोही महिलाहरू श्रीमान र परिवारबाट लुकेर परिवार नियोजनका साधन प्रयोग गर्ने गरेका छन् ।"

मुख्य सूचनादाता नं. २ का अनुसार "दुई वा सो भन्दा बढी बच्चा भएर पनि अस्थायी साधन लिन आउने महिलाहरूलाई अब त स्थायी नियोजन गरे हुन्छ भनी सल्लाह दिँदा - स्थायी साधन प्रयोग गर्दा घरपरिवारलाई थाहा दिनुपर्ने हुन्छ र घरपरिवारले धेरै बच्चा भएको घर बलियो हुन्छ भन्ने धारणाले गर्दा स्थायी नियोजन गर्न रोक लगाएकोले घरपरिवारबाट लुकेर अस्थायी साधन प्रयोग गर्ने गरेको बताउनुहुन्छ ।"

केश नं. २ वर्ष १८ का अनुसार "विवाह पूर्व नै बच्चा रहनुमा श्रीमान र म उत्तिकै जिम्मेबार भएपनि समाजले मलाई नराम्रो दृष्टिले हेर्नु, दिनहुँ गाली गर्नु, विवाह नहुँदै यस्तो उपद्रो गर्ने भनेर कुरा सुनाउनु, साथीहरूलाई उनीहरूको परिवारले म सँग हिड्न रोक लगाउनु के यो मेरो मात्र गल्तिले गर्दा भएको हो ?"

केश नं. ९ वर्ष ३५ का अनुसार "परिवारको सबै भन्दा कान्छो छोरा रहनु भएको मेरो श्रीमान अरु दाजुहरू भन्दा परिवारको प्यारो हुनुहुन्थ्यो । घरका हरेक देव कार्य, पितृकार्यमा उहाँ लगाएत सबै सरिक हुँदा मलाई सरिक गराई दैनथ्यो । मलाई उहाँको रितिरिवाज थाहा छैन भने र छुट्याई दिन्यो ।" श्रीमानले अर्को जातको श्रीमती ल्याएपनि र परिवारले उत्तिकै सम्मान दिइन्छ भने महिलालाई दिइँदैन ।

नेपाली समाज पितृसत्तात्मक ढाँचाबाट निर्देशित भएको परिवारमा पुरुषले दमनकारी तथा निर्णयकारी भूमिका रहेको देखिन्छ । समाजमा रहेका लैङ्गिक सामाजिकी करणको प्रक्रियाले पुरुषलाई वलियो र महिलालाई कमजोर बनाएको छ । समाजमा जन्म, मृत्यु, संस्कारमा महिलाको भन्दा पुरुषको नै भूमिका रहेको हुन्छ । भने गलत मान्यता र परम्पराका कारण महिलाको स्थिति नाजुक बन्दै गएको छ ।

### ५.१.२ सांस्कृतिक तत्व

कुनै पनि जोडीलाई परिवार नियोजनका साधन प्रयोग गर्न उनीहरूको आफ्नो धर्म, संस्कृति र परम्पराले प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारि रहेको हुन्छ । जसले गर्दा अस्थायी साधनको आवश्यकता महसुस भएपनि उनीहरूले उक्त साधनको प्रयोग गरेर फाईदा लिन सकिरहेको अवस्था छैन । जस्तैः काजक्रियाको लागि, वंश बढाउनको लागि र स्वर्ग जानको लागि छोरा चाहिन्छ भन्ने धारणा र बच्च रोक्नको लागि स्थायी नियोजन गरेमा लोग्ने मान्छेहरू पितृ श्राद्धको लागि अशुद्ध हुन्छन् भन्ने धारणा नै परिवार नियोजनका साधनको प्रयोगमा बाधा पुऱ्याउने सांस्कृतिक तत्वहरू हुन् । महिलाको परिवार नियोजनको साधनको प्रयोगको भूमिकामा प्रभाव पार्ने विभिन्न तत्वमध्ये सांस्कृतिक तत्व पनि एक हो । जुन तालिका नं. ५.३ मा देखाउन खोजिएको छ ।

**तालिका ५.३ : सांस्कृतिक तत्वको आधारमा उत्तरदाता**

| **निर्णयात्मक भूमिका** | **सङ्ख्या (२५ जनामा)** | **प्रतिशत** |
|---|---|---|
| वंश बढाउन छोरा चाहिने | २ | ३३.३४ |
| काजक्रियाको लागि छोरा चाहिने | १ | १६.६७ |
| स्वर्ग जान छोरा चाहिने | १ | १६.६७ |
| अशुद्धताको भावना | १ | १६.६७ |
| पाप, धर्म | १ | १६.६७ |
| जम्मा | ६ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ५.३ अनुसार महिलाहरूको बच्चाको रहर पुगेर परिवार नियोजनका साधन प्रयोग गर्न चाहँदा विभिन्न सांस्कृतिक तत्वहरूले उक्त निर्णयमा प्रभाव पारेको पाइयो । जस्तै वंश बढाउनको लागि छोरा चाहिन्छ भन्नेमा २ प्रतिशत, काजक्रिया गर्न छोरा चाहिन्छ भन्नेमा, स्वर्ग जान छोरा चाहिन्छ भन्नेमा, परिवार नियोजन गर्दा अशुद्ध भईन्छ भन्नेमा १ प्रतिशत र परिवार नियोजन गर्दा पाप लाग्दछ भन्नेमा १ प्रतिशत पाइयो ।

केश नं. १ वर्ष ३३ का अनुसार “सासुआमाले सधैनै मर्दापर्दा, काजक्रिया गर्न र स्वर्ग जानको लागि छोरी चाहिन्छ । एउटा नाति जन्माउ भनेर बच्चाको लागि झगडा गर्ने

गर्नुहन्थ्यो । तर आफूले चाहेर पनि सासुआमाको इच्छा गर्न नसकेको वताउनुहुन्छ" । हिन्दु धर्म अनुसार छोरा जन्मेमा स्वर्ग पुगिन्छ, काजक्रिया गर्न छोरा चाहिन्छ भन्ने मानसिकताले गर्दा हरेक परिवारमा छोराबुहारीलाई छोरा नपाइन्जेलसम्म बच्चा जन्माइराख्न दवाव दिने गरेको पाइन्छ ।

केश नं. ४ वर्ष ४९ का अनुसार "अस्थायी नियोजन गरेर बच्चा  रोकेमा पाप लाग्छ, बच्चा त भगवानको वरदान हो, रोक्न  हुँदैन भनेर अस्थायी साधन प्रयोग नगर्न र बच्चा पाउन सासुआमाले सधै आग्रह गर्नू हुन्थ्यो । तर श्रीमान र मेरो सल्लाहमा हामीले सासुआमालाई थाहा नदिई अस्थायी साधन प्रयोग गऱ्यौ" । नेपाली संस्कृतिअनुसार बच्चा भगवानको वरदान भनेर रोक्नु हुँदैन भन्ने मान्यता रहिआएको छ । यस्तोमा घरपरिवारले बच्चा रोक्नका लागि परिवार नियोजनका साधन प्रयोग गर्न रोक लगाउने गर्दछन् ।

केश नं. ६ वर्ष ३५ का अनुसार का अनुसार "हाम्रो समाजमा बंश चलाउन छोरा चाहिन्छ भन्ने सोच भएर होला घरपरिवारले छोरीहरू मात्र भएर हुँदैन परिवारको वंश अगाडी बढाउनको लागि छोरा चाहिने हुँदा अर्को वच्चा जन्माउन बारम्बार आग्रह गर्नुभयो । तर हामी श्रीमान श्रीमतीलाई भने छोराको आवश्यकता पर्ला जस्तो लागेन र उहाँको कुरालाई बेवास्ता गऱ्यौ ।" छोरी छोरी भएको परिवारमा छोरी विवाह गरेर श्रीमानको घरमा गएपछि श्रीमानको नामथर अपनाउने हुँदा बुवाको वंश चलाउनको लागि छोरा नै चाहिन्छ भन्ने मानसिकताले गर्दा घरपरिवार र समाजले छोरा जन्माउनको लागि परिवार नियोजनको साधन प्रयोग नगर्न दवाव दिने गर्दछन्  ।

केश नं. ९ वर्ष ३५ का अनुसार "छोरा पाएमा स्वर्ग पुगिन्छ भन्ने हाम्रो समाजमा म हाम्रो परिवारको जात भन्दा भिन्दै जात रितिरिवाज, संस्कृति बाट आएकीले गर्दा घरमा सासुससुराले दुईवटा नाति भएर के गर्नु अर्के जातकी बुहारीले पाएका नातिहरू, किन धेरै पाउनुपऱ्यो अव नपाएपनि हुन्छ । भनेको सुन्दा रिस उठ्यो ।" जातिय भेदभाव भएको समाजमा अर्कै जातबाट आएको बुहारीबाट जन्मिएको बच्चा घरको विभिन्न संस्कारहरू गर्न अस्वीकार्य रहेको अवस्था छ । जसले गर्दा परिवार नियोजनको साधन प्रयोग गर्न घरपरिवारले दवाव दिएको अवस्था पनि भेटियो ।

केश नं. १० वर्ष ४५ का अनुसार "हाम्रो गाउँघरमा मेरो विवाह हुनुभन्दा पहिले आमाहरूले कुरा गर्दा फलानाकी दुलैले त बच्चा नजन्माउने औषधी गरेकी रे कस्ती पापिनी रहिछे

भगवानले दिएको हात नथापेर जन्म दिने उनै भगवानले पुऱ्याईदिन्थे भनेर  कुरा गरेको सुन्दा परिवार नियोजनको साधन प्रयोग गर्नु पाप हो भन्ने लाग्यो र मैले त परिवार नियोजनका कुनै पनि साधन प्रयोग गरिन ।" घरपरिवारमा आमाहरूको कुरा सुन्दा छोरीहरूलाई परिवार नियोजनको साधन प्रयोग गर्नु नै पाप हो भन्ने अवधारणा बसेकोले गर्दा विवाहपछि उनीहरूले परिवार नियोजनको साधन प्रयोग गर्न चाहना नराखेको भेटियो ।

केश नं. १७ वर्ष ३५ को भनाई अनुसार विवाहभएको लामो समयपछि छोरी जन्मिएपछि छोरीको राम्रो स्याहार गर्न जन्मान्तरको लागि श्रीमान र मेरो सल्लाहमा अस्थायी साधन प्रयोग गऱ्यौं । तर सासु आमाले थाहापाएर अलक्षिनी व्यवहार गरेको र यस्तो व्यवहार गरेपछि भगवानले बच्चा दिदैनन् भनेर भन्नु भयो । हामीले आठवटा बच्चा पाएर सवैलाई राम्रोसँग हुकाईयौं भनेर गाली गर्नुभयो र हामीलाई अस्थायी साधन प्रयोग नगर भन्नुभयो । घरपरिवारमा महिलाहरूले आफूले भोगेका समस्याहरू बुहारीले पनि भोग्नुहुन्छ भन्ने सोचाइ राख्ने गर्दछन् र महिलाले नै महिलालाई बच्चा पाउने मेसिन जस्तै सोच्ने गरेका छन् ।

केश नं. २१ वर्ष १५ का अनुसार "बच्चा पाउने हामी आईमाइ मान्छेको काम नै हो जस्तो लागेर छोरा पाउनु पर्दछ भन्ने मेरो सोचाई भएकोले पनि मैले कुनै अस्थायी साधनको बारेमा सोचिन" । घरपरिवारको दवाव मात्र नभएर महिलाहरू आफै पनि सचेत नभएको कारणले छोराको चाहना राखेर  बच्चा धेरै जन्माउने गर्दछन् । जसले घर परिवारमा श्रीमान र पोखराको खुशीको लागि आफ्नो शरीरको ख्याल समेत गर्दैनन् ।

मुख्य सूचनादाता नं. ३  (डिप्लोमा इन फार्मेसी) अनुसार "विवाहित पुरुषहरू मेरो पसलबाट आफूले प्रयोग गर्ने साधन नलिइकन महिलाको लागि प्रयोग गरिने अस्थायी साधन लाने गर्दछन् र जतिसुकै अस्थायी साधनको प्रभाव परेपनि महिलालाई नै अस्थायी साधन प्रयोग गर्न लगाइएको भेटिन्छ ।"

मुख्य सूचनादाता नं. १ अनुसार "मेरो मेडिकलमा आउने परिवारको रहर पुगेका महिलालाई अब श्रीमानलाई स्थायी नियोजन गर्न लगाउने सल्लाह दिँदा स्थायी नियोजन गरेमा श्राद्ध गर्न र अरु धार्मिक कार्य गर्न हुँदैन त्यसैले स्थायी नियोजन गर्नु हुँदैन भनेर भन्ने गर्दछन् ।"

केश नं. १४ वर्ष ३० का अनुसार "माईतीमा दुई दिदी बहिनीकी  र दुईवटा भाउजुको प्यारी बहिनी बनेर खाना खाएर थालमा चुठेकी र हिड्ने गरेकि म विवाह पश्चात घरमा सम्पूर्ण

काम आफैले गर्नुपर्ने हुन्थ्यो । श्रीमान भने घुमेर हिड्ने गर्नुहुन्थ्यो । सँगै पढेर सँगै हिड्ने गरेका हामी विवाह पछि मैले सम्पूर्ण घरको काम गर्नुपर्ने र श्रीमान फुर्सदीलो भएर हिडेको देखेर म झगडा गर्दथे । काम गर्न गारो भए र माईत जाँदा एक हप्ता पुग्न नपाउँदै बुवाले कति दिनको विदा लिएर आएकी छौ भनेर सोध्नु हुन्थ्यो र विवाह भएकी छोरी माइतमा धेरै बस्नु हुदैन भन्नु हुन्थ्यो । विवाह पछि स्वतन्त्र रूपमा घुम्ने रमाईलो जीवन विताउने सपना देखेकी मलाई विवाह गरेर गल्ति गरेकी जस्तो लाग्न थाल्यो । छोरीलाई पराई धन सम्झिने समाजमा माइतमा स्वतन्त्र भएर रहेकी छोरी विवाह हुने वित्तिकै श्रीमानको घरमा उसका विभिन्न भूमिका तयार हुन्छन् । विहान सबैभन्दा छिटो उठ्ने, धैलो पोतो गर्नुपर्ने, खाना बनाउने देखि लिएर घरका प्राय जसो कामहरू महिलाको थाप्लोमा आइपुग्छन् । जसले गर्दा छोरीलाहरूलाई विवाह गर्नु भनेको त गल्ति पो हो कि जस्तो लाग्दछ ।

केश नं. ७ वर्ष ३७ का अनुसार छोरी भएर माया ममताका साथ स्वतन्त्र भएर हिडेको वेलामा हाम्रो समाजमा विवाह भएपछि लाउने खाने, बोल्ने हाँस्ने हरेक कुरामा बुहारीलाई वन्देज हुने हुँदा विवाह भएर घरमा जाँदा नौलो ठाउँ, नौलो मान्छे र नौलो रितिरिवाजमा तथा नौलो परिवेशमा आफूलाई सोही अनुसार ढाल्न मलाई धेरै समय लाग्यो ।

### ५.१.३ आर्थिक तत्व

यो अनुसन्धान कार्यमा वैयक्तिक अध्ययन गर्ने क्रममा कुनै पनि परिवारमा सन्तान कहिले जन्माउने कति जन्माउने भन्ने जस्ता महत्वपूर्ण कुरामा निर्णय गर्ने अधिकार परिवारमा जसको आर्थिक हैसियत राम्रो रहेको हुन्छ । उसैको नै रहेको हुन्छ । नारीहरू वच्चा जन्माउने र घरायसी काममा नै व्यस्थ रहने र पुरुषहरू आर्थिक क्रियाकलापमा कंलग्न हुने हुँदा समाजमा विभिन्न पक्षमा विवाह, पितृसत्ता र परिवार सम्पत्ति प्राप्त गर्न पुरुषहरू शक्तिशाली रहेको पाईन्छ । त्यति हुँदाहुँदै पनि जुन महिलाहरू आर्थिक रूपले सक्षम रहेका छन् उनीहरूको भने परिवार नियोजनका साधन प्रयोगमा निर्णय लिने हिक्मत एवम् क्षमता पनि भएको देखिन्छ भने श्रीमानमा भर पर्नुपर्ने महिलाहरूको भने श्रीमानको नै निर्णयात्मक भूमिका हुने गरेको देखिन्छ । जुन तालिका नं. ५.४ मा देखाउन खोजिएको छ ।

**तालिका ५.४: आर्थिक हैसियतको आधारमा निर्णयात्मक भूमिका**

| **निर्णयात्मक भूमिका** | **संख्या (२५ जनामा)** | **प्रतिशत** |
|---|---|---|
| महिला | २ | ५० |
| पुरुष | २ | ५० |
| जम्मा | ४ | १०० |

स्रोतः  स्थलगत अध्ययन, २०७३

यस तालिका ५.४ अनुसार परिवार नियोजनका साधनको प्रयोगमा महिल ५० प्रतिशत र ५० प्रतिशत पुरुषहरू यस अध्ययन अनुसार आर्थिक रूपले सक्षम रहेका र निर्णयात्मक भूमिका पनि सोही अनुसार नै भएको पाइयो ।

केश नं. ५ का अनुसार "म ब्युटिसियन भएकाले परिवारमा मेरो पनि आर्थिक हौसियत राम्रो थियो । आर्थिक रूपले सक्षम म आफ्नो स्वास्थ्य प्रति पनि सचेत थिए । महिलाले प्रयोग गर्ने अस्थायी नियोजनका साधनका नराम्रा असर धेरै भएकाले मैले श्रीमानलाई लोग्नेमान्छेले प्रयोग गर्ने अस्थायी साधन प्रयोग गर्न राजि गराए ।  यदि महिला आर्थिक रूपमा सक्षम भएमा घरपरिवार र श्रीमानलाई आफ्नो निर्णय सुनाउन र मान्न राजी गराउन सक्ने क्षमता महिलामा पनि हुने रहेछ ।

केश नं. ८ का अनुसार  "म शिक्षक भएको कारण परियार नियोजनका साधनको बारेमा जानकारी भएको र आर्थिक रूपले पनि म सक्षम भएको कारण परिवार नियोजन सम्बन्धि साधन प्रयोगमा म आफैले नै निर्णय लिन सके । घर परिवार तथा श्रीमानबाट पनि कुनै गुनासो भएन" । महिलाको आर्थिक स्थिति दरो भएमा घरपरिवार र श्रीमानसँग सल्लाह नगरीकन परिवार नियोजनको साधन प्रयोगबारे आफै निर्णय लिन सक्छन् र जानकारी भएमा पनि कमाउने बुहारी भनेर कुनै गुनासो नगरेको भेटिन्छ ।

केश नं. ११ का अनुसार "हाम्रो परिवारमा अन्य दाजुभाई भन्दा साइलो जेठाजुको सवैभन्दा राम्रो आम्दानी हुने गर्दथ्यो । त्यसैले घरमा धेरैजसो कार्य उहाँको निर्णयमा नै हुनेगर्दथ्यो । जेठानीलाई पनि दाइजो बढी ल्याएकी भनेर बढी ख्याल गरिन्थ्यो" । घरपरिवारमा जसको आम्दानी धेरै छ र जुन बुहारीले दाइजो बढी ल्याएको छ उनीहरूलाई सासुससुराबाट बढी

सपोर्ट हुने गरेको देखिन्छ र श्रीमानको आय स्रोत राम्रो भएमा र श्रीमानले सपोर्ट गरेमा त्यस घरमा श्रीमतीको पनि राम्रो मानसम्मान रहेको हुन्छ ।

केश नं. २१ का अनुसार "म नपढेकी तर श्रीमान पनी नपढेकै भएपनी कमाउने भएका कारण श्रीमानले आफुलाई सधै हेप्नहुन्थ्यो । उहाँ इण्डिया जाँदा आउदा अलि टाठो बाठो भएको कारण म कमाउने छदै छु, तेरो केकाम भयोर खुरुक्क बच्चा पाए हुन्छ भनेर भन्नुहुन्थ्यो " । श्रीमान नपढेकै भएपनि कमाउने भएकोले श्रीमतीलाई घरमा बसेर बच्चा जन्माउने र हुर्कानुको साथै घर सम्हाल्न दवाव दिने गरेको देखिन्छ ।

## ५.१.४ मनोवैज्ञानिक तत्व

परिवार नियोजनका साधनको प्रयोगमा निर्णत्मक भूमिकामा मनोविज्ञानले पनि प्रभाव पार्दछ । श्रीमानहरूको श्रीमतीप्रति देखाउने रवाफको कारण शारीरिक सम्बन्धमा परिवार नियोजनका साधनले गर्दा असन्तुष्टिको कारण पनि उक्त साधनहरू प्रयोग गर्न निर्णय लिन प्रभाव परेको हुन्छ जस्तै लोग्ने मान्छेले प्रयोग गर्ने साधन प्रयोग गर्नमा समस्या देखिनु, सम्बन्धमा सन्तुष्टि प्राप्त नहुनु, श्रीमतीलाई भन्दा के भन्ने हो भनेर समस्यामा पर्नु र श्रीमतीले नै बुझेर प्रयोग नगर्न भन्नु जस्ता कारणहरूले पनि परिवार नियोजनका साधनको प्रयोगमा प्रभाव पारेको हुन्छ । जुन तालिका नं. ५.५ मा देखाउन खोजिएको छ ।

**तालिका ५.५: मनोविज्ञानको आधारमा निर्णयात्मक भूमिका**

| निर्णयात्मक भूमिका | संख्या (२५ जनामा) | प्रतिशत |
|---|---|---|
| झन्झट मान्ने रवाफ देखाउने | ४ | ६६.६५ |
| साधन प्रयोगमा समस्या | १ | १६.६७ |
| सन्तुष्टि प्राप्त नहुनु | १ | १६.६७ |
| जम्मा | ६ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ५.५ अनुसार अध्ययनमा छनोट गरिएका उत्तरदाता अनुसार परिवार नियोजनका पुरुषले प्रयोग गर्ने साधन प्रयोग गर्न झन्झट मान्ने र श्रीमती प्रति रवाफ देखाउन पनि पुरुषहरूले आफुले उक्त साधन प्रयोग नगरी श्रीमतीलाई प्रयोग गर्न निर्णय गर्नेहरूमा

६६.६५ प्रतिशत, साधन प्रयोग गर्न समस्या १६.६७ प्रतिशत र उक्त साधन प्रयोग गर्दा सन्तुष्टि  नमिलेर साधन प्रयोग गर्न छाड्ने १६.६७ प्रतिशत रहेको देखिन्छ ।

केश नं. १ वर्ष ३३ र केश नं. १४ वर्ष ३० का अनुसार "विवाह पूर्व सजिलै आफुखुसि अस्थायी साधन आफैले प्रयोग गर्नुहुन्थ्यो । तर विवाह भएपछी झन्झटिलो हुन्छ भनेर तिमिले नै अस्थायी साधन प्रयोग गर भनेर मलाई अस्थायी साधन प्रयोग गर्न लगाउनु भयो । अस्थायी साधन प्रयोग गर्न लगाउनु भयो । अस्थायी साधन प्रयोग गर्न लगाउनु भयो । अस्थायी साधन प्रयोग नगर्ने भए बच्चा जन्माएपनि हुन्छ भन्नुभयो । विवाह अघि र विवाहपछि पुरुषहरूको परिवार नियोजनका साधनप्रतिको धारणामा परिवर्तन हुने गरेको भेटिन्छ । प्राय विवाहपछि पुरुषहरूले आफूले प्रयोग गर्ने अस्थायी साधन प्रयोग गर्न झन्झट मान्ने गरेको पाइन्छ र श्रीमतीले नै अस्थायी साधन प्रयोग गरे हुन्थ्यो भन्ने सोच राखेको पाइन्छ ।

केश नं. ९ वर्ष ३५ का अनुसार "मेरो दोस्रो बच्चा जन्मिने बेलामा अप्रेशन गर्नुपर्ने भएकोले अप्रेशनको वेलामा मेरो श्रमिनले मलाई नसोधिकन डक्टरसँग स्थायी नियोजन गरिदिए हुन्छ भन्नु भएछ । म प्रशब पिडामा भएको वेला डाक्टरले सोद्दा मैले ध्याननै नदिइ हुन्छ भनेछु । पछि स्थायी नियोजन भएको थाहा भएपछि म छाँगा बाट खसेजस्तै भए । यति ठूलो निर्णय लिँदा पनि मलाई सल्लाह नगरेको भनेर झगडा गरे । यति सानो उमेरमानै स्थायी नियोजन गर्न मन मलाई थिएन ।" पहिलो बच्चा प्राकृतिक रूपमा नै भएको आफ्नो इच्छा नभएपछि श्रीमानले श्रीमतीको इच्छा नबुझीकिन नै आफ्नो एक्लैको निर्णयमा बच्चा रोक्नको लागि स्थायी नियोजन गर्न भन्ने गरेको भेटिन्छ ।

केश नं. ११ वर्ष २२ का अनुसार "श्रीमानले विवाहको अर्कोदिनमा अहिले व्यवस्थित नहुन्जेल बच्चाको बारेमा नसोच्ने भनेर परिवार नियोजनको साधन साथमानै लिएर आउनुभएको देखेर म खुसी भएकी थिए । मलाई पनि बच्चा छिटै जन्माउने चाहना थिएन र तर श्रीमानले हाम्रो लागी नभै आफ्नो स्वार्थको लागि उक्त साधन प्रयोग गर्नुभएको रहेछ ।" श्रीमानले आफ्नो स्वार्थ पूर्तिको लागि नै श्रीमतसँग आफ्नो स्वार्थ लुकाएर राम्रो बन्दै अस्थायी नियोजन प्रयोग गर्ने गरेको पाइयो ।

केश नं. १३ वर्ष २५ का अनुसार "छोरी जन्मिएपछी शारीरिक रूपमा म कमजोर भएकाले गर्दा काम गर्न पनि नसक्ने भएपछि र छोरीको रेखदेख र स्याहार सुसार मा व्यस्त रहने हुँदा

श्रीमान र घर परिवारलाई समय दिन सकिन । त्यही कारणले गर्दा पनि श्रीमान मबाट टाढा हुनुभयो ।" श्रीमानले श्रीमतीको भावना बुझ्रेर बच्चा भैसकेपछि पनि श्रीमतीले आफूलाई उत्तिकै महत्व दिओस् भन्ने चाहना राख्दा महिलाहरूले बच्चा जन्माएपछि शारीरिक रूपमा कमजोर भएर श्रीमानलाई सोचेजस्तो सन्तुष्टी दिन नसक्ने हुँदा श्रीमानहरू श्रीमतीबाट टाढिने गरेको भेटिन्छ ।

केश नं. १८ वर्ष ४० का अनुसार "मेरो विवाह भएको धेरै वर्ष सम्म पनि बच्चा भएन्न । श्रीमानको भने पहिलो श्रीमती बाट एउटा छोरी जन्मेको र पहिलो श्रीमतीको मृत्यु भएको थियो । अब बच्चा नहुँदा म मानै कमजोरी भएको रहेछ भन्ने लाग्यो । छरछिमेक र इष्टमित्रले बच्चा नपाउने रहिछ भन्दा मनमा चसक्क भएपनि घर परिवार र श्रीमानले एउटा छोरी छहैछ पिर नगर भनेर सपोट गर्नुभयो" ।

सवै परिवार र श्रीमानले श्रीमतीलाई सर्पोट नगर्ने मात्र हुदैन्न भन्ने कुरा केश नं.१८ बाट पनि प्रष्ट हुन्छ । जसमा छरछिमेक र इष्टमित्रले जेसुकै कुरा गरेपनि घरपरिवार बाट सपोट पाएको देखिन्छ ।

मुख्य सूचनादाता नं. ३ अनुसार "मेरो मेडिकलमा श्रीमतीको लागि अस्थायी साधन लिन आउने श्रीमानहरूलाई केटा मान्छेले प्रयोग गर्ने साधन लगे हुन्छ नी भन्दा त्यस्तो झन्झट गर्ने होइन महिलाले नै प्रयोग गर्न सजिलो हुन्छ भन्दछन् र महिलाहरू भने स्थायी नियोजन गर्न डर लागेर नगरेको भन्ने गर्दछन् ।

## ५.१.५ शैक्षिक तत्व

महिलाको आत्म र क्षमता वृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमीका निर्भर खेलेको हुन्छ । कुनै पनि घर परिवार र महिला हिक्षित भएमा त्यो घर स्वर्ग समान बन्न सक्छ । तर महिलामा शिक्षाको माध्येमले  गर्दा उनीहरूले आफ्नो जिन्दगीका महत्वपूर्ण कार्यहरू मध्य परिवार नियोजनका साधनको प्रयोग मा निर्णय लिने क्षमता सम्म पनि नहुन सक्छ । शिक्षित महिलाहरूले परिवार नियोजनका साधनको बारेमा श्रीमानसँग खुलेर कुरा गर्न सकेको पाइयो र श्रीमानलाई नबुझिकन आफै निर्णय लिएको पाइयो र अरु महिलामा निर्णय गर्न क्षमता कम देखियो ।

**तालिका ५.६: शैक्षिक तत्वको निर्णयात्मक भूमिका**

| निर्णयात्मक भूमिका | संख्या (२५ जनामा) | प्रतिशत |
|---|---|---|
| शिक्षित महिला (आफै निर्णय) | २ | ४० |
| साक्षर महिला (श्रीमानको निर्णय) | ३ | ६० |
| जम्मा | ५ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

उक्त तालिका ५.६ अनुसार ४० प्रतिशत महिला आफु शिक्षित भएकै कारण आफैले उक्त साधन प्रयोग गर्न निर्णय लिएको र ६० प्रतिशत महिला आफुलाई उक्त साधनको बारेमा राम्रो ज्ञान नभएकोले श्रीमानले नै निर्णय लिएको बारेमा जानकारी प्राप्त गरियो ।

केश नं. ८ का हनुसार "पहिलो बच्चा र दोस्रो बच्चा बिच ५ वर्ष को जन्मान्तरको लागि मैले मेरो आफ्नै निर्णयले अस्थायी साधनको प्रयोग गरे । म जागिरे र पढाइ पनि भएकाले यस्तो समयमा दोस्रो बच्चाको चाहाना नभएकोले श्रीमानलाई पनि नसोधि किन अस्थायी साधनको प्रयोग गरे ।" यदि महिलाहरू शिक्षित भएमा आफ्नो राम्रोको लागि घरपरिवारको निर्णय विना आफैले आफ्नो निर्णय लिन सक्षम हुन्छन् ।

केश नं. १० वर्ष ४५ का अनुसार " २०४९ साल मा पहिलो बच्चा जन्मेको र अज्ञानताको कारणले दोस्रो बच्चापनि २०५१ सालमा नै भयो । अहिले म मेरो परिवारसंग बसाई सरेर पोखरा आएको ८ वर्ष भयो । तर यहाँको माहोल गाउँघरको भन्दा निकै फरक लाग्यो यहाँ छरछिमेकसँग कुराकानी हुँदा थाहा भयो एउटा वा दुइवटा बच्चा भएपछि परिवार नियोजनका साधन प्रयोग गर्ने, विवाह हुने वितिकै पनि वच्चा रोक्न उक्त साधन प्रयोग गर्ने गरेको कुरा खुलेर अफ्ठयारो नामानी कुरा गर्ने रहेछन् । यो देखेर हाम्रो गाउँका मानसिको सोचाईमा परिर्वतन आएको छकि छैन होला जस्तो लाग्दछ । महिलाम रहेको अशिक्षाको कारण र घरपरिवार छरछिमेकमा आमा, भाउजूहरूले छोरीको अगाडी परिवार नियोजनका साधन प्रयोग गर्नु धर्मको विरुद्धमा हो वा तेसो गरेमा पाप लाग्दछ भनेर कुरा गर्दा उक्त सुनेको कुराको प्रभावपछि सम्म रहेर परिवार नियोजनका साधन नअपनाउने गरेको पाइन्छ ।

केश नं. १३ वर्ष २५ ले स्वास्थ्यको बारेमा ज्ञान नभएर आफ्नो स्वास्थ्यको बारेमा खासै ख्याल नगर्ने म सानो उमेरमा बच्चा नभएर पनि अस्थायी साधन प्रयोग गरिन र छिट्टै

आमा बन्न पुगे । प्राय महिलाहरू विवाहपछि आफ्नो सर्वश्व नै श्रीमान ठान्ने र श्रीमान र परिवारको लागि आफ्नो ख्याल नगर्ने गर्दछन् । अशिक्षाको कारण महिलाहरूले आफ्नो निर्णयात्मक हक आफैले गुमाएको पाइन्छ ।

केश नं. २१ का अनुसार "श्रमिान नपढेको भएपनि बाहिर जाने आउने गर्दा टाठो बाठो हुनुहुन्थ्यो तर म भने नपढेकोले घरधन्दा को काम बाहेक अरुकुरामा खासै चासो थिएन । श्रीमानले भने केही थाहा नभएकी भनेर हेप्नुहुन्थ्यो । छिटै बच्चा नरहोस् भन्ने सोच पनि नभएकी मलाई परिवार नियोजनका साधन वारे राम्रो ज्ञान पनि थिएन र श्रीमानसंग यस्तो बारेमा कुरा गर्ने हिम्मत पनि भएन ।" श्रीमान र श्रीमती दुवै नै शिक्षित नभएपनि श्रीमानले कमाएर ल्याएर घर चलाउने हुँदा र घरपरिवारले आफूलाई सपोर्ट नगर्दा श्रीमानले सपोर्ट गरिदिए हुन्थ्यो भनेर सोच बनाएकी श्रीमतीलाई तपाई केही थाहा छैन भनेर हेप्ने गरेको भेटिन्छ । परिवार नियोजनका साधनको बारेमा ज्ञान भएपनि श्रीमतीको काम नै बच्चा जन्माउने हो भनेर श्रीमतीलाई सल्लाह नदिएको भेटिन्छ । महिलाहरू भने श्रीमानसँग त्यस्तो सल्लाह गर्न आफुमा हिक्मत नभएर चुप लागेर बस्ने गर्दछन् ।

# अध्याय छ

# परिवार नियोजनका साधनको प्रयोगमा महिलामा समस्या र चुनौतीहरू

## ६.१ परिवार नियोजनको साधनको बारेमा जानकारीको माध्यम

परिवार नियोजन साधन प्रयोगमा महिलाहरूको भूमिकामा असर पार्ने तत्वहरू वडा नं. १५ पो.ले.म.न.पा. कास्कीको एक अध्ययन शीर्षकको यस अध्ययनमा वडा नं. १५ का वर्ष १५-४९ सम्मका विवाहित महिलाहरूले परिवार नियोजनको साधनको बारेमा विभिन्न संचार माध्यम, पत्रपत्रिका, साथीसंगी आदि माध्यमबाट जानकारी प्राप्त गरेको पाइयो । जसलाई तालिका ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : जानकारी प्राप्त गरेको माध्यम**

| जानकारी | संख्या (२५ जना) | प्रतिशत |
|---|---|---|
| पढेर | ६ | २४ |
| साथीभाई/दिदी बहिनीबाट | ४ | १६ |
| सञ्चार माध्यम (टि.भि. रेडियो) | ५ | २० |
| श्रीमानबाट | ५ | २० |
| स्वास्थ्य स्वयम् सेविकाबाट | १ | ४ |
| मार्फेसिष्टबाट | २ | ८ |
| जानकारी नभएको | २ | ८ |
| जम्मा | २५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका नं. ६.१ अनुसार परिवार नियोजनका साधनको बारेमा जानकारी पढेर २४ प्रतिशत, साथी भाई दिदिबहिनीबाट १६ प्रतिशत, सञ्चार माध्यमबाट २० प्रतिशत, २० श्रीमानबाट प्रतिशत, स्वास्थ्य स्वयम् सेविकाबाट ४ प्रतिशत, फार्मेसिष्टबाट ८ प्रतिशत र ८ प्रतिशत महिलालाई जानकारी नभएको भेटियो ।

## ६.२ परिवार नियोजनका साधनको प्रयोगमा महिलामा समस्या र चुनौतीहरू

अहिलेको समयमा शहर बजारमा कार्य व्यवस्थताको कारण हर समय भागदौड चलिरहेको हुन्छ । अहिले महिलाहरू पनि पुरुष सरह समान भएर हिडिरहेको अवस्था छ । महिलाअरुले आफ्नो पढाइ सिधाउने र जागिरको व्यवस्था मिलाउने र विवाह भएपछि केही समय श्रीमान संगै घुमफिर गर्ने सपनाहरू सजाएका हुन्छन् उक्त सपना साकार पार्नको लागि परिवार नियोजनका साधनले महिलालाई सहयोग गरेको छ । तर यसको प्रयोग गर्दा विभिन्न समस्याहरू तथा अप्ठ्यारा वांधा अड्चन आउने गर्दछन् । यस वैयक्तिक अध्ययान बाट महिलाहरूले समाजमा परिवार नियोजनका साधनको प्रयोगमा भोग्नुपरेको समस्याहरू निम्न भेटिएका छन् । जुन तालिका ६.१ मा प्रष्ट्याउन खोजिएको छ ।

**तालिका ६.२: परिवार नियोजनका साधनको प्रयोगमा महिलामा समस्या र चुनौतीहरू**

| **समस्या र चुनौती** | **संख्या (२५ जनामा)** | **प्रतिशत** |
|---|---|---|
| अज्ञानता एवम् लापरवाही | ४ | १२.५ |
| पैसाको समस्या | ३ | ९.३७५ |
| सल्लाह एवम् अन्तरक्रियामा समस्या | ३ | ९.३७५ |
| किन्नमा र जानकारीमा समस्या | ४ | १२.५ |
| शारीरिक समस्या | ५ | १५.७५ |
| घरमा राख्नको समस्या | ३ | ९.३७ |
| जन्मान्तरमा समस्या | २ | ६.२५ |
| प्राविधिक समस्या | २ | ६.२५ |
| मनोवैज्ञानिक समस्या | ६ | ६.७५ |
| जम्मा | ३२ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७३ (बहु उत्तर)

तालिका ६.२ अनुसार परिवार नियोजनका साधनको प्रयोगमा महिलामा विभिन्न समस्या र चुनौतीहरू भोग्नु परेको देखिन्छ । जस्तै अज्ञानता एवम् लापरवाहीको कारण १२.५ प्रतिशत महिलाले समस्या भोग्नु परेको छ भने पैसाको समस्या ९.३७५ प्रतिशतलाई, सल्लाह एवम् अन्तरक्रियामा समस्या ९.३७५ प्रतिशतलाई, किन्नमा र जानकारीमा समस्या १२.५

प्रतिशतलाई, १५.७५ प्रतिशत महिलालाई शारीरिक समस्या, ९.३७ प्रतिशतलाई घरमा राख्नको समस्या, ६.२५ प्रतिशतलाई जन्मान्तरमा समस्या, ६.२५ प्रतिशतलाई प्राविधिक समस्या र ६.७५ प्रतिशतलाई मनोवैज्ञानिक समस्या रहेको देखिन्छ ।

मुख्य सूचनादाता नं. १, २, ३ र ४ का अनुसार पनि परिवार नियोजनका साधन किन्न महिलाहरू संकोच मानेर कम मात्रामा आउने गरेको र पुरुष बढी आउने गरेको जानकारी प्राप्त भएको छ । परिवार नियोजनका अस्थायी साधन खाने चक्की र पुरुषले प्रयोग गर्ने साधन घरमा लुकाएर राख्न समस्या भएकोले केही महिलाहरू संगीनी सुई लगाउन आएको पनि बताउनुहुन्छ । अस्थायी साधन किन्न आउनेहरूमा पनि चिनेका भन्दा नचिनेका व्यक्तिहरू फरक क्षेत्रबाट अथवा बाहिरबाट आउने गरेको बताउनु हुन्छ । कोही महिलाहरू भने श्रीमानले अस्थायी साधन प्रयोग गर्न समस्या भएकोले आफैले अस्थायी नियोजन प्रयोग गर्न लागेको कुरा व्यक्त गर्दछन् भन्ने कुरा जानकारी प्राप्त भयो । महिला स्वास्थ्य स्वयमु सेविकाका अनुसार आफ्नो वडामा महिला स्वास्थ्य सेविकाबाट निःशुल्क परिवार नियोजनका साधन पाइन्छ भन्ने जानकारी कम भएकोले र साथसाथै जानकारी भएकाहरू पनि लाज मानेर अस्थायी साधन लिन कमै मात्र आएको बताउनुहुन्छ ।

## ६.२.१ अज्ञानता एवंम् लापरवाही

महिलामा रहेको अशिक्षा,अज्ञानताका साथै ज्ञान भएपनि के नै होलार भन्ने लापवाहीका कारण महिलामाथि धेरै समस्याहरू आइपर्ने गर्दछ भने कतिपय अवस्थामा श्रीमानको भर पर्दा श्रीमानको अल्छिपन, झन्झट मान्ने कारणले गर्दा पनि समस्या र चुनौतिहरू आइपर्ने गर्दछ ।

**तालिका ६.३: अज्ञानता एवम् लापरवाही**

| **समस्या** | **संख्या (२५ जनामा)** | **प्रतिशत** |
|---|---|---|
| अज्ञानता | ३ | ६० |
| लापरवाही | २ | ४० |
| जम्मा | ५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

श्रीमान् र श्रीमतीमा रहेको अज्ञानता र लापरवाहीको कारण तालिका ६.३ अनुसार छनोट गरिएका उत्तरदाता मध्ये ५ जनामा ६० प्रतिशतलाई अज्ञानताको कारण र ४० प्रतिशतलाई लापरवाहीको कारण समस्या परेको पाइयो ।

केश नं. २ वर्ष १८ का अनुसार " मलाई शारीरिक सम्बन्ध राख्ने वेलामा सुरक्षित हुनको लागि अपनाउने साधनहरूको वारेमा विद्यालयमा पढ्ने बेलामा नै पढेर थाहा भएपनि एकपटकको सम्बन्धले नै के बच्चा रहला र भनेर वेवास्था गर्दा बच्चा रहन गयो । " परिवार नियोजनका साधनको बारेमा थाहा भएपनि एकपटक हो नि भनेर लापरवाही गर्दा कतिपय महिलाहरूलाई समसीया पर्ने गरेको र बच्चा फ्याक्ने अवस्थामा सम्म पुग्नु परेको भेटिन्छ ।

केश नं. २ केश नं. १० वर्ष २५ र केश नं.२३ का अनुसार "पुरुषले प्रयोग गर्ने अस्थायी साधनको बारेमा जानकारी भएपनि महिलाले प्रयोग गर्ने साधनको बारेमा त्यति राम्रोसंग जानकारी नभएकोले र केहीमात्रामा जानकारी भएपनि प्रयोग गर्न ख्याल नगरेकाले विना प्लानिङ नै बच्चा रहेको कुरा व्यक्त गर्नुहुन्छ" । कतिपय महिलाहरूलाई परिवार नियोजनका साधनको बारेमा आधा अधुरो जानकारी हुनाले र सल्लाह तथा परामर्श लिन अप्ठ्यारो मान्नाल बिना योजना नै बच्चा रहने गरेको भेटिन्छ ।

केश नं. ७ वर्ष ३७ का अनुसार "श्रीमान रमेरो सल्लाहमा हामी दुवैका पढाई नसिद्धिउन्जेल नजन्माउने सल्लाह भएबमोजिम श्रीमानले नै अस्थायी साधन को प्रयोग गर्नुभयो । यती धेरै सल्लाह र योजनाका साथ बसेका हामीहरू श्रीमानको एकदिनको लापवाही र अल्छिपनले गर्दा विवाह भएको दुईवर्ष नपुग्दै बच्चा जन्मियो" । श्रीमान श्रीमती बिच सल्लाह अनुसार श्रीमानले नै अस्थायी साधन प्रयोग गर्ने निर्णय लिएपनि शारीरिक सम्बन्धको बेलामा श्रीमानले अल्छि र लापरवाही गर्दा त्यसको समस्या श्रीमतीले भोग्नुपर्ने हुन्छ ।

केश नं. २४ वर्ष ४२ का अनुसार "घरमा पढेलेखेको कोहि नभएको म पनि खासै नपढेकी छिट्टै विवाह भयो । सानो उमेरमै बच्चा जन्माउने हुदैन भन्ने थाहा भएन घरमा सम्झाउने पनी कोही नभएकोले १८ वर्षको उमेरमानै आमा बन्न पुगे"। छिटै आमा बन्ने रहर नभए तापनि परिवार नियोजनको साधनको बारेमा ज्ञान नहुँदा सो बारेमा निर्णय लिन समस्या परेको भेटिन्छ ।

मुख्य सुचना दाता नं. १ अनुसार "कोहि कोहि मात्र परामर्श र सल्लाह लिएर आफ्नो शरीर सुहाउदो साधन प्रयोग गर्दछन् ।" मुख्य सुचना दाता स्वयम् सेविकाका अनुसार "महिलाहरू मात्र अस्थायी साधन लिन आउने गरेको बताउनु हुन्छ त्यहि पनि थोरै मात्र महिला परामर्श र सल्लाह लिन आउने गरेका छन् । पुरुषहरू त कोहो पनि आउदैनन् कतिलाई त आफ्नो वडामा स्वास्थ्य स्वयम् सेविका भएको पनि थाहा छैन । मैले नै विभिन्न ठाउँमा आमा समूहको कार्यक्रममा यसको बारेमा बताउँदै आएकी छु ।

### ६.२.२ पैसाको समस्या

परिवार नियोजनका लागि र जन्मान्तरका लागि प्रयोग गरिने परिवार नियोजनका साधनको बारेमा जानकारी हुँदाहुँदै पनि पैसा नभएर र उक्त साधनहरू निशुल्क स्वास्थ्य संस्थाबाट र स्वयम् सेविका बाट प्राप्त गर्न सकिन्छ भन्ने थाहा नभएर पनि साधन प्रयोगमा समस्या देखिएको छ भने कतिपयलाई आम्दानीको लागि वैदेशिक रोजगारमा जानुपर्ने भएकोले स्थायी नियोजन गर्न समस्या पर्ने गरेको भेटियो । जसलाई तालिका ६.४ मा देखाइएको छ ।

**तालिका ६.४ : पैसाको समस्या**

| **समस्या** | **संख्या (२५ जनामा)** | **प्रतिशत** |
|---|---|---|
| निशुल्क पाइने जानकारी नभएर | १ | २० |
| विद्यार्थी भएको कारण | २ | ४० |
| वैदेशिक रोजगारको कारण | २ | ४० |
| जम्मा | ४ | १००.०० |

स्रोतः स्थलगत अध्ययन, २०७३

तालिका ६.४ अनुसार २० प्रतिशतलाई स्वास्थ्य संस्थामा निःशुल्क परिवार नियोजनको साधन पाइन्छ भन्ने जानकारी नभएर र किन समस्या परेकोले, ४० प्रतिशतलाई आफु, विद्यार्थी भएको कारण उक्त साधन किन्ने पैसा नभएकोले र निःशुल्क पाइने ठाउँमा लिन जान अप्ठ्यारो लागेर ४० प्रतिशतले वैदेशिक रोजगारको क्रममा जस्तो सुकै गारो काम पनि गर्नुपर्ने भएकोले स्थायी नियोजन गर्न समस्या परेको र घर परिवारको पालन पोषणको लागि काम पनि गर्नुपर्ने बाध्यता रहेको जानकारी प्राप्त भयो ।

केस नं. २ वर्ष १८ का हनुसार “अस्थायी साधनको बारेमा जानकारी भएपनि त्यति वेला म विद्यार्थी भएकोले मसँगै साथमा पैसा नभएको र केटा साथी पनि विद्यार्थीनै भएकोले पैसाको अभावका कारणले पनि मैले अस्थायी साधन किन्न सकिन जसले गर्दा अविवाहित नै आमा बन्नु पऱ्यो ।” पैसा सधैँ सबैको साथ नहुने हुनाले र परिवार नियोजनका साधन उधारो लिन पनि अप्ठ्यारो महसुस हुने हुनाका साथै हरेक वडामा स्वास्थ्य केन्द्र र स्वयम् सेविकाबाट निःशुल्क परिवार नियोजनका साधन पाइन्छ भन्ने ज्ञान नहुँदा पनि कतिपय महिलाहरू किन्न समस्याकै कारण पनि आमा बन्न पुगेको सुन्दा अनौठो लागेपनि वास्तविकता रहेको छ ।

केश नं. १४ वर्ष ३० का अनुसार “श्रीमान र म दुवै जना पढ्दै गरेका र जागिर नभएको भएर घर बाट पढाइएको पैसाले खानलाउन र भाडाँ तिर्न ज्यादै समस्या पर्दथ्यो । कहिलेकाँही त परिवार नियोजनको साधन किन्ने पैसा सम्म पनि नभएर समस्या पर्ने गर्दथ्यो ।” दुवै श्रीमान श्रीमती नै पढ्ने र जागिर नभएको अवस्थामा हरेक कुरामा परिवार आस्रित हुनुपर्ने अवस्थामा परिवारले अड्कलेर दिएको पैसा सिद्धिएमा परिवार नियोजनको साधन किन्न  समस्या पर्ने हुँदोरहेछ ।

केश नं. २३ वर्ष २३ का अनुसार “ दुइवटा बच्चा छिटै भएको सानो बच्चा जन्मदा घरमानै जन्मेको र धेरै ब्लिडिङ भएकोले म कमजोर भए । जसले गर्दा मैले स्थायी नियोजन गर्न सकिन् । श्रीमानले स्थायी नियोजन गर्न खोज्नुभएको थियो तर घर चलाउनको लागि पपैसा कमाउन वैदेशिक रोजगारमा जानुभएको उहाँलाई गरङो सामानहरू उठाउने काम गर्नुपर्ने भएकोले स्थायी नियोजन नगर्ने सल्लाह मैले नै दिए” । श्रीमानले श्रीमतीलाई पूर्ण सपोर्ट गरेर श्रीमतीको शरीरको ख्याल गर्दै श्रीमानले नै स्थायी नियोजन गर्ने निर्णय गरेपनि वैदेशिक रोजगारमा जाने श्रीमान जसले गर्दा घर परिवार चलेको छ उसलाई गहुङ्गो भारी उचाल्दा समस्या पर्ला भनेर श्रीमतीले नै श्रीमानलाई स्थायी नियोजन गर्न रोक लगाएको अवस्था पनि छ ।

मुख्य सुचना दाता नं. ४ स्वयमसेविका अनुसार “निशुल्क रूपमा हरेक वडामा स्वास्थ्य स्वयम् सेविकाबाट परिवार नियोजनका साधन प्राप्त गर्न सकिन्छ भन्ने थाहा नभएर होला धेरै जसो महिलाहरू म संग उक्त साधन लिन आउदैनन” ।

### ६.२.३ सल्लाह एवम् अन्तरक्रियाको समस्या

महिलाहरूलाई परिवार नियोजनका साधन प्रयोगमा समस्या पर्नुको एउटा प्रमुख कारण सरसल्लाह रअन्तक्रिया मा कमि भएर पनि हो । समाजमा यौन सम्बन्ध र यससंग सम्बन्धित कुरा खुलेर एक अर्कामा कुरा गर्न राम्रो मानिदैन कतिपया श्रीमान श्रीमती विछ पनि यस्ता कुरामा सरसल्लाह हुने नगरेको र प्रत्येका वडा-वडामा स्वास्थ्य संस्था र स्वयम् सेविकाबाट परिवार नियोजनका बारेमा परामर्श र निशुल्क साधनहरू वितरण हुन्छन् भन्ने थाहा नभएर पनि महिलाहरूले विभिन्न समस्या र चुनौतीको सामना गर्नुपरेको छ ।

केश नं. १० वर्ष ४५ का अनुसार “मलाई परिवार नियोजनका साधनको वारेमा राह्रो जानकारी थिएन र श्रीमानले पनि यसबारेमा म संग कहिल्यौ कुरा गर्नु भएन । मैलेत झन श्रीमानसंग यसको बारेमा कुरागर्ने हिम्मत नै गरिन त्यसैले मैले अहिलेसम्म परिवार नियोजनका कुनैपनि साधनको प्रयोग गरेकी छैन” ।

केश नं. २४ वर्ष ४२ का अनुसार “मलाई पनि मेरो परिवारलाई जस्तै छोरा पाउने रहर थियो । परिवार नियोजनका साधनको प्रयोग गर्न सल्लाह र परामर्श दिने कोहि नभएर २६ वर्षको उमेरमानै ५ जना बच्चाको आमा बन्न पुगे । घर परियार र श्रीमानको माया पाउने आशामा मैले रहेक २ वर्षको फरकमा बच्चा जन्माए ।” बच्चा धेरै नजन्माउन र सानो सुखी परिवार बनाउन सल्लाह र परामर्श दिने नभएर पनि महिलाहरू बच्चा जन्माउने मेसिन जस्तै बनेका छन् ।

केश नं. ६ वर्ष ३५ का अनुसार “म र मेरो श्रमिानलाई छिटै बच्चा जन्माउने मन नभएपनि हामी दुवैको मनमा एउटै सोच भएपनी एक अर्कामा व्यक्त नगर्नाले परिवार नियोजनका साधनको वारेमा ज्ञान भएपनि अन्तक्रिया र सल्लाहको कमिले १७ वर्षको उमेरमा नै बच्चा भयो ”।

मुख्य सुचना दाता नं. ४ स्वयमसेवीका भण्डारीका अनुसार “ज्यादै थोरै मात्रामा त्यहि पनि महिलामात्र आफुसंग सरसल्लाह लिन आउने गरेको बताउनु हुन्छ । भर्खर विवाह भएका श्रीमान श्रीमती बिच परिवार नियोजनका साधन प्रयोग बारे कुरा गर्दा श्रीमानले अथवा श्रीमतीले नराम्रो सोच्ने पो हो कि भनेर सल्लाह लिन नसक्दा दुवैको इच्छा छिट्टै बच्चा नपाउने भएपनि  बच्चा रहन गएको बताउनु भयो ।

### ६.२.४ शारीरिक समस्या

शिक्षित अथवा साक्षरमात्र भएका महिलाहरू जोसुकै पनि परिवार नियोजनका साधन र प्रयोगको वारेमा विभिन्न माध्यमबाट जानकारी प्राप्त गरेर उक्त साधन प्रयोग गरेतापनि डक्टर, स्वास्थ्य स्वयम् सेविकाहरूबाट सल्लाह अनुसार साधन प्रयोग गरेको भएतापनि केही लाई शारीरिक रूपमा विभिन्न समस्याहरू हुनेगरेको देखियो जसले गर्दा परिवार नियोजनको साधन प्रयोग गर्ने इच्छा भएपनि छाड्नुपर्ने हुन्छ ।

केश नं. १ वर्ष ३३ का अनुसार "जन्मान्तरको लागि कपरटि प्रयोग गरेपछि मेरो महिनावारी हुन रोकियो । नौ महिनासम्म पनि महिनावारी नभएपछि मैले उक्त साधन निकालिदिए र खाने औषधिको सेवन गर्न थालेपछि वल्ल महिनावारी शुरु भयो । आर्थिक स्थिति राम्रो होस् भन्ने सोच राखेर श्रीमानसँगै वैदेशिक रोजगारमा जाने महिलाहरूले लामो समय सम्म ढुक्क हुने कपरटि डक्टरको सल्लाहमा नै प्रयोग गरे पनि महिनावारी रोकिन गएको भेटिन्छ ।

केश नं. ४ वर्ष ४९, केश नं. ५ वर्ष ३५ र केश नं. ८ का अनुसार परिवार नियोजनका अस्थायी साधनको प्रयोगले ढाड दुख्ने, महिनावारी नहुने, महिनावारी हुँदा धेरै ब्लिडिङ्ग हुने धेरै मोटाउने जस्ता समस्याहरू देखिएको छ । सानो परिवार र सुखी परिवार भन्ने धारणालाई मनन गर्दै एउटा बच्चाको रेखदेख राम्रोसँग गरेर अर्को बच्चा जन्माउनको लागि जन्मान्तरको लागि अस्थायी साधन प्रयोग गर्दा महिनावारी रोकिने, महिनावारीको समयमा धेरै ब्लिडिङ्ग हुने, मोटाउने, रिङ्गटा लाग्ने जस्ता समस्या देखिने गरेका छन् ।

मुख्य सुचना दाता नं. १ अनुसार "धेरै जसो महिलाहरूले ढाड दुख्ने, महिनावारी नहुने र धेरै ब्लिडिङ्ग हुने गरेका अस्थायी साधनको प्रयोगबाट भएका समस्याहरू लिएर आउने गर्नुहुन्छ ।

### ६.२.५ किन्नमा समस्या र जानकारीमा समस्या

हाम्रो समाजमा अझै पनि परिवार नियोजनका साधनलाई प्रयोग गर्नु त्यति राम्रो मानिदैन । त्यसैले पनि उक्त साधन प्रायजसोले खुलेर किन्न चाँहदैनन् । यौनकार्य वा सम्बन्धलाई गोप्य राख्नुपर्दछ भन्ने धारणा भएको समाजमा यस्ता साधनहरू किन्न जाँदा के भन्लान भनेर लाजले पनि किन्न नजाने गरेको भेटिन्छ । त्यसमा पनि वच्चा नहुदै शुरुमा किन्न जानेको समस्या झनै बढी छ । पहिलो पटक कोसँग सोध्ने भन्ने समस्या रहेको हुन्छ । धेरैले साथी

भाई र टि.भि., रेडियो मिडियाबाट थाहा पाए पनि केहीले भने जेठानी, देउरानी र भाउजुबाट पनि उक्त साधनहरूको बारेमा जानकारी लिने गरेको देखिन्छ ।

केश नं. १ वर्ष ३३ का अनुसार "विवाह पूर्व श्रीमानले नै परिवार नियोजनको अस्थायी साधन कसैले नचिन्ने ठाउँमा खोजेर त्यस पसलबाट किनेर ल्याउनु भएको थियो । तर विवाह पछि मैले मेरो भाउजुबाट महिलाहरूले प्रयोग गर्ने अस्थायी साधनको वारेमा जानकारी पाएर मैले नै खाने चक्कि प्रयोग गर्न थाले ।"

केश नं. २ वर्ष १८ का अनुसार "परिवार नियोजनको साधन किन्नको लागि गाउँघरको मेडिकलमा सवै चिनेको र विवाह नै नभएकोले उक्त साधन किन्न जान सम्भव नभएको टाढा जानपनि हामी दुवै सानो उमेरको भएकोले पसलेले शंका गर्ने होकी भन्ने डर र लाजले गर्दा हामीले उक्त साधन किन्न सकेनौं । तर अहिले विवाह पछि भने म आफै लाज नमानी किन मेडिकलबाट खाने चक्कि किनेर ल्याउने गर्दछ । विवाह पूर्व महिला पुरुष विचको सम्बन्धलाई नराम्रो मान्ने समाजमा परिवार नियोजनका साधन किन्न समस्या परेपनि विवाह भएपछि भने केही सहज महसुस भएको पनि भेटिन्छ ।

केश नं. ३  वर्ष २७ र केश नं. १४ वर्ष का अनुसार "शुरुमात परिवार नियोजनको अस्थायी साधन किन्न लाज लागेर श्रीमानले आफ्नो विवाहित साथीसँग मागेर ल्याउने गर्नुहुन्थ्यो । पछि पोखरामा आएपछि भने हामी दुवै जना लाई उक्त साधन किन्न लाज लागेर कतिपटक त पसल सम्म पुगेर पनि फर्केर आयौं ।" यसरी शुरु शुरुमा किन्न समस्या हुँदा साथी भाईसँग परिवार नियोजनको साधन प्राप्त गर्न सहयोग लिने गरेको पाइन्छ ।

केश नं.७ वर्ष ३७ का अनुसार "काठमाडौंमा घुम्न गएकोवेला पहिलोपटक श्रीमानले मेरो अगाडी नै पुरुषले प्रयोग गर्ने साधन किन्दा मलाई लाज लागेर केही पर गएर बसे ।" महिलाको दाँजोमा पुरुष अलि लाज कम मान्ने हुँदा होला परिवार नियोजनको साधन किन्न बढी मात्रामा पुरुषहरू नै जाने गरेको भेटिन्छ । पुरुषहरू महिला पुरुष जुनसुकै भएको पसलमा पनि अप्ठ्यारो नमानी अस्थायी साधन किन्न गएपनि महिलाहरू भने महिला नै भएको पसल खोजेर जाने गरेको भेटिन्छ ।

मख्य सुचना दाता नं.३ अनुसार "मेरो मेडिकलमा प्रायः पुरुषहरू मात्र अस्थायी साधन किन्न आउने गर्दछन् र महिलाको लागि प्रयोग गरिने अस्थायी साधन पनि किनेर लाने

गर्दछन् । तर महिलाहरू भने म पुरुष भएकोले अप्ठ्यारो मानेर किन्न आउँदैनन् । बरु अविवाहित केटा केटीहरू जुन हाम्रो छरछिमेका भन्दा टाढाकाहरू लाज नमानि किन नै कण्डम इमरजेन्सी पिल्स किन्ने गर्दछन् ।"

मुख्य सुचनादाता नं. २ अनुसार "म महिला भएको कारण धेरै जसो महिलाहरू नै परिवार नियोजनका अस्थायी साधन लिन आउने गर्दछन् । त्यो पनि लाजले गर्दा प्राय साँझमा र कसैले नदेख्ने गरि आउने गर्दछन् । पुरुषहरू पनि केही मात्रामा आउने गर्दछन् । प्राथमिक सुचना दाता स्वयम सेविक भण्डारीका अनुसार "घर छिमेकबाट थोरै मात्रामा मात्र महिलाहरू अस्थायी साधन लिन आउने गर्दछन् । त्यो पनि लाज मानि मानि माग्ने गर्दछन् । पुरुषहरू भने अहिले सम्म एकजना पनि नआएको बताउनु हुन्छ ।

### ६.२.६ घरमा राख्नको समस्याः

परिवार नियोजनका साधनको वारेमा राम्रो जानकारी भएकाहरूले प्रयोगको लागि मेडिकल अथवा अन्य कुनै ठाउँबाट लाज नमानी किनेर ल्याएपनि ति साधनहरू घर परिवारबाट र अझ बच्चा वच्चि भएको घर भएमा बच्चा बच्चिबाट जोगाएर राख्न समस्या पर्ने गर्दछ ।

केश नं. ४ वर्ष ४९ का अनुसार "श्रीमानले पुरुषले प्रयोग गर्ने साधन सजिलो हुने हुँदा र साइड इफेक्ट नहुने हुँदा जन्मान्तरको लागि म नै प्रयोग गर्दछु भनेर भन्नु भयो । तर घरमा सासु ससुरा सवै सँगै बस्ने र छोरा ठूलो भैसकेको हुनाले उक्त साधन सबैसँग बाट लुकाएर राख्न समस्या परेको र प्रयोग गरेपछी पनि फ्याक्न समस्या परेकाले त्यसपट्टि मैले नै ३ महिने सुई लगाउन थाले ।" श्रीमानले श्रीमतीलाई सजिलो होस् भनेर अस्थायी साधन आफैले प्रयोग गर्दा पुरुषले प्रयोग गर्ने साधन लुकाएर राख्न र प्रयोग गरेपछि फ्याक्न पनि समस्या हुने गरेको भेटिन्छ ।

केश नं. १७ का अनुसार "जन्मान्तरको लागि कपट्टी प्रयोग गर्न मन लागेको मलाई श्रीमानले लामो समय नकुर्ने, छिटै नै अर्को बच्चा जन्माउने भनेर कपरटी प्रयोग नगर, अरु साधन प्रयोग गर परिवारले देख्ने डर त्यसमा पनि सासुले देखेमा घरमा वस्न पनि मुस्किल पर्ने हुनाले यस्ता साधन घरमा ल्याएर राख्न मन लागेन । श्रीमानको करले खाने चक्कि प्रयोग गरे । परिवार नियोजनको लागि खाने चक्कि खाने वेलामा छोरीले विरामी हुनुहुन्छ भनेर सोध्ने गरेको वेला टाउँको दुखेर हो भनेकी थिए । एकदिन सासु आमाले टाउको दुख्यो

भनेको वेलामा छोरीले त्यहि औषधि लिएर आई मैले देखेर समय काटि सकेको औषधि रहेछ भनेर रोके ।" यी अस्थायी साधन प्रयोग गर्दा घरपरिवारबाट जोगिएर राख्न पनि एउटा समस्याको विषय भएको छ ।

केश नं. ६ वर्ष ३५ का अनुसार "घरमा छोरीहरू क्याम्पस पढ्ने भैसकेका र घरको सरसफाई सबै उनीहरूले नै गर्ने भएकाले श्रीमानले प्रयोग गर्ने साधन लुक्काएर राख्न समस्या परेको छ । कहिले काँहीत उक्त साधन प्रयोग गरेपछि डस्ट्वीनमा फ्याक्दा छोरीहरूले देखेर लाजमर्दो हुने गरेकोले अहिले मैले नै औषधी खाने गरेकी छु । घरमा बच्चाहरू त्यसमा पनि छोरीहरू ठूला छन् भने आमालाई सघाउने भनेर सरसफाई गर्ने बेलामा यस्ता साधनहरू देख्दा लाज मान्नुपर्ने हाम्रो सोचले गर्दापनि समस्या आएको छ ।

मुख्य सुचना दाता नं. ४ स्वयम् सेविका अनुसार "थोरै मात्रामा आउने महिला दिदीबहिनीहरूले पनि खाने औषधी र कण्डम लुकाउन समस्या भयो । अबतः लादैनौं बरु कपरटी, संगिनि सुई, लगाउँछौं भन्ने गर्दछन् ।"

मुख्य सुचना दाता नं. २ अनुसार "परिवार नियोजनका अस्थायी साधन कण्डम र पिल्स घरमा लुकाएर राख्न समस्या परेको हुँदा संगिनी सुई लगाउन पनि महिलाहरू आउँने गर्दछन् ।

### ६.२.७ जन्मान्तरमा समस्या

जन्मान्तरकोलागि लामो समय अस्थायी साधन प्रयोग गर्दा पछि छिटो बच्चा नरहने तथा कसैलाई बच्चा नै नहुने सम्भावना भएको पाईन्छ ।

केश नं. १ का अनुसार वैदेशिक रोजगारीकालागि म र श्रीमान दुवई गएको बेलामा हामी त्यँहा पैसा कमाउन तल्लिन थियौं । यस्तो अवस्थामा बच्चा भएमा गाऱ्हो हुन्छ । भनेर मैले कपट्टी प्रयोग गरे तर यसले महिनावारी रोकिएपछि ५ वर्ष सम्म मैले खाने चक्कि प्रयोग गरे लामो समयसम्म अस्थायी साधनको प्रयोगले होकी किन हो त्यसपछि आफ्नो दाश्रो बच्चा भएन । प्राय डाक्टरले यस्ता समस्या हुँदैनन भने पनि कोही कोही महिलाहरूमा यस्ता समस्या देखिने गरेका छन् ।

केश नं. ३ वर्ष २७ का अनुसार "जन्मान्तरको लागि श्रीमान र मेरो सल्लाहमा खाने चक्कि प्रयोग गरेकी थिए । उक्त औषधि सेवन लामो समय सम्म गर्नाले दोश्रो बच्चा हुँदैन रे भन्ने सुनेर चक्कि सेवन गर्न छाडे । औषधि सेवन गर्न छाडेको २-३ वर्ष पछि बल्ल दोश्रो बच्चा रह्यो ।" कसैलाई भने परिवार नियोजनका अस्थायी साधनका प्रयोग गरेर छोडेपछि बच्चा ढिलो रहने  गरेको पनि देखियो ।

मुख्य सुचना दाता नं. ४ स्वयम् सेविका अनुसार "प्रायः महिलाहरूले प्रयोग गर्ने अस्थायी साधनको प्रयोग लामो समय गर्दा वच्चा रहदैन भन्ने डरले महिलाहरू श्रीमानको लागि कण्डम लिन आउँने गरेको बताउनु हुन्छ ।"

### ६.२.८ प्राविधिक समस्या

परिवार नियोजनका साधनहरू स्थायी, अस्थायी दुवैको प्रयोग गर्दा पनि कहिले काँही ढुक्क हुने अवस्था नरहन पनि सक्दछ । खाने चक्की प्रयोग गर्दा खान विर्सिने र कुनै कुनै केशमा स्थायी नियोजन गर्दा पनि बच्चा रहन गएको देखिन्छ ।

केश नं. १९ का अनुसार "श्रीमानले स्थायी नियोजन गर्न नमाने पछि म आफैले स्थायी नियाजन गर्न जाँदा ब्लडप्रेसर बढेकोले स्थायी नियोजन गर्न पाईन र औषधि सेवन गर्दा औषधि खान विर्सिएर बच्चा रहन गएर बच्चा फ्याक्नु पऱ्यो ।"

केश नं. २४ वर्ष ४२ का अनुसार "वच्चा धेरै भएको खानपिन राम्रो नभएकोले गर्दा शरीर सारै कमजोर भएर अर्को बच्चा जन्माउन नसक्ने भएपछि र श्रीमानले पनि बास्ता नगरेपछि म आफैनै स्थायी  नियोजन गरेर आए ।  तर के कारणले हो, स्थायी नियोजन गरेपछि पनि बच्चा रहन गयो ।"

मुख्य सुचनादाता नं. १ अनुसार "प्राविधिक कारण बच्चा रहन गएपछि कतिपय महिलाहरू बच्चा फ्याक्नु पऱ्यो भन्दै आउने गर्दछन् तर मैले यस्तो काम नगरेको बताएर फर्काउने गरेको छु ।

मुख्य सूचनादाता नं. ४ स्वयम्सेविका अनुसार "केही महिलाहरू भने लामो समय अस्थायी साधन प्रयोग गरेमा बच्चा रहँदैन भन्ने डरले श्रीमतीहरू नै श्रीमानको लागि कण्डम लिन आउने गर्दछन् ।"

### ६.२.९ डर मनोवैज्ञानिक समस्या

विभिन्न तनावका कारण घरपरिवारमा बेडरुम सेयरिङ्ग को कारण बच्चाहरू ठुलो भैसकेको र पनि एउटै कोठा प्रयोग गर्दै आएको कारणले पनि महिलालाई अस्थायी साधनको प्रयोगमा समस्या पर्ने गर्दछ ।

केश नं. १ र केश नं. १८ वर्ष ४० का अनुसार "हाम्रो विवाह भएको लामो समय सम्म पनि बच्चा नरहेपछि डक्टरको सल्लाह अनुसार मानसिक तनावका कारण पनि बच्चा नरहने र अर्को कुरा छोरी ठूली भएपनि एउटै कोठामा सुत्ने हुँदा शारीरिक सम्बन्धमा असहज महसुस भए र बच्चा नरहेको हुन सक्ने सम्भावनाहरू डक्टरले बताउनु भयो । बच्चा एउटै कोठामा हुँदा शारीरिक सम्बन्ध राख्ने बेलामा बच्चाले थापा पाउँछन् कि भन्ने तनाव हुने गर्दछ ।

केश नं. ५ वर्ष ३५ का अनुसार "विवाह भएपछि श्रीमानलाई अस्थायी साधन प्रयोग गर्न अनुरोध गर्दा पहिला मान्नु भएन । पछि मैले सम्झाएपछि प्रयोग गर्न थाल्नु भयो । तर उक्त साधनले हामी दुवैलाई सन्तुष्टि नमिले पछि उक्त साधन प्रयोग गर्न छाडिदिनु भयो ।" पुरुषले प्रयोग गर्ने अस्थायी साधनको प्रयोगले श्रीमान श्रीमतीमा सन्तुष्टी नमिल्ने गरेको पनि पाईयो ।

केश नं. १२ वर्ष २४ का अनुसार शुरुको दुई वर्ष श्रीमानको इच्छाले बच्चा नपाउँनको लागि मैले नै खाने चक्कि खान थाले पनि विचमा औषधि खान विर्सिएर बच्चा रहेयो र छोरी जन्मिएकी हुन । यस्तो गल्ति फेरी नहोस् र श्रीमानको इच्छा विपरित नहोस् भनेर पछिल्लो पटक लामो समयकोलागि ढुक्क हुन डक्टरको सल्लाहमा कपरटी प्रयोग गरे ।

केश नं. २ वर्ष १८ का अनुसार विवाह पूर्व नै बच्चा रहनुमा श्रीमान र म उत्तिकै जिम्मेबार भएपनि समाजले मलाई नराम्रो दृष्टिले हेर्नु, दिनहुँ गाली गर्नु, विवाह नहुँदै यस्तो उपद्रो गर्ने भनेर कुरा सुनाउनु, साथीहरूलाई उनीहरूको परिवारले म सँग हिड्न रोक लगाउनु के यो मेरो मात्र गल्तिले गर्दा भएको हो । श्रीमान श्रीमती दुवैको गल्ती भएपनि महिलालाई मात्र यौन जन्य कार्यबाट निस्कने परिणामको दोषी मान्ने गरिन्छ । हरेक नीतिनियम संस्कार महिलालाई मात्र लाद्ने गरिन्छ ।

केश नं. ९ वर्ष ३५  का अनुसार "परिवारको सबै भन्दा कान्छो छोरा रहनु  भएको मेरो श्रीमान अरु दाजुहरू भन्दा परिवारको प्यारो हुनुहुन्थ्यो । थरका हरेक देव कार्य, पितृकार्यमा उहाँ लगाएत सबै सरिक हुँदा मलाई सरिक गराई दैनथ्यो । मलाई उहाँको रितिरिवाज थाहा छैन भने र छुट्याई दिन्यो । अर्को जातको भए पनि विवाह गरेर ल्याएकी बुहारीलाई अरु सरह मानिदैन छोरालाई कुनै बन्देज लगाइदैन भने बुहारीलाई विभिन्न बन्देजको सामना गर्नुपर्दछ ।

नेपाली समाज पितृसत्तात्मक ढाँचाबाट निर्देशित भएको परिवारमा पुरुषले दमनकारी तथा निर्णयकारी भूमिका रहेको देखिन्छ । समाजमा रहेका लैङ्गिक सामाजिकी करणको प्रक्रियाले पुरुषलाई वलियो र महिलालाई कमजोर बनाएको छ । समाजमा जन्म, मृत्यु,  संस्कारमा महिलाको भन्दा पुरुषको नै भूमिका रहेको हुन्छ । भने गलत मान्यता र परम्पराका कारण महिलाको स्थिति नाजुक बन्दै गएको छ ।

केश नं. १४ वर्ष ३० का अनुसार "माईतीमा दुई दिदी बहिनीकी  र दुईवटा भाउजुको प्यारी बहिनी बनेर खाना खाएर थालमा चुठेकी र हिड्ने गरेकि म विवाह पश्चात घरमा सम्पूर्ण काम आफैले गर्नुपर्ने हुन्थ्यो । श्रीमान भने घुमेर हिड्ने गर्नुहुन्थ्यो । सँगै पढेर सँगै हिड्ने गरेका हामी विवाह पछि मैले सम्पूर्ण घरको काम गर्नुपर्ने र श्रीमान फुर्सदीलो भएर हिडेको देखेर म झगडा गर्दथे । काम गर्न गारो भए र माईत जाँदा एक हप्ता पुग्न नपाउँदै बुवाले कति दिनको विदा लिएर आएकी छौ भनेर सोध्नु हुन्थ्यो र विवाह भएकी छोरी माइतमा धेरै बस्नु हुदैन भन्नु हुन्थ्यो । विवाह पछि स्वतन्त्र रूपमा घुम्ने रमाईलो जीवन विताउने सपना देखेकी मलाई विवाह गरेर गल्ति गरेकी जस्तो लाग्न थाल्यो ।"

महिलाको विवाह पूर्व र विवाह पछि छोरी बुहारी बन्ने भूमिकामा आउने परिवर्तन, धेरै अनुशासन र नियन्त्रणमा बस्नुपर्ने शुद्धता र अशुद्धताको मान्यता, महिलाको भूमिका र स्थान पुरुषको तुलनामा न्यून रहेको आमा तथा दिदी बहिनीलाई आदर प्रकट र श्रीमती तथा बुहारीलाई खतरा र दुषितको रूपमा लिईने गरिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझाव

यस अध्यायमा अनुसन्धान कार्यबाट जतिपनि तथ्यहरू एवम् सूचनाहरू संकलन गरेर विश्लेषण कार्य गरियो । ति सम्पूर्णको सारांशमा प्रस्तुत गरिएको छ । अध्ययनको सारांशको आधारमा उक्त अनुसन्धानको तथ्य विश्लेषणको निचोडलाई पनि यसमा नै प्रस्तुत गरिएको छ ।

## ७.१ सारांश

“परिवार नियोजन साधन प्रयोगमा महिलाहरूको भूमिकामा असर पार्ने तत्वहरू वडा नं. १५: पो.ले.म.न.पा कास्कीको एक अध्ययन” नामक शिर्षक रहेको यस शोधपत्रको उद्देश्य भनेको परिवार नियोजनका साधनको प्रयोगमा महिलाहरूको भूमिकामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउने र महिलालाई परिवार नियोजनको साधन प्रयोगका समस्या र चुनौतीहरू पहिचान गर्नु हो ।

अनुसन्धानका निमित्त विभिन्न अध्ययन विधिहरूको माध्यमबाट वि.सं. २०७३ को पौष महिनामा आवश्यक तथ्यांकहरू संकलन गरिएको थियो । पो.ले.म.न.पा. कास्की वडा नं. १५ लाई अध्ययन क्षेत्रको लागि छनौट गरिएको थियो । यस वडा नं. १५ लाई क्षेत्र छनौट गर्नुको उद्देश्य परिवार नियोजन जस्तो महत्वपूर्ण पाटोको बारेमा अहिलेसम्म यो क्षेत्रमा अध्ययन नगरिएको र यस विषयमा अध्ययन गर्न उत्सुकता जाग्नु पनि एक हो । महिलालाई परिवार नियोजनका साधनको प्रयोगबारे जानकारी उनीहरूको निर्णायात्मक भूमिका र प्रयोगमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाई महिलाहरूको निर्णयात्मक भूमिका विकास गराउन सहयोग पुऱ्याउनु यस अध्ययनको महत्व रहेको छ । पो.ले.म.न.पा. कास्की १५ का स्नोवल पद्धतिबाट छनोट गरिएका उमेर १५-४९ वर्ष सम्मका २५ जना महिलाहरू नै यो अध्ययनका उत्तरदाता रहेका छन् । मुख्य सूचनादाताहरू सोही क्षेत्रमा मेडिकल सञ्चालन गर्दै आएका मेडिकल सञ्चालक ३ जना र १ जना स्वयम्सेविका रहेका छन् ।

यो अनुसन्धानले परिवार नियोजनका साधनको प्रयोगमा महिलाको भूमिकामा प्रभाव पार्ने तत्वहरू खोजी गर्नुतर्फ केन्द्रित भएका कारण वर्णनात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त

तथ्याङ्कलाई विश्लेषण गरिएको छ । तथ्याङ्क संकलन गर्दा कार्य क्षेत्रको आधारमा २५ जना उत्तरदाता महिलाहरूको अन्तरवार्ता अनुसूची, वैयक्तिक अध्ययन र मुख्य सूचनादातासँगको अन्तरवार्ता विधिबाट तथ्यांक संकलन गरिएको छ । यसरी संकलन गरिएको गुणात्मक प्रकृतिको सूचनाहरूलाई आवश्यक अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन विस्तारै विश्लेषण गरी आएका विभिन्न प्रकृतिका तथ्यांकहरूलाई निश्चित गुण र विशेषता र प्रकृतिको आधारमा वर्गीकरण गरी तथ्यांकलाई आवश्यकताअनुसार तालिका बनाई सांख्यिकीय विधि प्रयोग गरी प्रतिशतमा खुलाइएको छ । यसरी यस अनुसन्धानबाट प्राप्त तथ्यलाई मार्क्सवादी सिद्धान्त र पितृसत्तात्मक अवधारणालाई केन्द्र मानेर अध्ययन र तुलना गर्न खोजिएको छ ।

## प्राप्तिहरू

पो.ले.म.न.पा. कास्की १५ का १५-३९ वर्षसम्मका महिलाहरूको परिवार नियोजनका साधनका प्रयोगमा निर्णयात्मक भूमिकामा असर पार्ने विभिन्न तत्वहरू मध्ये ५४.३४ सामाजिक तत्वले, सांस्कृतिक तत्वले १३.०४ प्रतिशत, आर्थिक तत्वले ८.६९ प्रतिशत, मनोवैज्ञानिक तत्वले १३.०४ प्रतिशत, शैक्षिक तत्वले १०.८६ प्रतिशत असर पारेको पाइयो ।

- उक्त उमेरका महिलाहरूले परिवार नियोजनका साधनको प्रयोग गर्दा विभिन्न समस्याहरू भोग्नु परेको पाइयो । जसमध्ये अज्ञानता, पैसाको समस्या, सल्लाह एवम अर्न्तक्रियाको समस्या, किन्न र जानकारीमा समस्या, शारीरिक समस्या, घरमा राख्नको समस्या, जन्मान्तरको समस्या, प्राविधिक समस्या र मनोवैज्ञानिक समस्याहरू पाइयो । त्यसमा सबैभन्दा बढी मनोवैज्ञानिक समस्या देखियो भने सबैभन्दा कम जन्मान्तरमा समस्या र प्राविधिक समस्यामा पाइयो ।
- यसको अध्ययनबाट यो प्राप्त गरिन्छकी शिक्षित रोजगार महिलाहरूको घरपरिवारमा परिवार नियोजनका साधनको प्रयोगमा निर्णयात्मक भूमिका निर्वाह गरेका हुन्छन् र श्रीमान तथा घरपरिवारबाट विरोध आएमा घरपरिवार र श्रीमानको सल्लाह विना आफु एक्लैले पनि उक्त साधनको प्रयोग गर्ने नगर्ने निर्णय लिने गरेको पाइयो भने केही महिलाहरू घर परिवार र श्रीमान निर्णय मान्ने गरेको जुन निर्णय लिन उनीहरूलाई समाज संस्कृति, आर्थिक स्थिति, शिक्षा आदिले समस्या पारेको पाइयो । यसरी जेनतेन

निर्णय लिइए तापनि उक्त साधनको प्रयोग गर्दा धेरै समस्याहरूको सामना गर्नुपरेको पाइयो ।

- शिक्षा, रोजगार तथा व्यापारले गर्दा महिलाको स्थिति पूर्ण रूपमा कार्लमार्क्स, Walby का मार्क्सवाद, नारीवाद र पितृसत्ताले भनेजस्तो अवस्थामा नरहेको र अझ समयसँगै यो परितर्वन हुदैं गएको पाइयो । शिक्षाका कारणले महिलालाई परिवार नियोजनका साधनको बारेमा राम्रो ज्ञान प्राप्त भएको र उक्त ज्ञानलाई व्यवहारमा उतार्नपनि सकेको पाइयो ।
- यहाका महिलाहरू प्रेम विवाह, मागी विवाह र केही मात्रामा भागी र छोपी विवाह पनि गर्ने गरेको भेटिन्छ । धेरै जसोको श्रीमान विदेशमा भएका र महिलाहरू भने घर बालबच्चा सम्हालेर बसेको पाइयो भने केही मात्रामा आफ्नै व्यवसाय गरेका र जागिरे पनि भएको पाइयो । छोपी विवाहमा केटीलाई केटा पक्षबाट जबरजस्ती लगेको र केटीको इच्छा विपरीत विवाह गरेको पाइयो । विवाहको अवस्था महिलाहरूको विद्यमान पारिस्थितिहरूलाई सामना गर्न विभिन्न चुनौतीहरू भएको, संस्कार केन्द्रित भएर व्यवहार र सम्बन्धहरू अगाडी बढाइएको, मामा छोराले फूपुको छोरीसँग विवाह गर्न हक लाग्ने, पुरुषहरूको बढी समाजमा भूमिकाहरू भएको पितृसत्तात्मक आधारबाट समाज सञ्चालित भएको पाइयो ।
- विवाहित महिलाले आफ्नो अध्ययन कार्य जारी राख्न वा पूरा गर्न, जागिरको व्यवस्था मिलाउनको लागि छिटो बच्चा नहोस् भनेर चाहेको अवस्थामा घर परिवार, नातेदार र श्रीमानले बच्चा छिटो जन्माउन दवाव दिने गरेको र कतिपय पुरुषहरूले पनि विवाह पश्चात केही समय श्रीमतीसँग घुमफिर गरेर, रमाइलो गरेर मात्र बच्चा जन्माउने सोच बनाउने गरेको पाइयो ।
- विवाहको शुरुको पिरियडमा परिवार नियोजनका साधनको प्रयोग गर्न संकोच मान्ने पहिलो बच्चा भएपछि उक्त साधन जन्मान्तरको लागि प्रयोग गर्ने गरेको र विवाह हुने वित्तिकै उक्त साधनको बारेमा श्रीमानसँग कुरा गर्दा नराम्रो सोच्ने हुन कि भनेर कुरा नगरेको पाइन्छ । कतिपयले भने घर परिवार र श्रीमानलाई खुशी पार्न धेरै बच्चा जन्माउने गरेको र कतिपयलाई आफ्नो वडामा निःशुल्क औषधी स्वास्थ्य स्वयम् सेविकाबाट पाउन सकिन्छ भनेर थाहा नभएको पाइयो भने धेरै महिलाले परिवार

नियोजनका साधनबारेमा रेडियो, टि.भी. र साथी तथा देउरानी-जेठानी तथा भाउजुबाट थाहा पाउने गरेको पाइयो ।

## ७.२ निष्कर्ष

परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्दा विभिन्न साइडइफेक्ट हुने गरेको र प्रयोग नगरेमा पुरुषलाई भन्दा महिलालाई धेरै समस्या पर्ने गरेको पाईयो । अस्थायी साधनको प्रयोग नगर्दा विना योजना बच्चा रहेमा महिलाले बच्चाको लागि पढाई, जागिर सम्पूर्ण छाड्नुपर्ने स्थिति पाईयो । कतिपय अवस्थामा पुरुषले डराएर, झन्झट मानेर वा अल्छीले कतिपय अवस्थामा सन्तुष्टी प्राप्त गर्न नसक्दा स्थायी वा अस्थायी साधन नअपनाउँदा महिलाले समस्या भोग्नुपरेको पाईयो ।

मार्क्सवादी सिद्धान्तअनुसार अध्ययन क्षेत्रका कतिपय महिलालाई परिवारि नियोजनका साधनको बारेमा जानकारी नै नभएको र केहीलाई उक्त साधनको बारेमा ज्ञान भए तापनि श्रीमान, घरपरिवार, इष्टमित्र र समाजले गर्दा र महिलाको आर्थिक स्थिति कमजोर तथा आर्थिक कारोबारमा पहुँच कम भएकोले परिवार नियोजनका साधन प्रयोग गर्नको लागि निर्णय गर्न नसकेको अवस्था छ । यसरी श्रीमान्, घरपरिवार तथा समाजले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उक्त साधनको प्रयोगमा निर्णयात्मक भूमिका निर्वाह गरेको पाईयो ।

यदि महिलाले निर्णायात्मक भूमिका निर्वाह गरेपनि विभिन्न समस्या र चुनौतीहरूको सामनागर्नुपरेको देखियो । उक्त साधन किन्नको लागि पैसाको समस्या छान्नको लागि ज्ञानको कमी भएको पाईयो भने किनेर ल्याएको साधन घरपरिवार र बच्चाबाट जोगाएर राख्न समस्याहरू निम्त्याउने गरेको पाईयो । कतिपय जोडीलाई यौन सन्तुष्टिमा समेत कमि आउने गरेको भेटियो ।

अध्ययन क्षेत्रका महिलाहरू छोरा पाउनुपर्छ भन्ने पितृसत्तात्मक मानसिकता तथा रुढीवादी परम्परामा हुर्केकोले गर्दा महिलाहरू नै महिलालाई छोराको लागि अरु धेरै बच्चा जन्माउन करकाप गरेको पाइन्छ भने सानो उमेरमा नै विवाह भएको र पहिलो बच्चा भएपछि मात्र परिवार नियोजनका साधन प्रयोग गर्ने गरेको पाईयो ।

विवाहपूर्व स्वतन्त्ररूपमा हिड्ने नारी विवाहपछि श्रीमान, घरपरिवार र बच्चाबच्चीको रेखदेखमा आफ्नो सम्पूर्ण जीवन सिद्याउन बाध्य भएको पाईयो । यसबाट मुक्ति पाउन परिवार नियोजनका साधनले सहयोग गरेको पाईयो । विवाह हुनेवित्तिकै बच्चा बच्चि भएमा

आफु स्वतन्त्र भएर हिड्न नपाउने हुँदा पनि प्राय महिला पुरुष  विवाह हुने वित्तिकै बच्चा नचाहेको पाईयो । जसका लागि परिवार नियोजनका साधनको महत्वपूर्ण भूमिका रहेको पाईयो । एक त प्रकृतिले नै महिलालाई नौ महिना सम्म बच्चा पेटमा बोक्नुपर्ने र स्तनपान गराउनुपर्ने  भएकोले पनि एउटा जिम्मेवार भूमिका निर्वाह गर्नुपर्न बनाएको पाईयो जसले गर्दा पढाई, जागिर तथा पेशा व्यवसाय त्याग्नुपर्ने अवस्था सिर्जना भएको । श्रीमानको चाहना पनि विवाह भएपछि श्रीमतीका साथमा केही वर्ष घुम्ने, रमाउने र मात्र पिता बन्न चाहने सपना बोकेको पाईयो । यि सम्पूर्ण सपना परिवार नियोजनका साधनले सम्भव बनाइदिएको पाईयो । परिवार नियोजनका साधनको राम्रा नराम्रा दुवै पक्ष रहेका भए तापनि राम्रा पक्षहरू धेरै रहेका पाईयो ।

नारी वादी सिद्धान्तलाई उजागर गर्ने विभिन्न सिद्धान्तमध्ये मार्क्सवादी नारीवादले Reproduction का पक्षमा एउटी नारीले आफ्नो शरीरको निर्णय एवम् नियन्त्रण गर्ने अधिकार नभएको पाईयो । कहिले कति बच्चा जन्माउने कुन साधन प्रयोग गर्ने वा प्रयोग गर्नेकी नगर्ने भन्ने निर्णय गर्ने अधिकार महिलामा नरहेको र पुरुष तथा घरपरिवारको चाहना अनुसार आफूलाई बच्चा उत्पादन गर्ने र यौन सम्बन्ध राख्ने मेसिन बन्न बाध्य भएको भेटियो ।

मार्क्सवादी नारीवाद अनुसार नारीहरूबाट पुँजीवादले फाइदा लिएको पाईयो । पुरुषहरू आर्थिक क्रियाकलापमा संग्लन भएको पाईयो, तर महिलाहरू भने अनुत्पादक भनि घोषित कार्यमा सरिक भएको पाईयो धन सम्पती माथि व्यक्तिगत स्वामित्व नै महिला र पुरुष विभेदको मुल कारण हो भन्ने sylval wallby  अवधारण यसमा मेल खान गएको भेटियो ।

महिला शिक्षित भएमा पुरुषहरूले महिलामाथि आफ्नो निर्णय थोपार्न नसक्ने र महिलाले पनि आफ्नो सुविधा अनुसार निर्णय लिन सक्ने क्षमता राख्दा रहेछन् भन्ने कुरा पाईयो।

समाज, संस्कृति, आर्थिक, शिक्षा, मनोविज्ञान जस्ता ५ वटा कारक तत्वले महिलाको परिवार नियोजनका साधनको प्रयोगमा निर्णयात्मक भूमीका निर्वाह गर्नको लागि असर पारेको देखियोम ।

## ७.४ सुझाव

नेपालका महिलाको परिपेक्षमा पुरुषको तुलनामा महिला शिक्षा, आर्थिक स्थिति आदिमा कमजोर तथा पिछडिएका छन् । जहाँ उनीहरूमा निर्णय गर्ने क्षमतामा कमि भएको महसुस गरेका हुन्छन् । यस सँगै सम्बन्धित विषयमा अध्ययन गर्न चाहने अध्ययन कर्ता तथा परिवार नियोजन संघ तथा त्यो सँग सम्बन्धित विभिन्न स्वदेशी विदेशी संस्थाहरूलाई म यसप्रकारका सुझावहरू  दिन चाहन्छु ।

- हरेक टोल वडा र हरेक क्षेत्रमा रहेका महिलालाई मात्र नभएर महिला पुरुष दुवैजनालाई परिवार नियोजन सम्बन्धी ज्ञान दिनु आवश्यक छ ।
- हरेक टोलटोलमा परिवार नियोजनका साधन सर्व सुलभ उपलब्धता हुनुको साथै निःशुल्क वितरण हुने कुराको जानकारी दिनुपर्दछ । चतेनाको कमिले गर्दा घरपरिवारबाट धेरै बच्चा जन्माउन दवाव दिनुहुँदैन भन्ने कुरा प्रष्ट्याइदिनु आवश्यक छ ।
- देशले सञ्चालन गर्ने विभिन्न नाराका साथमा दिइएका सुविधाहरू र चेतनाहरू सम्बन्धित समस्याग्रस्त व्यक्ति सम्म पुऱ्याउनुपर्दछ ।
- महिला र पुरुषमा हुने गरेको लैङ्गिक भेदभाव हटाउन आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अर्याल, सुमनराज (२०६८), राष्ट्रिय जनगणना संक्षिप्त नतिजा, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सचिवालय

आचार्य, बलराम (२०६२), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर ।

आर्थिक सर्वेक्षण आ.व.२०७१/०७२, नेपाल केन्द्रिय तथ्यांक विभाग नेपाल

आर्थिक सर्वेक्षण आ.व. २०६४/०६५, नेपाल केन्द्रिय तथ्यांक विभाग नेपाल ।

आर.ए. ह्याचर (१९९७), *कन्ट्रासेप्टिक टेक्नोलोजी एण्ड अवारनेस् ।*

क्याम्रोन, म्यारी एम (१९९८), अन द एड्ज अफ  द अस्पिसियस जेन्डर एण्ड कास्ट इन नेपाल, युनिभर्सिटी अफ इलोन्स प्रेस ।

जेरी एण्ड जेरी (२०००), *कोलिन्स डिक्सनरी अफ सोसियोलोजी,* ग्लासगो हार्रपर कोलिन पब्लिसर्स ।

तुलाधर, एच, मरहट्ठा, आर (२००८), *अवारनेस एण्ड प्राक्टिस अफ फेमिली प्लानिङ्ग,* नेपाल मेडिकल कलेज, टिचिङ्ग हस्पिटल ।

टंङ, आर (१९८९), *फेमिनिष्ट थट : अ कम्प्रिहेन्सिप इन्ट्रडक्सन,* वेस्ट भ्यू प्रेस ।

डेविड लुक्स, पओल , मेयर (१९९७), *विगनिङ्ग पपुलेसन स्टडिज,* अष्ट्रेलियन नेशनल युनिभर्सिटी ।

नेपाली, होमबहादुर (२०१७), *च्यालेन्ज एण्ड अपरच्यूनिटी अफ पोष्ट ग्रेजुयट मदरर्स स्टुडेण्ट एट पृथ्वीनारायण क्याम्पस,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

नेपाल परिवार नियोजन संघ, अध्यक्ष (२०१५), अफिसियल वेवसाइट अफ द फेमिली प्लानिङ्ग एसोसियसन अफ नेपाल ।

पराजुली (२००७), *जेण्डर सिचोएसन अफ फेमिली प्लानिङ्ग एण्ड सोसियोलोजिकल स्टडी अफ कोदी भिलेज, कास्की,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

पोट्स, म्यालकम एण्ड कम्बेल, मारथा (२००९), हिस्ट्री अफ कन्ट्रासेप्सन, वर्क्ली, ३१४, वारेन हल, वर्क्ली, क्यालीफोर्निया, यू.एस.ए. ।

भण्डारी, एन, श्रेष्ठ, जि.के., ठकुरी, पि.सी. (२०१३), *स्टडी अफ फ्याक्टर ऐफेक्टीङ्ग कन्ट्रासेफ्सिभ यूज्न एमोङ्ग म्यारिड वमेन अफ रिप्रोडक्टीभ एज, जर्नल अफ कलेज अफि मडिकल सायन्स, काठमाडौं युर्निभरसिटी, काडमाडौं नेपाल)*

भासिन, कमला (२०००), *अण्डरस्ट्यान्डिङ्ग जेण्डर,* कालि फर वेमन, न्यू दिल्ली ।

मार्किन, एच. (१९८४), *द प्यासिव फिमेल : द थेउरी अफ पेट्रिआरकी ।*

रिजाल, पुष्करराज (१९७७), *इन्टीग्रेसन अफ वमन इन डेभलपमेन्ट* : द केश अफ नेपाल ।

रजनी (२०१२), *प्राक्टिस अफ सेफ मदर हुड एमोड, वमन इन ब्राम्हिन कम्युनिटी अफ काहुँ भि.डि.सी. अफ कास्की डिष्ट्रिक,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

रिट्जर, जर्ज (२००१), सोसियोलोजिकल थेउरी, न्यूयोर्कः एम.सी. ग्रा हिल ।

लेनि, वेननेट (१९८३), डेन्जरस वाइप्स एण्ड सेक्रीड सिस्टर्स, कोलम्बिया युनिर्भसिटी प्रेस, न्यूयोर्क ।

*लिन्दा, जे. वेकम्यान (१९७८), कपल डिसिजन मेकिङ्ग प्रोसेस रिगार्डिङ्ग फर्टिलिटी,* न्यू योर्क, एकेडेमिक प्रेस ।

हर्लम्बस, एम (२००२), *सोसियोलोजी*- थिम्स एण्ड प्रोस्पेक्टीभ, न्यू डिल्ली, अक्सफोर्ड यूनिर्भसिटी प्रेस ।

होम्स्ट्रोम, एन (२००२), *द सोसियोलिष्ट फेमिनिष्ट प्रोजेक्ट : अ कन्टेम्पोरी रिडर इन थ्योरी एण्ड पोलिटिक्स,* न्यूयोर्कः मन्थली रिभ्यू प्रेस ।

हाम्रो वडा नं. १५ (२०७३), टोल विकास संस्था वडा समन्वय समिति, वडा नं. १५, पोखरा अपसेट प्रेस, भिमसेनटोल पोखरा ।

*हुसेन, एन. (२०११). डेमोग्राफिक, सोसियो एण्ड कल्चर फ्याक्टर्स एफेक्टीङ्ग नलेड्ज एण्ड यूज अफ कन्ट्रासेप्सन डिफरेनसियल इन माल्दा डिस्ट्रिक्ट वेस्ट वेङ्गाल, जे कम्यूनिटी, एमएड् हेल्थ एजुकेशन ।*

शिवहरि अर्याल (२०६९), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौं : लुम्बिनी प्रकाशन ।

सेलवे, वेल्वी (१९९०), *थेउराइजिङ्ग पेट्रीआरकी,* यू.एस.ए.: काउली रोड अक्फोर्ड पब्लिकेशन ।

# अनुसूची १

पो.ले.म.न.पा.-१५ का विवाहित महिलाहरूको (उमेर १५-४९) परिवार नियोजनका साधन प्रयोगमा महिलाको भूमिकामा असर पार्ने तत्वहरू, समस्या र चुनौतिका बारेमा वैयक्तिक अध्ययनका लागि तयार पारिएका प्रश्नहरू :

**वैयक्तिक विवरण**

नाम :

ठेगानाः

उमेर :

पेशा :

परिवार सङ्ख्या :

सन्तान :

१. तपाईको घरपरिवार तथा माइतीको अवस्था के कस्तो छ ?

२. तपाईको शैक्षिक योग्यता कति छ ?

३. तपाईलाई परिवार नियोजनका साधनको बारेमा थाहा छ ?

४. तपाईले परिवार नियोजनका साधनको बारेमा कहाँबाट जानकारी प्राप्त गर्नुभयो ?

५. तपाईको परिवार नियोजन प्रतिको धारणा कस्तो छ ?

६. तपाईको श्रीमान र परिवारको परिवार नियोजनका साधनको बारेमा कस्तो धारणा रहेको छ ?

७. तपाईले परिवार नियोजनका साधन प्रयोग गर्नुभएको छ ?

८. कुनै साधन प्रयोग गर्नुभएको छ ?

९. परिवार नियोजनको साधन प्रयोग गर्ने निर्णय कसले लिने गरेको छ ?

१०. तपाईले परिवारनियोजका साधन प्रयोग गर्दा के कस्ता समस्या आउने गरेका छन् ?

११. परिवार नियोजनको साधन कहिले देखि प्रयोग गर्न थाल्नु भएको हो ?

१२. परिवार नियोजनका साधन जन्मस्तरका लागि कि सन्तानको रहर पुगेर गर्नुभएको छ ?

१३. परिवार नियोजनका साधनको प्रयोग गर्दा घरपरिवार तथा श्रीमानको सपोर्ट प्राप्त गर्नुभएको छ कि छैन ?

१४. तपाईको वैवाहिक सम्बन्ध कस्तो रहेको छ ?

१५. परिवार नियोजनको साधन प्रयोगले के कस्ता फाइदा बेफाइदा हुने गरेका छन् ?

१६. परिवार नियोजनका साधन प्रयोग गर्दा के कस्ता समस्या र चुनौतीहरु देखा परेका छन् ?

१७. परिवार नियोजनका साधनको बारेमा साथी संगीसँग छलफल हुने गर्दछकी गर्दैन ?

१८. श्रीमानसँग परिवार नियोजनको बारेमा विचार साटासाट गर्नु हुन्छ कि हुँदैन ?

**सहयोगको लागि धन्यवाद !**

# अध्ययन क्षेत्रको नक्सांकन

